Economic National Daily
आर्थिक
राष्ट्रिय दैनिक
Aarthik Dainik Pvt.Ltd.



◆ वर्ष १७ ◆ अङ्क ५००५ ◆ २०८३ भदौ १६ गते मंगलबार ◆ ने.सं. ११४६ ◆ पृष्ठ ८ ◆ Tuesday, September 01, 2026 ◆ मूल्य रु. ५/- ◆ Web: www.aarthikdainik.com

प्रदेश सरकारको बजेटमा नुवाकोटमा पाँचवटा तुइन

स्थानीय तह र निर्माण व्यवसायीको सहयोग र सक्रियता

■ आर्थिक संवाददाता
नुवाकोट, भदौ १५

हिमपहिरो खस्दा ताल फुटेर गत बुधबार बिहान भोटेकोशी (त्रिशूली) नदीमा आएको बाढीले रसुवा र नुवाकोटको मुख्य बजार, पुल र सडक सञ्जाल क्षतविक्षत बनायो । हजारौं नागरिक बेपत्ता छन् । राज्यले बेपत्ताको वास्तविक तथ्यांक समेत निकाल्न सकेको छैन ।

बाढीपछि संघ सरकार प्रदेश र स्थानीय तहसँग समन्वय नगरी सबैतिर एकद्वार नीति लिएर खोज तथा उद्धार र राहत कार्यमा लागेको बेला प्रदेश सरकारले भने सबै क्षेत्रलाई भौतिक रूपमा जोड्ने प्रयास स्वरूप तुइन निर्माण थालेको छ । प्रदेश सरकारको प्रयासले नागरिकलाई आवतजावत र सामान ओसारपसारमा ठूलो सहयोग पुऱ्याएको छ ।

तीव्र गतिको बाढीका कारण बजार तथा बस्तीको साथै सडक/पुल बगाउँदा नुवाकोट र रसुवाका गाउँहरु भदौ १० गते बुधबारदेखि एक-अर्कामा सम्पर्क स्थापित हुन नसकिरहेको बेला बागमती प्रदेश सरकारले त्रिशूली नदीको पूर्व र पश्चिमलाई जोड्ने अभियानअन्तर्गत आफ्नै बजेटबाट तुइन खरिद गर्दै निर्माण सुरु





गरेपछि प्रदेश सरकार सक्रिय छ भन्ने आभाष हुन थालेको छ ।

सोमबार बागमती प्रदेश सरकारअन्तर्गतको पूर्वाधार विकास कार्यालय नुवाकोटले विदुर नगरपालिका-१ को त्रिशूली नदीपूर्वको फूलबारी गेटको इन्द्रायणी ग्याबिन फ्यावट्रीबाट सोही वडाको त्रिशूली बजारको उत्तरतर्फको गुम्बा नजिकै तुइन जोडेको छ । यसले बाढीबाट तहसनहस भएको नुवाकोटकै सबैभन्दा पुरानो बजार त्रिशूली बजार र नदी पश्चिमको क्षेत्रलाई विदुरसँग सम्पर्क स्थापना गर्नुको साथै जिल्ला अस्पताललाई समेत जिल्लाका अन्य भागसँग सम्पर्क गराइदिएको छ ।

केही दिनअगाडि नुवाकोटको विदुरबाट नुवाकोट दरबार चोगत रसुवाको नौकुण्ड गाउँपालिकाको सरमथली हुँदै वेत्रावती नजिकको जिरोकिलो भन्ने ठाउँबाट रसुवा सदरमुकाम धुन्चे मोटरबाटो सञ्चालनमा नेतृत्वदायी भूमिका खेलेको प्रदेश सरकारले सोमबारबाट तुइनसमेत जडान गर्न थालेपछि स्थानीय तह र प्रदेश सरकारबीच समन्वयमा काम गर्ने वातावरण बनेको छ ।

सोमबार तुइन जडान कार्यमा विदुर नगरपालिकाका प्रमुख राजन श्रेष्ठलगायतका जनप्रतिनिधि, नुवाकोट निर्माण व्यवसायी संघका अध्यक्ष शैलेन्द्रराज प्याकुरेल, बागमती प्रदेशका पूर्वमुख्यमन्त्री बहादुरसिंह लामा तामाङको सक्रियता थियो । व्यवसायी सुशिल प्रसाद फुयालका अनुसार सडक, पुल, तुइनजस्ता पूर्वाधार निर्माणमा निर्माण व्यवसायीहरुले कुनै कन्जुस्याईं नगरी दुःखमा सरकारको काममा सहयोग गरेका छन् ।

पूर्वाधार विकास कार्यालय नुवाकोटका प्रमुख सुजन थापाका अनुसार सोमबार एउटा तुइन जडान गरिएको छ भने मंगलबार त्रिशूली नदीमाथि नै विदुर नगरपालिका वडा नं. ५ को देवीघाट बजारलाई सोही नगरपालिकाको वडा नं. ३ को फिर्कैप (देवीघाट)सँग जोड्न अर्को तुइन जडान गरिनेछ । तुइन जडान कार्यमा नेपाली सेनाले पूर्ण रूपमा सहयोग गरेको छ । अन्य तीन स्थानमा भने

➤ बाँकी पृष्ठ २ मा

निगममा सामान दिनेलाई नै निगम सञ्चालक समितिको 'सदस्य उपहार'

■ आर्थिक संवाददाता
काठमाडौं, भदौ १५

भ्रष्टाचार र शुसासनको नारा दिएर रास्वपा बरिष्ठ नेता बालेन्द्र शाहको नेतृत्वमा बनेको सरकारका संस्कृति पर्यटन तथा नागरिक उडयन मन्त्री गणेश पौडेलले स्वार्थ बाझिने गरी सञ्चालक समितिमा एक व्यक्तिलाई नियुक्ति दिएको खुलेको छ ।

मन्त्री पौडेलले राष्ट्रिय ध्वजाबाहक नेपाल वायु सेवा निगममा साझात मल्टिपर्पोज कम्पनी प्राइभेट लिमिटेड डमार्फत विगतमा व्यापारिक आपूर्ति गर्दै आएका मोरङको कानेपोखरी गाउँपालिका-३ का उपेन्द्रबहादुर कार्कीलाई निगमकै संचालक समितिको सदस्यमा नियुक्त गरेको थाहा भएको छ ।



प्राप्त कागजात तथा विवरण अनुसार सञ्चालक समितिमा सदस्यका रुपमा नियुक्त भएका उपेन्द्रबहादुर कार्की यसअघि निगमसँग व्यापारिक ठेक्का लिएर कारोबार गर्ने फर्मका मुख्य सञ्चालक हुन् । वायुसेवा निगमको ठेक्का प्रक्रियामा सहभागी भई लाखौंको व्यापारिक कारोबार गर्दै आएका कार्कीलाई बोर्ड सदस्यमा नियुक्ति गरी मन्त्री पौडेलले निगमभित्रको चरम स्वार्थको द्वन्द्वमित्र शुसासन कायम गर्नुको सटटा उल्टै स्वार्थ बाझिने गरी नियुक्ति गरेका हुन् ।

प्राप्त प्रमाणअनुसार २०७५ साल माघ ९ गते दर्ता भएको कार्कीको कम्पनीले आर्थिक वर्ष २०७९/८० मा निगमको अन्तर्राष्ट्रिय उडानका लागि आवश्यक पर्ने 'कागजको कप' आपूर्ति गर्ने ठेक्का प्राप्त गरेको थियो ।

मिति २०७९/०७/०२ मा निगम र उक्त कम्पनीबीच भएको करारनामामा निगमको तर्फबाट तत्कालीन उप-निर्देशक प्रतिभा शर्मा र आपूर्तिकर्ताको तर्फबाट कार्कीले हस्ताक्षर गरेका थिए ।

६८ लाख २२ हजार चार सय रूपैयाँबराबरको उक्त ठेक्का सम्झौताअनुसार २०८० असार मसान्तसम्म उक्त कम्पनीले निगमलाई कागजी कपहरु आपूर्ति गरेको थियो भने आर्थिक वर्ष २०८०/०८१ मा पनि निगमको बोलपत्र प्रक्रियामा सहभागिता भएको निगमको खरिद शाखाको अभिलेखमा उल्लेख छ ।

'उद्धार कोषमा रकम सहयोग गर्दा सावधानी अपनाउनु'

काठमाडौं, भदौ १५ । नेपाल राष्ट्र बैंकले प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा रकम जम्मा गर्ने नाममा नक्कली क्यूआर कोड तथा नक्कली बैंक खाता विवरण प्रयोग गरी रकम संकलन तथा ठगी भइरहेको भन्दै सावधानी अपनाउन आग्रह गरेको छ । राष्ट्र बैंकको भुक्तानी प्रणाली विभागले सूचना जारी गर्दै विपदको यस घडीमा उद्धार कोषमा योगदान गर्नुअघि रकम पठाउने माध्यम र खाताको विवरण राम्रोसँग यकिन गर्न आग्रह गरेको हो ।

कोषको नाममा अनधिकृत रूपमा रकम संकलन तथा ठगी भइरहेका घटना सार्वजनिक भएकाले सर्वसाधारणलाई सचेत गराउन सूचना जारी गरिएको राष्ट्र बैंकले जानकारी दिएको छ । राष्ट्र बैंकका अनुसार मोबाइल बैंकिङ, वालेट, कनेक्ट आईपीएस वा अन्य कुनै पनि विद्युतीय माध्यमबाट रकम ट्रान्सफर गर्दा खाताको नाम अनिवार्य रूपमा यकिन गर्नुपर्नेछ । रकम

➤ बाँकी पृष्ठ २ मा

इ-पेपर हेर्नको लागि

रसुवाको स्याफ्रुबँसी र टिमुरे क्षेत्रमा अझै पुग्न सकेन राहत

कतै दशौंतिहारजस्तै कतै झोकझोकै

विदुर । संघ सरकारले एकद्वार नीतिमार्फत स्थानीय तह र प्रदेशसँग समन्वय नगरी राहत वितरण गर्दा रसुवाको उत्तरी क्षेत्रको साथै नुवाकोटकै पनि वास्तविक बाढी प्रभावित क्षेत्रमा राहत पुगेको छैन ।

रेडक्रस र नेपाली सेनाको ब्यारेकमा खाद्यान्न, लगाउने लुगा र ओढ्ने तथा ओछ्याउने कपडा थुप्रिँदा नुवाकोटको देवीघाटबाहेक अन्य बाढी प्रभावित क्षेत्रमा पीडितहरुले राहत नै पाउन सकेका छैनन् । देवीघाट र डुंगेको सिधै काठमाडौंसँग सम्पर्क रहेको कारण राहतमा खासै समस्या छैन ।

सरकारको कडाइको कारण राहत ल्याउनेहरु विदुर र बट्टारबाहेक अन्य क्षेत्रमा जान पाएका छैनन् । प्रमुख जिल्ला अधिकारीको आदेश मानेर दाताहरुले पनि बट्टार र विदुरमा राहत सामग्री बुझाएर फर्केका कतै दशैंतिहारजस्तो त कतै चरम खाद्य अभाव भएको छ । बेत्रावतीकै पीडितहरुले खान लगाउन नपाएको गुनासो गरिरहेका छन् भने त्रिशूली नदी पश्चिमको नुवाकोट र रसुवाकै अन्य गाउँमा समेत हाहाकार मच्चिएको छ । तर, सरकार भने हराएकाहरुको खोजी नसकिएसम्म अन्य काममा प्राथमिकता दिन नसकिने भन्दै गैरजिम्मेवार बन्न थालेको छ ।

सरकारले दिनहुँ दर्जनौ पटक हेलिकोप्टर उडाइए पनि बाढीबाट अति प्रभावित रसुवाका स्याफ्रुबँसी, टिमुरे, रसुवागढी क्षेत्रमा अझै पनि पर्याप्त राहत सामग्री पठाउन सकेको छैन । बाढीले यातायात अवरोध भएको कारण स्याफ्रुबँसीको र टिमुरेको माथिल्लो भेगमा पनि खाद्यान्न अभाव सुरु हुन लागेको छ ।

रसुवाको पूर्ण रूपमा ध्वत भएको र धेरै मानिस बेपत्ता भएको क्षेत्र पनि स्याफ्रुबँसी, टिमुरे र रसुवागढी क्षेत्र हो । यहाँ कुनै पनि पसल छैन । किनेर खानका लागि सदरमुकाम धुन्चेबाट सामान पनि जान सकेको छैन । भरपर्दो सडक यातायात नभएको कारण धुन्चेमा समेत खाद्यान्नलगायत दैनिक उपभोग्य वस्तु नुवाकोटबाट प्रवेश गर्न सकेको छैन । प्रदेश सरकारले नुवाकोटबाट चोकदे हुँदै नौकुण्ड गाउँपालिकाबाट सडक सञ्चालन गरे पनि कच्ची भएको कारण भारी बोकेका सवारी साधन पर्याप्त मात्रामा जान पाएका छैनन् ।

धुन्चेसम्म साना गाडीमा नुवाकोटबाट दैनिक उपभोग्य

➤ बाँकी पृष्ठ २ मा

जलविद्युत् आयोजनामा खोज तथा उद्धार जारी

काठमाडौं, भदौ १५ । सरकारले रसुवा बाढीका कारण प्रभावित जलविद्युत् आयोजनामा खोज तथा उद्धार जारी राखेको जनाएको छ । नेपाली सेनाले ती आयोजनामा विभिन्न देशका विज्ञ टोलीसहित खोज तथा उद्धार गरिरहेको हो । नेपाली सेनाले दिएको जानकारीअनुसार विभिन्न जलविद्युत् आयोजनाबाट हालसम्म २७९ जनाको उद्धार गरिसकेको छ ।

नेपाली सेनाको टोलीले रसुवागढी जलविद्युत् आयोजनाबाट दुई जनाको उद्धार गरेको छ । उक्त आयोजनामा चिनियाँ र नेपाली सेनाको संयुक्त टोलीले सुरुङको मित्री भागसम्म खोजी गरेको थियो । सेनाका अनुसार रसुवाको लाङटाङ खोला र चिलिमे जलविद्युत् आयोजनाका लागि नेपाली सेनासँगै भारतीय उद्धार टोली

➤ बाँकी पृष्ठ २ मा

दबाबमा वाणिज्य बैंकहरू

■ सुरेश राउत
काठमाडौं, भदौ १५

निष्क्रिय कर्जाको अनुपात बढ्दा वाणिज्य बैंकहरु दबाबमा देखिएका छन् । बैंकहरुले सार्वजनिक गरेको आर्थिक वर्ष २०८२/०८३ अपरिष्कृत वित्तीय विवरणअनुसार २० वाणिज्य बैंकको औसत निष्क्रिय कर्जा अघिल्लो आर्थिक वर्षको तुलनामा बढेर तीन दशमलव ४१ प्रतिशत पुगेको छ । आव २०८१/०८२ मा यस्तो निष्क्रिय कर्जा औसतमा दुई दशमलव ९८ प्रतिशत रहेको थियो ।

अपरिष्कृत वित्तीय विवरणअनुसार एक वर्षको अवधिमा २० मध्ये १३ बैंकको निष्क्रिय कर्जा बढेको छ भने सातवटा बैंकको निष्क्रिय कर्जाका सुधार आएको छ । जसमध्ये प्रमु बैंकको निष्क्रिय कर्जा उच्चस्तमा बढेको छ । बैंकको निष्क्रिय कर्जा आव २०८१/०८२ को एक दशमलव ७६ प्रतिशतबाट बढेर आव २०८२/०८३ मा छ दशमलव २१ प्रतिशत पुगेको छ । अर्थात् एक वर्षमा चार दशमलव ४५ प्रतिशतले निष्क्रिय कर्जा बढेको छ । त्यसैगरी कुमारी बैंकको निष्क्रिय कर्जा पनि शून्य दशमलव ७४ प्रतिशतबाट बढेर एक दशमलव ९४ प्रतिशत पुगेको छ ।

कुमारी बैंकमा एक दशमलव २० प्रतिशत निष्क्रिय कर्जा बढेको छ । सिटिजन्स बैंक इन्टरनेसनलको निष्क्रिय कर्जा पनि चार दशमलव ८९ प्रतिशतबाट बढेर पाँच दशमलव ८८ प्रतिशत, सिद्धार्थ बैंकको दुई दशमलव ६२ प्रतिशतबाट तीन दशमलव ५३ प्रतिशत र लक्ष्मी सनराइज बैंकको चार दशमलव ३५ प्रतिशतबाट पाँच २३ प्रतिशत पुगेको छ ।

प्राइम कमर्सियल बैंकमा पनि निष्क्रिय कर्जा बढेको छ । बैंकको निष्क्रिय कर्जा पाँच दशमलव ८१ प्रतिशतबाट बढेर छ दशमलव ६९ प्रतिशत पुगेको छ । यसैगरी एनएमबी बैंकको चार दशमलव ११ प्रतिशतबाट चार दशमलव ९१ प्रतिशत र कृषि विकास बैंकको तीन दशमलव ४४ प्रतिशतबाट चार दशमलव शून्य सात प्रतिशत पुगेको छ । अपरिष्कृत वित्तीय विवरणअनुसार वाणिज्य बैंकमध्ये हिमालयन बैंकको निष्क्रिय कर्जा सबैभन्दा उच्च सात दशमलव ९६ प्रतिशत रहेको छ । यद्यपि अघिल्लो वर्षको सात दशमलव ९७ प्रतिशतको तुलनामा पछिल्लो अवधिमा थोरै घटेको देखिएको छ । हिमालयन बैंकपछि प्राइम कमर्सियल बैंकको छ दशमलव ६९ प्रतिशत, प्रभु बैंकको छ दशमलव २१ प्रतिशत, सिटिजन्स बैंकको पाँच दशमलव ८८ प्रतिशत र लक्ष्मी सनराइज बैंकको पाँच दशमलव २३ प्रतिशत निष्क्रिय कर्जा रहेको छ । यसैगरी एनएमबी बैंकको चार दशमलव ९१ प्रतिशत, नेपाल बैंकको चार दशमलव १८ प्रतिशत, कृषि विकास बैंकको चार दशमलव शून्य सात प्रतिशत, माछापुच्छे बैंकको तीन दशमलव ९८ प्रतिशत र राष्ट्रिय वाणिज्य बैंकको तीन दशमलव ९५ प्रतिशत निष्क्रिय कर्जा देखिएको छ ।

निष्क्रिय कर्जा घटाउने बैंकमध्ये एनआईसी एसिया बैंक पहिलो स्थानमा परेको छ । अघिल्लो आर्थिक वर्षमा एक दशमलव ९७ प्रतिशत रहेको बैंकको निष्क्रिय कर्जा घटेर आव २०८२/०८३ मा शून्य दशमलव ५७ प्रतिशतमा झरेको छ । त्यसैगरी ग्लोबल आईएमई बैंकको निष्क्रिय कर्जा एक दशमलव २२ प्रतिशतबाट घटेर शून्य दशमलव ५९ प्रतिशत पुगेको छ । नेपाल

➤ बाँकी पृष्ठ २ मा

वाणिज्य बैंकहरुमा आर्थिक वर्ष आव २०८२/०८३ मा कायम रहेको निष्क्रिय कर्जा (प्रतिशतमा)

क्रसं	बैंकको नाम	आव २०८२/०८३	आव २०८१/०८२
१	स्टान्डर्ड चार्टर्ड बैंक	२.०३	१.४१
२	एनआईसी एसिया बैंक	०.५७	१.९७
३	नेपाल इन्भेष्टमेन्ट मेगा बैंक	१.५६	१.०९
४	नेपाल बैंक	४.१८	४.५६
५	लक्ष्मी सनराइज बैंक	५.२३	४.३५
६	प्रभु बैंक	६.२१	१.७६
७	प्राइम कमर्सियल बैंक	६.६९	५.८१
८	माछापुच्छे बैंक	३.९८	३.९६
९	हिमालयन बैंक	७.९६	७.९७
१०	सिटिजन्स बैंक इन्टरनेसनल	५.८८	४.८९
११	राष्ट्रिय वाणिज्य बैंक	३.९५	३.७९
१२	नेपाल एसबिआई बैंक	२.९२	३.३५
१३	कुमारी बैंक	१.९४	०.७४
१४	नबिल बैंक	०.५८	०.९५
१५	कृषि विकास बैंक	४.०७	३.४४
१६	ग्लोबल आईएमई बैंक	०.५९	१.२२
१७	एभरेष्ट बैंक	०.४९	०.३८
१८	सिद्धार्थ बैंक	३.५३	२.६२
१९	एनएमबी बैंक	४.९१	४.११
२०	सानिमा बैंक	१.०२	१.२०

(स्रोतः सम्बन्धित बैंकले प्रकाशन गरेको आव २०८२/०८३ को अपरिष्कृत वित्तीय विवरण)

प्रदेश...

तुइन जोड्न ड्रोनबाट सर्भे जारी छ । प्रमुख थापाका अनुसार सिमचौर-गौरीबेसी, भैसे-तुप्चे र बेत्रावती-सोलेमा पनि त्रिशूली नदीमाथि तुइन जडान गरिनेछ । उक्त जडानको कार्य केही दिनमै पूरा हुनेछ ।

सोमबार इन्द्रायणी ग्याबिन फ्याक्टीबाट जडान गरिएको पुलको मूल्य १५ लाख रूपैयाँ परेको छ । तुइनको मूल्य लम्बाइअनुसार पर्ने भएकाले अन्य ठाउँमा मंगलबारदेखि जडान गरिने तुइनको मूल्य फरक-फरक हुन सक्छ । थापाका अनुसार तुइनबाट एक पटकमा दुई जना व्यक्ति आवतजावत गर्न मिल्छ भने एक सय ५० केजी सामान ओसार-पसार गर्न मिल्छ । दिनभर चलायमान मिल्ने र कुनै अतिरिक्त ऊर्जा शक्ति प्रयोग गर्न नपर्ने भएकाले यसलाई तत्काल किफायती सवारीसाधनको रूपमा लिइएको छ ।

अहिले बाढी आएपछि संघ सरकारले प्रदेश र स्थानीय तहसँग अधिकांश विषयमा समन्वय नै गरेको छैन । संघमा राष्ट्रिय स्वतन्त्र पार्टी नेतृत्वमा सरकार गठन भए पनि प्रदेश र स्थानीय तहमा उनीहरूको संख्या शून्य छ । त्यही कारण राहत वितरणमा समेत संघ सरकारले स्थानीय तह र प्रदेश सरकारलाई आफ्नो साथमा लिएको छैन । देवीघाटमा मंगलबार जडान गरिने तुइनले फिर्कैपलगायत तारकेश्वर गाउँपालिकालाई सिधै जिल्ला सदरमुकाम विदुरसँग जोड्नेछ । सम्पर्क नै विच्छेद भएपछि बिरामीले समेत उपचार पाउन सकेका थिएनन् । यद्यपि फिर्कैपबाट त्रिशूली अस्पताल जाने सडक मार्ग भने आइतबारदेखि खुलेको छ । उक्त कच्ची सडकमा गल्छीदेखि नै साना सवारीसाधन आउन सक्छ ।

उद्धार...

पठाउनुअघि आफूले योगदान गर्न चाहेको रकम सही स्थमा प्रविष्टि भएको छ वा छैन भन्ने पनि पुनः जाँच गर्न राष्ट्र बैंकले आग्रह गरेको छ । त्यस्तै, उद्धार कोषमा रकम पठाउनका लागि बैंक खाता विवरण लिँदा राष्ट्र बैंकको वेबसाइट, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय वा अर्थ मन्त्रालयको वेबसाइटमा प्रकाशित आधिकारिक बैंक खाता विवरण मात्र प्रयोग गर्न भनिएको छ ।

सामाजिक सञ्जाल, इमेल तथा म्यासेजिङ एपलगायतका माध्यमबाट फैलाइएका अनधिकृत क्यूआर कोड स्क्यान नगर्न पनि राष्ट्र बैंकले सचेत गराएको छ । ठगी गर्नेहरूले विपद्को संवेदनशील अवस्थालाई अवसरका रूपमा प्रयोग गरी नक्कली क्यूआर वा बैंक खाता सार्वजनिक गर्न सक्ने भएकाले आधिकारिक स्रोतबाट प्राप्त विवरणमा मात्र विश्वास गर्न राष्ट्र बैंकको आग्रह छ । रकम पठाउने क्रममा सहयोग गर्ने बहानामा कसैले ओटीपी, पिन, पासवर्ड वा अन्य संवेदनशील व्यक्तिगत विवरण मागेमा त्यस्ता विवरण कुनै पनि व्यक्तिलाई नदिन राष्ट्र बैंकले स्पष्ट पारेको छ । रकम पठाउनका लागि आधिकारिक एप्लिकेसन तथा भुक्तानी प्रणालीको प्रयोग गर्न समेत राष्ट्र बैंकले आग्रह गरेको छ ।

मोबाइल बैंकिङबाटै कोषमा राहत रकम जम्मा गर्न सकिने

नेपाल राष्ट्र बैंकले प्रधानमन्त्री राहत कोषमा मोबाइल बैंकिङ प्रणालीमार्फत सहज रूपमा रकम जम्मा गर्न सकिने व्यवस्था गर्न बैंक तथा वित्तीय संस्थालाई निर्देशन दिएको छ ।

राष्ट्र बैंकले सोमबार वाणिज्य बैंक, बिकास बैंक र फाइनान्स कम्पनीहरूको नाममा परिपत्र जारी गर्दै मोबाइल बैंकिङ एपमार्फत प्रधानमन्त्री राहत कोषमा रकम जम्मा गर्न थप सहज विकल्पको व्यवस्था गर्न निर्देशन दिएको हो ।

राष्ट्र बैंकका अनुसार नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट विभिन्न बैंक तथा वित्तीय संस्थामा खोलिएका प्रधानमन्त्री राहत कोषका खातामा मोबाइल बैंकिङ एपमार्फत क्यूआर कोड स्क्यान गरेर वा अन्तरबैंक फण्ड ट्रान्सफरमार्फत रकम पठाउने व्यवस्था यसअघि नै रहेको छ । अब त्यसका अतिरिक्त मोबाइल बैंकिङ एपबाटै सोझै रकम प्रविष्ट गरी तोकिएको प्रधानमन्त्री राहत कोषको खातामा रकम रकमान्तर गर्न सकिने छुट्टै विकल्प समेत उपलब्ध गराउन राष्ट्र बैंकले बैंक तथा वित्तीय संस्थालाई निर्देशन दिएको हो ।

रसुवाको...

वस्तु लैजान सकिने अवस्था भए पनि स्याफ्रुबेंसीको पुल बगेको कारण भोटेकोशी नदी पश्चिम ती सामान तार्न सकिने अवस्था छैन । सरकारले बेलिब्रिज नुवाकोट त्यापर जड्ने काम नै सुरू गरेको छैन । सडकमा थुप्रिएको गेग्रान मात्र सफा गर्न थालेको छ ।

जलविद्युत्....

र केही नेपाली सहयोगीहरूले सोमबार बिहानदेखि सुरूङको मुख खोल्ने काम गरिरहेका छन् । नेपाली सेनाले मैलुङ खोला जलविद्युत् आयोजनाबाट नौ जनाको उद्धार भइसकेको जनाएको छ ।

माथिल्लो त्रिशूली-१ जलविद्युत् आयोजनाबाट २५४ जनाको उद्धार भइसकेको छ । उक्त आयोजनाको सुरूङमा खोला तथा उद्धारको प्रयास भइरहेको छ । उक्त आयोजनामा नेपाली सेनासँगै कोरियन र चिनियाँ टोलीले काम गरिरहेको सेनाको भनाइ छ । नुवाकोट माथिल्लो त्रिशूली-थ्री 'ए' को सुरूङमा नेपाली सेना, सशस्त्र प्रहरी बल र नेपाल प्रहरीको गरी ९० जनाको टोलीले खोज तथा उद्धारको प्रयास गरिरहेको छ । उक्त स्थानमा नेपाल विद्युत् प्राधिकरणको टोलीले पनि सहयोग गरिरहेको छ ।

माथिल्लो त्रिशूली-३ 'बी' जलविद्युत् आयोजना क्षेत्रबाट नेपाली सेनाले दुई जनाको उद्धार गरिसकेको छ । हाल उक्त आयोजनामा नेपाली सेनाका थप नौ जना परिचालन गरी कूल ३१ जनाले खोज तथा उद्धारको काम गरिरहेका छन् । यहाँ चिनियाँ उद्धार टोलीले रेकी गरेपछि नेपाली सेनाले खोज तथा उद्धारको प्रयास सुरू गरेको हो । नुवाकोटको त्रिशूली जलविद्युत् आयोजनाबाट तीन जनाको उद्धार भइसकेको छ । सौर्य आयोजनाबाट चार जनाको र देवीघाट जलविद्युत् आयोजनाबाट पाँच जनाको उद्धार भइसकेको नेपाली सेनाले जनाएको छ ।

दबाबमा....

एसबिआई बैंकको तीन दशमलव ३५ प्रतिशतबाट दुई दशमलव ९२ प्रतिशत र नबिल बैंकको भ्यरू दशमलव ९५ प्रतिशतबाट शून्य दशमलव ५८ प्रतिशतमा झरेको छ । नेपाल बैंकको निष्क्रिय कर्जा पनि चार दशमलव ५६ प्रतिशतबाट घटेर चार दशमलव ९८ प्रतिशत पुगेको छ ।

त्यस्तै सानिमा बैंकको एक दशमलव २० प्रतिशतबाट एक दशमलव शून्य दुई प्रतिशतमा झरेको छ । यसैगरी स्टान्डर्ड चार्टर्ड बैंकमा निष्क्रिय कर्जा एक दशमलव ४१ प्रतिशतबाट दुई दशमलव शून्य तीन प्रतिशत पुगेको छ भने एभरेष्ट बैंकमा शून्य दशमलव ३८ प्रतिशतबाट शून्य दशमलव ४९ प्रतिशत पुगेको छ । माछापुच्छे बैंकमा भने तीन दशमलव ९६ प्रतिशतबाट तीन दशमलव ९८ प्रतिशत पुग्दा निष्क्रिय कर्जा सामान्य रूपमा बढेको छ ।

अपरिष्कृत वित्तीय विवरणअनुसार पछिल्लो अवधिमा एभरेष्ट बैंकको निष्क्रिय कर्जा सबैभन्दा कम शून्य दशमलव ४९ प्रतिशत रहेको छ । त्यसपछि नबिल बैंकको शून्य दशमलव ५८ प्रतिशत, एनआईसी एसिया बैंकको शून्य दशमलव ५७ प्रतिशत र ग्लोबल आईएमई बैंकको शून्य दशमलव ५९ प्रतिशत रहेको छ ।

सेयरबजारमा पहिरो

काठमाडौं, भदौ १५ । सेयरबजारमा भीषण पहिरो गएको छ । साताको पहिलो कारोबार दिन नेप्से ४३ दशमलव ८९ अंकले ओरालो लागेर २५ सय १३ दशमलव ४२ विन्दुमा खुम्चिएको हो ।

यस दिन तीन सय ४७ सेयर ६८ हजार एक सय ३७ पटक कारोबार हुँदा कुल तीन अर्ब ६४ करोडको किनबेच भएको हो । सोमबार उत्पादनमूलक ७३ दशमलव ६४ अंकले बढे पनि बाँकी खुम्चिएका छन् ।

यस दिन कमाउने कम्पनीहरूको सूचीमा पहिलो स्थानमा उपकार लघुवित्त वित्तीय संस्था लिमिटेड परेकोमा गुमाउने कम्पनीहरूको सूचीमा पहिलो स्थानमा मैलुङ खोला जलविद्युत् कम्पनी लिमिटेड परेको छ । शिवम् सिमेन्ट लिमिटेड भने यस दिन सबैभन्दा बढी रकम कारोबार गर्ने कम्पनीहरूको सूचीमा पहिलो स्थानमा परेको छ ।

बाढी प्रभावित क्षेत्रका अधिकांश स्थानमा विद्युत् र सञ्चार सेवा पुनःस्थापना

काठमाडौँ, भदौ १५ । बाढी प्रभावित प्रभावित जिल्लामा अवरुद्ध भएको विद्युत् पुनःस्थापना भइसकेको ऊर्जा तथा जलस्रोत मन्त्रालयले जनाएको छ । मन्त्रालयका अनुसार बाढी प्रभावित रसुवाको कालिकास्थान, नौकुण्डको केही भाग गोसाइँकुण्ड गाउँपालिकाको वडा ५ र ६ का केही भाग गरेर सदरमुकाम धुन्चेसहित करिब ३० प्रतिशत घरधुरीमा विद्युत् पुगिसकेको छ ।

साथै आमाछोदिङ गाउँपालिकाका केही भागमा सान्जेन जलविद्युत् आयोजनाबाट छुट्टै प्रणालीमार्फत विद्युत् सञ्चालनको तयारी भइरहेको छ । जिल्लाका बाँकी भागमा घरायसी सोलारमार्फत विद्युत सेवाका लागि ५०० थान पोर्टेबल सोलार पठाइएको छ । नुवाकोट जिल्लाभर विद्युत् सेवा प्रभावित भएकामा हाल ८५ प्रतिशत क्षेत्रमा विद्युत् पुनःस्थापना भइसकेको छ । बाँकी ५५ प्रतिशत क्षेत्रमा आगामी पाँच दिनभित्र विद्युत् सेवा उपलब्ध गरी काम भइरहेको छ । विदुर नगरपालिकाको १, ३, ५, ६, १० र ११ का केही भाग स्थान, तारकेश्वर गाउँपालिकाको १, २, ३, ४, ५ र ६ का केही भाग बेलकोटगढी नगरपालिकाको ७ र ८ र किस्पाङ गाउँपालिका भर विद्युत् पुऱ्याउने काम भइरहेको छ ।

मन्त्रालयका अनुसार धादिङका पृथ्वीराजमार्गको दायाँबायाँको क्षेत्र (गजुरी, आदमघाट, मलेखु, जहरे, मौवाखोलासम्म) प्रभावित भएकामा आमदघाटको केही क्षेत्रबाहेक धादिङको सम्पूर्ण क्षेत्रमा ९८ प्रतिशत विद्युत् सेवा पुनःस्थापना भइसकेको छ । अबको दुई दिनमा सम्पूर्ण क्षेत्रमा विद्युत सेवा पुनःस्थापना हुने गरी काम भइरहेको छ । सूचना तथा सञ्चार मन्त्रालयका अनुसारसञ्चार सेवा पनि अधिकांश स्थानमा पूरा भइसकेको छ । नेपाल टेलिकमका ९२० बिटिएसमध्ये ११० वटा र एनसेलका ७८ मध्ये ७५ वटा टावरले सेवा प्रवाह सुरू गरिसकेका छन् ।

राष्ट्र बैंकले तान्यो २० अर्ब

काठमाडौं, भदौ १५ । नेपाल राष्ट्र बैंकले बैंकिङ प्रणालीबाट २० अर्ब रूपैयाँ खिचेको छ । अधिक तरलता नियन्त्रणका लागि सोमबार मौद्रिक उपकरण बिक्री गरेर उक्त परिमाणमा रकम खिचिएको हो ।

परिपक्व हुने अवधि ८६ दिन तोकिएको यो उपकरणको साँवाब्याज भुक्तानी २०८३ मंसिर नौं गते गरिने छ । राष्ट्र बैंकका अनुसार वाणिज्य बैंक, विकास बैंक र फाइनान्स कम्पनीहरूमा यो उपकरण बिक्री गरिएको हो ।

खरिदकर्ताहरूले घटीमा १० करोड र बढीमा पाँच करोड रूपैयाँले भाग गर्दा निःशेष भाग जाने गरी कुल आह्वान रकमसम्मको निक्षेप उपकरण खरिद गर्नसक्ने सीमा तोकिएको थियो । यसरी खरिद गरिएको उपकरण राष्ट्र बैंकबाहेकका बैंक तथा वित्तीय संस्थाहरूले धितोको रूपमा समेत राख्ने सकिने व्यवस्था रहेको राष्ट्र बैंकको भनाइ छ ।

अधिकतम खुद्रा बिक्री मूल्य प्रकाशनको सूचना

यस Neoteric Nepal Pvt. Ltd. ले पैठारी गरेको देहायको मालवस्तुहरूको अधिकतम खुद्रा बिक्री मूल्य निम्न बमोजिम भएको व्यहोरा सर्वसाधरणको लागि प्रकाशन गरिएको छ ।

S.NO.	BRAND	PRODUCT	MODEL	CAPACITY	COO	MRP PRICE (NPR)
1	HAIER	REFRIGERATOR	HRD-2101BNSA-P/ HRD-2102BNSA	190L	INDIA	35,700
2	HAIER	REFRIGERATOR	HRD-2061SRVA-NE/ HRD-2061SRVA	190L	INDIA	33,800
3	HAIER	AIR CONDITIONER	4.0 TR ROUND WAY CASSETTE - INDOOR (5 Star)	4TON	INDIA	87,157
4	HAIER	AIR CONDITIONER	4.0 TR ROUND WAY CASSETTE - OUTDOOR (5 Star)	4TON	INDIA	226,221
5	HAIER	AIR CONDITIONER	ROUND WAY CASSETTE - PANEL (5 Star)	4TON	INDIA	21,616

बिक्रेताको नाम: Neoteric Nepal Pvt. Ltd. स्थाई लेखा नं: 301586443
ठेगाना: Dhobighat, Lalitpur, Nepal फोन नं: 5453232

Notice for Bid Addendum

Madhya Bhotekoshi Jalavidyut Company Limited
First Date of Publication: 20th August 2026
Invitation for Bids No: MBJCL/MBKHEP/NCB-2083/84-HO-01
Amendment of Bid 1 (Date of Publication: 1 September 2026)

In reference to the notice issued by the Public Procurement Monitoring Office (PPMO) dated 2083/05/11 (Ref No: MIT/182), the operation of the e-GP system has been suspended until further notice. In accordance with clause (2) of the PPMO notification permitting public entities to continue ongoing procurement processes via hard copy submission, the bid submission procedure of the bid has been updated as follows:

1. Procurement of Bidding Documents: The complete set of bidding documents can now be downloaded directly from the official MBJCL website (www.mbjcl.com.np). The requirement to deposit the non-refundable fee of NRs. 5,000.00 into MBJCL's Everest Bank Limited account remains unchanged.
2. Hard Copy (Physical) Submission: Bidders must submit their bids in physical hard copies at the Corporate Office of MBJCL, Maharajgunj, Kathmandu. Submissions must follow the Single Stage Two Envelope Procedure, containing two separately sealed envelopes: one marked "Technical Bid" and the other "Price Bid", enclosed together in a single outer sealed envelope.

All other terms, conditions, and requirements-including bid security validity, bank account details, bid opening, submission and eligibility criteria-remain strictly as stated in the original Invitation for Bids published on 20th August 2026.

MBK JCL ESTD. 2078
Madhya Bhotekoshi Jalavidyut Company Limited
Corporate Office: Maharajgunj, Kathmandu
Tel.: 01-4721641/42, Fax.: 01-4721643
Email: admin@mbjcl.com.np
Website: www.mbjcl.com.np

स्वावलम्बन लघुवित्त वित्तीय संस्था लि.
Swabalamban Laghubitta Bittiya Sanstha Ltd.

नेपाल राष्ट्र बैंकबाट 'घ' वर्गको ईजाजतपत्रप्राप्त संस्था (राष्ट्रिय स्तरको)
केन्द्रीय कार्यालयः कमलपोखरी, काठमाडौं ।
फोन नं. ०१–४५३४९२१/२२, मोवाईल नं. ९७०१०००२३०

नगद लाभांश भुक्तानी नलिनु भएका शेयरधनी महानुभावहरूलाई भुक्तानी लिन आउने सम्बन्धी सूचना

(सूचना प्रकाशन मिति : २०८३/०५/१६)

यस वित्तीय संस्थाको वार्षिक साधारण सभाबाट पारित भएको आ.व. २०६३/६४, २०६५/६६, २०६६/६७, २०६७/६८, २०६८/६९, २०६९/७०, २०७०/७१, २०७१/७२, २०७२/७३, २०७३/७४, २०७४/७५ र २०७५/७६ को (पाँच वर्षभन्दा पुरानो) नगद लाभांश कतिपय शेयरधनी महानुभावहरुद्वारा हालसम्म पनि बुझिलिन बाँकी रहेकाले उक्त नगद लाभांश रकम भुक्तानी लिन बाँकी शेयरधनीहरुलाई यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र आफ्नो शेयर प्रमाण पत्रका साथ परिचयपत्र लिई वा उल्लेखित आ.व.मा शेयरधनी रहनुभएको तर हाल शेयर बिक्रि गरिसकेका भए तत्कालिन शेयरधनीहरुले आवश्यक कागजातको प्रतिलिपी सहित यस वित्तीय संस्थाको शेयर रजिष्ट्रार एनआइएमवी एस क्यापिटल लिमिटेड, लाजिम्पाट (फोन नं. ०१–४९७१२३३) काठमाडौमा कारोबार समयमा सम्पर्क राखी लाभांशपूर्जा/रकम बुझिलिनु हुन कम्पनी ऐन, २०६३ को दफा १८२ को उपदफा (९) र (१०) तथा नेपाल राष्ट्र बैंकबाट "घ" वर्गका ईजाजतपत्रप्राप्त लघुवित्त वित्तीय संस्थाहरुलाई जारी गरिएको एकीकृत निर्देशन, २०८२ को निर्देशन नं. १५ को ३ (३) बमोजिम यो सूचना प्रकाशित गरिएको छ । अन्यथा उक्त अवधि पश्चात उल्लेखित रकम कम्पनी ऐन, २०६३ को दफा १८३ बमोजिम स्थापना भएको "लगानीकर्ता संरक्षण कोष" मा जम्मा हुने व्यहोरा जानकारी गराउँदछौं । उल्लेखित शेयरधनीहरुले बुझिलिन बाँकी रहेको नगद लाभांशको विस्तृत विवरण यस वित्तीय संस्थाको वेभसाईट www.swbbl.com.np मा प्रकाशित गरिएको छ । साथै, आ.व. २०७६/७७ देखि आ.व. २०८१/८२ सम्मको बाँकी रहेको नगद लाभांश रकमहरु यस वित्तीय संस्थाको शेयर रजिष्ट्रार एनआइएमवी एस क्यापिटल लिमिटेडबाट बुझिलिनु हुन समेत यसै सूचना मार्फत जानकारी गराउँदछौं ।

बहराइनमा रोजगार

कम्पनी : ALMOAYYED CONTRACTING GROUP W.L.L. पूर्व स्वीकृति मिति: 2026/08/31 | भिसा नं.: 60260516 | भिसा : BAHRAIN LT. No.:347260

सि. नं.	कामदारको पद	जम्मा संख्या पुरुष	जम्मा संख्या महिला	न्यूनतम योग्यता	मासिक तलब बहा	मासिक तलब खा. पु. रु.	ओभर टाईम पुष्टिमा	प्रतिदिन खाना खाजा वापत दिने	हाजरा खाना खाजा वापत दिने	तालिम दिने	खाना पुष्टिमा	बस्ने व्यवस्था पुष्टिमा	करार अवधि
1.	Cleaner	90	20	सम्बन्धित कामका लागि दक्ष	100	४०४१६	का.मि. अनुसार	८ घण्टा	६ दिन	का.मि. अनुसार	हुन्छ	हुन्छ	२ वर्ष
2.	Security Guard	60	0		150	६०६२४							
3.	Worker	50	0		100	४०४१६							
4.	Scaffolders	30	0		150	६०६२४							

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौँमा २०८३ भदौ २३ गते (08 September 2026) मा हुनेछ ।

AASTHA International Employment Pvt. Ltd.
आस्था इन्टरनेशनल इम्प्लोइमेन्ट प्रा.लि.
Samakhusi-26, Kathmandu, Nepal
Contact No.: 01 4557947, 9802368233
E-mail: aasthamanpower@gmail.com
Web: www.asthamanpower.com
Government LIC No: 716/064/65
Contact No : 985-1361344, 9803159787, 9818174840

लिक्विडेटर कार्यालयको हकदाबी सम्बन्धी ३५ दिने सूचना

कम्पनी ऐन २०६३ बमोजिम मिति २०७४/०७/२० मा प्रा.लि.नं.१७७६१२ मा दर्ता भएको दोस्ताना ग्रुप्स प्रा.लि. को मिति २०८३/०५/१० मा सम्पन्न विशेष साधारणसभाको निर्णयले कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम स्वेच्छिक खारेज लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैको कुनै किसिमको लेनदेन वा बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित गरिएको मितिले ३५ दिन भित्र निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदाबी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरिएको छ।

लिक्विडेटर: अधिक्ता वीरेन्द्र शिवाकोटी (इजाजत पत्र नं.२६७)
बानेश्वर, काठमाडौँ, सम्पर्क : ९८४१०५५२४९

ग्लोबल आइएमई बैंक लि.
निक्षेपउपर हकदाबी सम्बन्धी ३५ दिने सूचना

स्लोवल आइएमई बैंकको जनकपुर शाखामा वचत खाता खोली कारोवार गर्दै आउनु भएका भाष्कर ठाकुरको मिति २०८२/०७/११ मा मृत्यु भएकोले मृतकको खातामा रकम भुक्तानी पाउँ भनी मृतकको दुवा अमरेन्द्र नाथ ठाकुरबाट मिति २०८३/०५/११ मा निवेदन प्राप्त भएको छ। उक्त रकममा कसैको हक लाग्ने भएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा १११ बमोजिम अग्राधिकारवालाको हकदारहरुले यो सूचना प्रथमपटक प्रकाशित भएको मितिले ३५ दिनभित्र यस बैंकको शाखामा हकदावी गर्न आउनुहोला । सो म्यादभित्र दावी गर्न नआएमा बैंक नियमानुसार भईजाने व्यहोरा सम्बन्धित सबै सरोकारवालाहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

Global IME Bank
ग्लोबल आइएमई बैंक लि.
भण्डारी पाण्डे
फोन नं. ०१५-४२०२०५
स्लोवल कर्नेक्ट : ०१-५९३८००

निक्षेपउपर हकदाबी गर्ने सम्बन्धी ३५ दिने सूचना

रोम बहादुर बेन्थासेको नाति, हरि बहादुर बेन्थासेको छोरा, विजिता खनालको पति, अर्घाखाँची जिल्ला, शितगंगा न.पा. वडा नं. ०३ बस्ने, यस बैंकको बुटवल शाखामा खातावाला अमृत बेन्थासेको मिति २०८३/०२/१२ मा मृत्यु भएकोले यस बैंकमा रहेको निजको बचत खाता नं. ००२०२३५११२१०००१० मा भएको रकम पाउँ भनी निज खातावालाको पत्नी, अर्घाखाँची जिल्ला, शितगंगा न.पा. वडा नं. ०३,ठाडा गा.वि.स. वडा नं. ०१) बस्ने, विजिता खनालले आवश्यक कागजात सहित यस बैंकमा निवेदन दिनु भएको हुँदा उक्त खातावालाको नाममा रहेको निक्षेपमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ११९(२) बमोजिमको अग्राधार्मिकतामा अन्य कुनै हकदार भएका भए त्यस्ता हकदारले यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतिस) दिनभित्र स-प्रमाण यस बैंकमा हकदावी गर्न यो सूचना प्रकाशित गरिएको छ । म्यादभित्र हकदावी गर्न नआएमा निवेदकको निवेदन बमोजिम भई जाने व्यहोरा समेत जानकारी गराईन्छ ।

prabhu bank
प्रभु बैंक लिमिटेड
शाखा कार्यालय : बुटवल
फोन नं. ०७१-५३४४८

कम्पनीको नाम परिवर्तन गरिएको सूचना

दोस्रो पटक प्रकाशित मिति २०८३/०५/१६

यस कम्पनीको मिति २०८३/०४/१६ मा सम्पन्न विशेष साधारणसभाको निर्णयानुसार सार्विकको कम्पनी **मुस्ताङ लोवा प्रा.लि.(प्रा.लि.नं.२११९८०)** को नामसमा रहेको सम्पूर्ण चल-अचल सम्पत्ति तथा तिर्नु-व्यहोर्नुपर्ने कर, दायित्व आदि परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०८३/०५/०१ को निर्णय अनुसार कम्पनीको नाम परिवर्तन गरी **शिन्ता मणी मुस्ताङ प्रा.लि.** कायम गरिएको जानकारी गराइन्छ ।

नेपाल सरकार
पूर्वाधार विकास मन्त्रालय
सडक विभाग
काठमाडौं चक्रपथ सुधार योजना
बबरमहल, काठमाडौं

बोलपत्रमा संसोधन तथा बोलपत्र पेश गर्ने म्याद थप गरिएको सूचना

प्रकाशित मिति : २०८३/०५/१६


यस काठमाडौं चक्रपथ सुधार योजनाको मिति २०८३/०४/२६ गतेको सूचना न. ००१/२०८३/८४ बाट आह्वान गरिएको ठेक्का नं KRIP/33701134/083/84-001 को बोलपत्र सम्बन्धि कागजातहरुमा तेस्रो पटक र सूचना न. ००२/०८३/८४ बाट आह्वान गरिएको ठेक्का नं KRIP/33701134/083/84-002 को बोलपत्र सम्बन्धि कागजातहरुमा दोश्रो पटक तपशील बमोजिम संसोधन गरिएको र उक्त बोलपत्रहरु विधुतीय खरिद प्रणालीबाट मात्र पेश गर्ने प्रावधान रहेकोमा सार्वजनिक खरिद अनुगमन कार्यालयको मिति २०८३/०५/११ गतेको सूचना बमोजिम अर्को सूचना जारी नहँदासम्म विधुतीय खरिद प्रणाली प्रयोग स्थगन गरिएकोले हार्डकपी माफंत नै बोलपत्र लिन सकिने व्यवस्था बमोजिम दुवै ठेक्काहरुको बोलपत्र पेश गर्ने अवधि २०८३/०५/१६ गते दिउसो १२:०० बजे बाट थप गरी २०८३/०५/२३ गते दिउसो १२:०० बजे सम्म कायम गरिएको र उक्त समयावधि भित्र दर्ता हुन आएका हार्डकपी बोलपत्रहरु यस योजनाको कार्यालय बबरमहलमा सोही दिनको दिउँसो १:०० बजे खोलिने निर्णय भएकोले सार्वजनिक खरिद ऐन, २०८३ को दफा १६ बमोजिम सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ सियै सार्वजनिक खरिद अनुगमन कार्यालयबाट थप निर्देशन भएमा सोही बमोजिम हुने समेत जानकारी गराईन्छ ।

तपशील

Section	Clause	Existing	Amended	Remarks
SECTION II: Bid Data Sheet	ITB 30.1	The Employer shall compare all substantially responsive bids in accordance with ITB 29.2. The Employer shall determine the Average Bid Price of all the substantially responsive Bids. The Bid Price which is closest to the Average Bid Price AND is not substantially higher than the cost estimate shall be selected for awarding the contract. In case two or more Bid Prices are determined to be equally closest to the Average Bid Price, the Bid Price which is below the Average Bid Price shall be selected for awarding the contract.	The Employer shall compare all substantially responsive bids in accordance with ITB 29.2. The Employer shall determine the Average Bid Price of all the substantially responsive Bids. **Bidder who submits a bid price that is substantially higher than the approved cost estimate shall be excluded from the evaluation process.** The Bid Price which is closest to the Average Bid Price shall be selected for awarding the contract. In case two or more Bid Prices are determined to be equally closest to the Average Bid Price, the Bid Price which is below the Average Bid Price shall be selected for awarding the contract.	

योजना प्रमुख

एनआरएनएद्वारा पहिलो चरणमा प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा १ करोड हस्तान्तरण



■ आर्थिक संवाददाता
काठमाडौं, भदौ १५

गैरआवासीय नेपाली संघ (एनआरएन)ले बाढी तथा डुबानबाट प्रभावित नागरिकको राहत तथा उद्धारका लागि पहिलो चरणमा प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा एक करोड हस्तान्तरण गरेको छ ।

संघका अध्यक्ष डा. हेम राज शर्मासहितको प्रतिनिधिमण्डलले सोमबार सिंहदरबारस्थित पराराष्ट्र मन्त्रालयमा पराराष्ट्रमन्त्री शिशिर खनालसँग भेट गरी उक्त रकम हस्तान्तरण गरेको हो । पराराष्ट्रमन्त्री शिशिर खनालले बाढी तथा डुबानबाट भएको ठूलो क्षतिको पुनर्स्थापना र पुनर्निर्माण नेपाल सरकारले मात्र गर्न नसक्ने बताए । उनले राहत, पुनर्स्थापना र पुनर्निर्माणका सबै चरणमा एनआरएनएसँग सहकार्य र समन्वय गर्ने जानकारी दिए । रसुवा र नुवाकोटका धेरै बस्तीमा ठूलो जनधन तथा भौतिक पूर्वाधारको क्षति भएको उनको भनाइ छ । सरकारले एकद्वार प्रणाली लागू गरे पनि एनआरएनएले स्थानीय सरकार तथा सम्बन्धित निकायसँग समन्वय गरी राहत वितरण गर्न सक्ने र त्यसको पूर्व तथा पश्चात् आवश्यक विवरण सरकारलाई उपलब्ध गराउनुपर्ने उनले जानकारी दिए । विदेशमा रहेका नेपालीसँग विभिन्न क्षेत्रमा रहेको सीप, अनुभव र विशेषज्ञतालाई विपद्पछिको पुनर्स्थापना तथा पुनर्निर्माणमा उपयोग गर्न एनआरएनसँग समन्वय गर्ने उनको भनाइ थियो ।

एनआरएनका अध्यक्ष डा. हेम राज शर्माले संघले पाँच करोड राहत तथा मानवीय सहयोग गर्ने घोषणा गरेको बताए । उनले संघको टोली रसुवा र नुवाकोटमै पुगेर जिल्ला विपद् व्यवस्थापन समितिलगायत सम्बन्धित निकायसँग समन्वय गरी राहत सामग्री वितरण तथा हस्तान्तरण गरिसकेको पनि जानकारी दिए । पहिलो चरणमा प्रभावित स्थानमै पुगेर सरकारले अघि सारेको एकद्वार प्रणाली अनुसार नै राहत तथा मानवीय सहायता उपलब्ध गराएको र प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा एक करोड हस्तान्तरण गरिएको उनले बताए । साथै, आगामी दिनमा संघको राहत अभियानमार्फत संकलित सहयोग रकम क्रमशः प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा हस्तान्तरण गर्दै जाने उनको भनाइ छ । अध्यक्ष डा. शर्माले विपद्पछिको पुनर्निर्माण तथा पुनःस्थापनाका कार्यमा समेत आगामी दिनमा नेपाल सरकारसँग सहकार्य गर्न संघ इच्छुक रहेको बताए । एनआरएनका संस्थापक अध्यक्ष डा. उपेन्द्र महतोले राहत सामग्री, स्वास्थ्य शिविर, औषधि तथा चिकित्सकीय सेवा र पुनर्निर्माणका काममा एनआरएन प्रत्यक्ष रूपमा सहभागी हुन तयार रहेको बताए ।

टेलिकमका थप चार साइट सुचारु

■ आर्थिक संवाददाता
काठमाडौं, भदौ १५

नेपाल टेलिकमले भोटेकाशी बाढीले प्रभावित बनाएका थप चार साइटलाई सुचारू गरी टेलिफोन तथा इन्टरनेट सेवा सञ्चालनमा ल्याएको छ ।

कम्पनीले सोमबार रसुवाको जिबजिबे र सरमथली तथा धादिङको बेनीघाट र नुवाकोटको त्रिशूली बजार साइट सुचारू गरेको हो । यससँगै बाढीबाट प्रभावित भएका १२० साइटमध्ये ११० साइट सुचारू भएका छन् । जिबजिबे टावरबाट भोर्ले, चिती, गाइसौरा भोर्लेगनायत नौकुण्ड गाउँपालिकाको वडा नम्बर ५ र ६ को विभिन्न स्थानका सेवाग्राही लाभान्वित हुनेछन् । त्यसैगरी सरमथली टावरबाट यार्सा, लप्च्याङ, सिमबन्दी, बिजिली जोडलगायत आसपास क्षेत्रका सेवाग्राही लाभान्वित हुने कम्पनीले जनाएको छ । कम्पनीका अनुसार बेनीघाट साइटबाट बेनीघाट बजारलगायत आसपासका क्षेत्र र त्रिशूली साइटबाट त्रिशूली बजार, ढुंगे आसपासका क्षेत्रमा सञ्चार सेवा सहज हुनेछ ।

बाढीपीडितको लागि शिवम् सिमेन्टको ११ हजार बोरा सिमेन्ट र शिवम् होल्डिङ्सद्वारा ११ लाख सहयोग

■ आर्थिक संवाददाता
काठमाडौं, भदौ १५



शिवम् सिमेन्टले रसुवा बाढी प्रभावितहरूको राहत, उद्धार तथा पुनर्निर्माण कार्यमा सहयोग गर्ने घोषणा गरेको छ ।

यसअन्तर्गत, शिवम् सिमेन्ट लिमिटेडले नेपाल सरकारसँगको समन्वयमा बाढी प्रभावित परिवारहरूको आवास पुनर्निर्माणका लागि ११० घरधुरी परिवारलाई प्रति परिवार १०० बोराका दरले ११ हजार बोरा शिवम् ओपि.सि सिमेन्ट निःशुल्क उपलब्ध गराउने निर्णय गरेको छ । यस्तै शिवम् सिमेन्टको सहायक कम्पनी शिवम् होल्डिङ्स लिमिटेडले उद्धार, राहत तथा पुनःस्थापना कार्यलाई सहयोग पुऱ्याउने उद्देश्यले प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा ११ लाख रूपैयाँ सहयोग प्रदान गरेको छ । उक्त रकम बाढी प्रभावित नागरिकहरूको राहत, उद्धार तथा विपद्पछिको पुनर्निर्माण अभियानलाई थप प्रभावकारी बनाउन सहयोग पुग्ने विश्वास कम्पनीले लिएको छ । शिवम् सिमेन्टले विपद्को यस कठिन घडीमा सरकार, स्थानीय निकाय तथा सम्बन्धित निकायहरूसँग सहकार्य गर्दै प्रभावित नागरिकहरूको जीवन पुर्नस्थापना कार्यमा साथ र सहयोग निरन्तर रहने प्रतिबद्धता गरेको छ ।

अर्घाखाँचीं सिमेन्टद्वारा बाढीपीडितका लागि एक करोड ११ लाख सहयोग

रूपन्देही, भदौ १५ । भोटेकोशी बाढीबाट प्रभावित नागरिकको राहत, उद्धार तथा पुनःस्थापनाका लागि अर्घाखाँची सिमेन्ट प्रालिले एक करोड ११ लाख सहयोग गरेको छ ।

कम्पनीका अध्यक्ष पशुपति मुरारका तथा प्रबन्ध निर्देशक राजेश अग्रवालले संयुक्त रूपमा उक्त रकम प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषका लागि अर्थमन्त्री स्वर्णिम वाग्लेलाई हस्तान्तरण गरेका छन् । प्राकृतिक विपद्का कारण विभिन्न जिल्लामा ठूलो जनधनको क्षति भइरहेका बेला प्रभावित नागरिकको राहत तथा उद्धारमा सहयोग पुऱ्याउने उद्देश्यले उक्त रकम प्रदान गरिएको कम्पनीले जनाएको छ । विपद्को समयमा निजी क्षेत्रको सामाजिक उत्तरदायित्व महत्वपूर्ण हुने उल्लेख गर्दै उनीहरूले प्रभावित नागरिकको सहयोगका लागि सरकार, निजी क्षेत्र तथा सामाजिक संघसंस्था एकजुट भएर अघि बढ्नुपर्नेमा जोड दिए । अर्घाखाँची सिमेन्टले विपद् तथा संकटका समयमा पीडित नागरिकको सहयोगलाई प्राथमिकतामा राख्दै आगामी दिनमा पनि सामाजिक उत्तरदायित्वअन्तर्गत आवश्यक सहयोगलाई निरन्तरता दिने जनाएको छ ।

सद्गुरुको ईशा नेपालले प्रधानमन्त्री राहत कोषमा १ करोड सहयोग गर्ने

काठमाडौं, भदौ १५ । सद्गुरुको ईशा नेपालले प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा एक करोड सहयोग गर्ने भएको छ ।

नेपाल-तिब्बत सीमामा आएको भीषण बाढीले निम्त्याएको विध्वंसबाट प्रभावितहरूको उद्धार, राहत र पुनर्स्थापनाको लागि उक्त संस्थाले सो सहयोग गर्ने भएको हो । संस्थाले राजधानीमा एक कार्यक्रम गरी सहयोगको घोषणा गरेको छ । कार्यक्रममा अभिनेत्री मनिषा कोइरालाले नेपालले जलवायु परिवर्तनलगायतका कारण नेपालले बारम्बार समस्या भोग्नुपरेको बताइन् । जलवायु परिवर्तनजस्तो चुनौतीपूर्ण समस्यालाई सम्बोधन गर्न नेपाल, भारत र चीनले एकजुट भएर लाग्नुपर्ने उनको भनाइ छ ।

शंकर ग्रुपद्वारा बाढीपीडितको लागि ४ करोड सहयोग

■ आर्थिक संवाददाता
काठमाडौं, भदौ १५



शंकर ग्रुपले राष्ट्रिय विपद्बाट प्रभावित नागरिकको राहत तथा पुनर्स्थापनाका लागि प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा चार करोड रूपैयाँ सहयोग गरेको छ ।

शंकर ग्रुपका निर्देशक दीपा अग्रवालसहित वरिष्ठ व्यवस्थापन टोलीले सोमबार अर्थमन्त्रीलाई चार करोड रूपैयाँको चेक हस्तान्तरण गरेको हो । ग्रुपले विपद्को तेस्रो दिन नै गृह मन्त्रालयको समन्वयमा मैरहवाका प्रमुख जिल्ला अधिकारीमार्फत विस्थापित नागरिकका लागि २५ लाख रूपैयाँबराबरका दुई हजार ५०० थान टार्पोलिन टेन्ट उपलब्ध गराएको जनाएको छ । विपद्बाट प्रभावित नागरिकको राहत तथा पुनर्स्थापनामा सहयोग पुऱ्याउने उद्देश्यले आर्थिक तथा सामग्री सहयोग गरिएको शंकर ग्रुपले जनाएको छ । ग्रुपले उद्धार तथा राहत कार्यमा खटिएका नेपाली सेना, सशस्त्र प्रहरी, नेपाल प्रहरी, स्वयंसेवक तथा सरकारी अधिकारीप्रति समेत आभार व्यक्त गरेको छ ।

नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लिमिटेड
दरबारमार्ग, काठमाडौं, नेपाल, पोष्ट बक्स नं. ३४१२
फोन नं. ९७७-१-५३२८२२९, ५३४२५३०
इमेल : info@nimb.com.np
वेबसाइट : www.nimb.com.np

तपसिलमा उल्लिखित ऋणीहरुलाई कर्जा चुक्ता गर्न आउने ३५ दिने अत्यन्त जरुरी सूचना

(प्रकाशित मिति २०८३/०५/१६)

तपसिलमा उल्लिखित ऋणीहरुले यस नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि. बाट उपभोग गर्नुभएको कर्जा समय-समयमा तिर्नु/बुझाउनुपर्ने साँवा, ब्याज र हर्जाना ब्याज रकम नतिरी नबुझाई बैंकसंग गरेको कर्जा सम्बन्धी शर्त कबुलियतको उल्लंघन गर्नुभएको र ऋणी तथा व्यक्तिगत जमानीकर्ताहरुलाई पटक पटक मौखिक एवं लिखित तरहाकेता गर्दा समेत कर्जाहरुको साँवा, ब्याज, किस्ता र हर्जाना ब्याज लगायतका रकमहरु बुझाउनेतर्फ कुनै पहल नगरेको हुनाले निजहरुका नाममा यस बैंकमा रहेका सम्पूर्ण ऋण कर्जाहरु चुक्ता भुक्तानी गर्नुहुन यो ३५ (पैंतिस) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

यो सूचना प्रकाशित भएको मितिले **३५ (पैंतिस) दिनभित्र** बैंकमा सम्पर्क राखी बुझाउनुपर्ने सम्पूर्ण साँवा, ब्याज, किस्ता र हर्जाना ब्याज रकम अविलम्ब चुक्ता भुक्तानी गर्नुहुन अनुरोध छ । अन्यथा, ऋणी र बैंकबिच भए गरेका शर्त सम्बौता, बैंकको नियम, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०४८, बैंकको नियम तथा अन्य प्रचलित कानुनले बैंकलाई दिएको अधिकार प्रयोग गरी **कर्जा सूचना केन्द्र लिमिटेडको काली्सूचीमा नाम समावेश** गर्न लेखि पठाई ऋणी /प्रोप्राईटर/शेयरधनि/संचालक/साझेदार तथा व्यक्तिगत जमानीकर्ताहरु/धितो सुरक्षणदाताले धितो सुरक्षण स्वरुप बैंकलाई लेखिदिएको चलअचल सम्पत्ति जे जस्तो अवस्थामा छन सोही अवस्थामा लिलाम बिक्री गरी वा अन्य प्रक्रिया अपनाई बैंकको सम्पूर्ण लेना रकम असुल उपर गर्नेतर्फ आवश्यक कानुनी कारवाही अगाडि बढाईने व्यहोरा सूचित गरिन्छ । साथै, धितो सुरक्षणको सम्पत्ति लिलाम बिक्री हुन नसकी बैंकले धितो सकार्नु परेमा वा लिलाम बिक्रीबाट बैंकको सम्पूर्ण बक्यौता असुल उपर नभएमा असुल उपर हुन नसकेको रकमको हदसम्म कानून बमोजिम ऋणी तथा व्यक्तिगत जमानीकर्ताहरुको घरघडानाबाट असुल उपर गर्ने प्रक्रिया अगाडि बढाईने व्यहोरा समेत यसै सूचनाद्वारा सूचित गरिन्छ ।

तपसिल

क्र. सं.	ऋणी /प्रोप्राईटर/शेयरधनि/संचालक/साझेदार/जमानीकर्ताको नाम ठेगाना/विवरण
१.	**ऋणी : आर क े के ट्रेडर्स (आवधिक कर्जा)** प्रा.फ.र.नं. ३-३५-३८२-५१८७२७/२०७७/७८, दर्ता मिति : २०७७/१०/२५ दर्ता कार्यालय : उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग, ठेगाना : का.म.न.पा. २७, काठमाडौं **ऋण प्रवाह गर्ने शाखा : भोटाहिटी** **प्रोप्राईटर/जमानीकर्ताहरु :** **१. रिया कार्की खड्का-प्रोप्राईटर/जमानीकर्ता** (ना.प्र.नं. ४-९२०६ मोरङ्ग, मिति २०६५/०२/०९ मा जि.प्र.का. दोलखाबाट जारी भएको) पति : नविन खड्का, ससुरा : छत्र बहादुर खड्का **२. नविन खड्का-जमानीकर्ता** (ना.प्र.नं. २२ २२१०५२-८८, मिति २०६७/०५/०७ मा जि.प्र.का. दोलखाबाट जारी भएको) बाबु : छत्र बहादुर खड्का, बाजे : लाल बहादुर खड्का
२.	**ऋणी : लिरा ट्रान्सल्स एण्ड टुर्स प्रा.लि. (विविध कर्जा)**, दर्ता नं. ४७५०२/०६४/०६५, दर्ता मिति : २०६४/०४/३०, दर्ता कार्यालय : कम्पनी रजिष्ट्रारको कार्यालय, ठेगाना : का.म.न.पा. ५, काठमाडौं, **ऋण प्रवाह गर्ने शाखा : नयाँ बानेश्वर** **रोयरधनी/जमानीकर्ताहरु :** **१. सुबिन श्रेष्ठ-शेयरधनी/जमानीकर्ता** (ना.प्र.नं. ४००४, मिति २०६६/०५/२४ मा जि.प्र.का. काठमाडौंबाट जारी भएको) बाबु : राजाराम श्रेष्ठ, बाजे : जोगलाल श्रेष्ठ **२. प्रतिक्षा जोशी श्रेष्ठ-जमानीकर्ता** (ना.प्र.नं. २७-०१-७३-००९९४, मिति २०७३/०१/२७ मा जि.प्र.का. काठमाडौंबाट जारी भएको) पति : सुबिन श्रेष्ठ, ससुरा : राजाराम श्रेष्ठ
३.	**ऋणी : ठकुरी कलेक्सन (आवधिक कर्जा)** प्रा.फ.र.नं. ३-३५-३८२-५१७४८७/२०७७/७८, दर्ता मिति : २०७७/०९/१९ दर्ता कार्यालय : उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग, ठेगाना : का.म.न.पा. ३२, कोटेश्वर, काठमाडौं **ऋण प्रवाह गर्ने शाखा : ठिमी** **प्रोप्राईटर/जमानीकर्ताहरु :** **१. कविता कार्की-प्रोप्राईटर/जमानीकर्ता** (ना.प्र.नं. २४-१८-७४/३१८, मिति २०७४/०४/३१ मा जि.प्र.का. सिन्धुपाल्चोकबाट जारी भएको) बाबु : रेशम कार्की, पति : बिमल के.सी., ससुरा : दुण्डिराज के.सी. **२. बिमल के.सी.-जमानीकर्ता** (ना.प्र.नं. ५४१०२५/११४५, मिति २०६८/११/१२ मा जि.प्र.का. रोल्पाबाट जारी भएको) बाबु : दुण्डिराज के.सी., बाजे : भोजराज के.सी.
४.	**ऋणी : हिमरुख ग्रुप ट्रेड एण्ड सप्लायर्स प्रा.लि. (आवधिक कर्जा)** दर्ता नं. १७८४१५/०७४/०७५, दर्ता मिति : २०७८/०१/१४ दर्ता कार्यालय : कम्पनी रजिष्ट्रारको कार्यालय, ठेगाना : नेत्रावती - ३, धादिङ **ऋण प्रवाह गर्ने शाखा : भोटाहिटी** **रोयरधनी/जमानीकर्ताहरु :** **१. बोस बहादुर तामाङ-शेयरधनी/जमानीकर्ता** (ना.प्र.नं. २६५२३ मिति २०५५/०५/१८ मा जि.प्र.का. धादिङबाट जारी भएको) बाबु : मान बहादुर तामाङ, बाजे : देँसि बहादुर तामाङ **२. लिला माया तामाङ-जमानीकर्ता** (ना.प्र.नं. १८८०४, मिति २०५८/१२/०८ मा जि.प्र.का. धादिङबाट जारी भएको) पति : बोस बहादुर तामाङ, ससुरा : मान बहादुर तामाङ

प्रभु बैंक लिमिटेड, शाखा कार्यालय गरुडा, रौतहटका तपसिलमा उल्लेखित ऋणी तथा जमानतकर्तालाई कर्जा चुक्ता गर्ने बारेको ३५ दिने सार्वजनिक सूचना तथा धितोमा रहेको सम्पत्ति गोप्य शिलबन्दी बोलपत्र मार्फत् लिलाम बिक्री गर्ने बारेको ७ दिने सार्वजनिक सूचना ।

(सूचना प्रकाशित मिति २०८३/०५/१६ गते मंगलवार आर्थिक दैनिक)

यस बैंकका तपसिलमा उल्लेखित ऋणीले लिएको विभिन्न शिर्षक अन्तरगतको ऋण कर्जाको किस्ता (साँवा, ब्याज) लगायत भुक्तानी सम्बन्धि शर्त कबुलियत उल्घंन गर्नु भएकोले निज ऋणीलाई यस बैंकबाट पटक पटक मौखिक एवं लिखित तरताकेता गर्दा समेत सोको पूर्ण बेवास्ता गरी ऋणी तथा जमानतकर्तालें कर्जा नियमित तथा चुक्ता फछुर्यौट गर्ने तर्फ चासो नदेखाई बैंक संग सम्पर्कमा समेत नरही आलटाल गरी बसेको हुँदा यो सूचना प्रकाशित गरिएको छ। अतः यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र बैंकमा सम्पर्क राखी सम्झौता बमोजिम बैंकलाई तिर्नु बुझाउन बाँकी सम्पूर्ण रकम चुक्ता फछुर्यौट गर्न गराउनु हुन ऋणी, जमानतकर्ता तथा धितो सुरक्षण धनी लगायत सम्बद्ध सबैमा सूचित गरिन्छ । यस सूचनाको समेत बेवास्ता गरी उल्लेखित समयावधि भित्र कर्जा चुक्ता फछुर्यौट नगरेको खण्डमा ऋणी तथा जमानतकर्ता लगायत नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम कर्जा सूचना केन्द्रको कालो सूचीमा समाविष्ट गर्नुपर्ने सम्बद्ध सबैलाई नेपाल राष्ट्र बैंकको निर्देशका बमोजिम कर्जा सूचना केन्द्रको कालो सूचीमा समावेश गर्न सिफारिस गरीने व्यहोरा जानकारी गराउदै कर्जाको सुरक्षणको रुपमा बैंक समक्ष धितो रहेको तपसिलमा उल्लेखित सम्पत्ति जे जस्तो अवस्थामा छ सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन,२०७३ तथा अन्य प्रचलित कानूनले दिएको अधिकार प्रयोग गरी प्रस्तुत सूचनाको म्याद भित्र प्राप्त हुन आएका गोप्य शिलबन्दी बोलपत्रको माध्यमबाट लिलाम बिक्री गरिने भएकोले उक्त सम्पत्ति के कति मूल्यमा खरिद गरी लिने हो सो खुलाई यो सूचना प्रकाशित भएको मितिले ३६ औं दिन देखि ४२ औं दिन भित्र गोप्य शिलबन्दी बोलपत्र बैंकको **शाखा कार्यालय गरुडा, रौतहटमा** दाखिल गर्नु हुन इच्छुक व्यक्ति तथा संगठित संस्था सबैको जानकारीको लागि समेत यो सूचना प्रकाशित गरिएको छ । प्राप्त बोलपत्रहरु यो सूचना प्रकाशित भएको मितिले ४३ औं दिन अर्थात मिति २०८३/०६/२७ गते मंगलवार (सो दिन सार्वजनिक बिदा परेमा सोको लगते बैंक खुलेको दिन) यस बैंकको **शाखा कार्यालय, गरुडा, रौतहटमा** दिनको ठीक ३:०० (तिन) बजे खोलिने भएकोले उक्त दिन उपस्थित हुन सम्बन्धित ऋणी, सुरक्षण धनी, इच्छुक बोलपत्र कर्ता तथा सम्बद्ध सबैमा अनुरोध छ । प्राप्त बोलपत्रहरु बैंकले बिना कुनै कारण दर्शाई स्वीकार वा अस्वीकार गर्न व्यहोरा समेत जानकारी गराईन्छ । कुनै कारणवश तपसिलमा उल्लेखित सम्पत्ति लिलाम बिक्री नभएमा सो सम्पत्ति अन्य व्यवस्था गरी बेच बिखन गर्न सक्ने वा प्रचलित कानून बमोजिम बैंकले सकार गरी लिन सक्ने व्यहोरा र उक्त सम्पत्तिबाट बैंकको सम्पूर्ण बक्यौता असूलउपर नभएमा प्रचलित कानून बमोजिम असूलउपर गरी लिईने व्यहोरा समेत जानकारी गराईन्छ ।

तपसिल

क. ऋणी, जमानतकर्ता तथा धितोको विवरण :

ऋणी : शिव दयाल राय (ना.प्र.नं. ९६०१/४४८०१२२३, जारी मिति २०३५/०८/०५, जारी गर्ने कार्यालय जि.प्र.का. रौतहट)। ठेगाना : रौतहट जिल्ला देवाही गोनाही न.पा. वडा नं. ५, (सावकि कर्कच कर्मीया गा.वि.स. वडा नं. ६)। बाबु : ईश्वर राय भन्ने कोलाइ राय बाजे : जदु राय यादव ।	**जमानतकर्ता : संजय कुमार यादव** (ना.प्र.नं. २०३८/८/२३, जारी मिति २०६१/०८/२३, जारी गर्ने कार्यालय जि.प्र.का. रौतहट)। ठेगाना : रौतहट जिल्ला देवाही गोनाही न.पा. वडा नं. ५, (सावकि कर्कच कर्मीया गा.वि.स. वडा नं. ६) बाबु : शिव दयाल राय यादव । बाजे : ईश्वर राय भन्ने कोलाइ राय ।
जमानतकर्ता : विजय यादव (ना.प्र.नं. ३३३९, जारी मिति २०४८/०९/१५ जारी गर्ने कार्यालय जि.प्र.का. रौतहट)। ठेगाना : रौतहट जिल्ला देवाही गोनाही न.पा. वडा नं. ५, (सावकि कर्कच कर्मीया गा.वि.स. वडा नं. ६)। बाबु : शिव दयाल राय यादव । बाजे : ईश्वर राय भन्ने कोलाइ राय ।	**जमानतकर्ता : संदिप कुमार यादव** (ना.प्र.नं. ३२-०१-७३-०५६९९५, जारी मिति २०७३/०७/०७, जारी गर्ने कार्यालय जि.प्र.का. रौतहट)। ठेगाना : रौतहट जिल्ला देवाही गोनाही न.पा. वडा नं. ५, (सावकि कर्कच कर्मीया गा.वि.स. वडा नं. ६) बाबु : शिव दयाल राय । बाजे : ईश्वर राय भन्ने कोलाइ राय ।
जमानतकर्ता : सुशिला देवि यादव (ना.प्र.नं. ३२३०८४/३६९, जारी मिति २०६३/१०/१३, जारी गर्ने कार्यालय जि.प्र.का. रौतहट)। ठेगाना : रौतहट जिल्ला देवाही गोनाही न.पा. वडा नं. ५, (सावकि कर्कच कर्मीया गा.वि.स. वडा नं. ६) बाबु : महेन्द्र राय यादव । पति : विजय यादव । ससुरा : शिव दयाल राय यादव ।	**जमानतकर्ता : बनारसि देवि यादव** (ना.प्र.नं. ४७०५, जारी मिति २०५८/११/२०, जारी गर्ने कार्यालय जि.प्र.का. रौतहट)। ठेगाना : रौतहट जिल्ला देवाही गोनाही न.पा. वडा नं. ५, (सावकि कर्कच कर्मीया गा.वि.स. वडा नं. ६)। बाबु : टेकमन राय यादव । पति : शिवदयाल राय यादव । ससुरा : ईश्वर राय भन्ने कोलाइ राय ।

ख. लिलाम बिक्री हुने सम्पतीको विवरण :

शिवदयाल रायको नाममा मालपोत कार्यालय मौलापुर, रौतहटमा दर्ता कायम रहेको रौतहट जिल्ला प्रेमपुर गोनाही गा.वि.स. वडा नं २, नक्सा सिट नं. २, स्थित कित्ता नं. १२६० को क्षेत्रफल ०-१०-१०-० (विघा) घर/जग्गा तथा सो घर/जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत १

पुनश्च :

१. बोलपत्र सम्बन्धी शर्त बन्देज सहितको बोलपत्र फारम बैंकको **प्रधान कार्यालय, बबरमहल, काठमाण्डौ स्थित कर्जा असुली विभाग वा शाखा कार्यालय, गरुडा, रौतहट**बाट प्राप्त गर्न सकिनेछ ।
२. सम्पत्ति दाखेलखारेज नामसारी गर्दा नेपाल सरकारले तोकें बमोजिम लाग्ने राजश्व लगायत सम्पूर्ण दैदस्तुर सकारकर्ता स्वयंले तिर्नुपर्नेछ ।
३. लिलाम हुने सम्पत्ति निरीक्षण अवलोकन गर्नु परेमा वा धितो लिलाम सम्बन्धी अन्य थप जानकारी आवश्यक भएमा बैंकको **प्रधान कार्यालय, बबरमहल, काठमाण्डौ स्थित कर्जा असुली विभाग वा शाखा कार्यालय गरुडा, रौतहट**मा सम्पर्क राख्न सकिनेछ ।

प्रभु बैंक लिमिटेड
प्रधान कार्यालयः बबरमहल, काठमाडौं, नेपाल
फोन नं. ०१-४७९०००

Economic National Daily आर्थिक राष्ट्रिय दैनिक

सम्पादकीय

विपद्मा लोकप्रिय हुने लोभ तुरुन्तै छाडौँ

अकल्पनीय मानिएको रसुवा बाढीका कारण यो एउटा नदी प्रवाहबाट कतिको क्षतिभयो भन्ने आकलनमात्रै पनि अझै हुन सकेको छैन। सामान्यतया भौतिक क्षति जति देखिए, जस्तो बस्ती बगेका, पुल बगेका आदिआदि। योभन्दा बढी मानवीय क्षति कति भयो भन्ने पनि अनुमान बाहिर नै छ। कारण हो देशभरि र अझ संसारभरिबाट कति मानिस आएका थिए र तीमध्ये कति बगे तथा कति भागेर जीवन जोगाउँन सफल भए र कति अझै पुरिएकै अवस्थामा अज्ञात छन् भन्ने आकलन हुन बाँकी छ। भेटिएका शवहरूमध्ये धेरै सानो संख्याको मात्र पहिचान हुन सकेको अवस्थाले पनि यही कुरा बताउँछ। हप्तादिनसम्मको अवस्थाले मानवीय क्षतिको भयावह त देखिन्छ तर क्षतिको विवरण भने अनुमान गर्न सकिएको छैन। हुँदै जाँदा फेला परेका लासहरू राख्ने ठाउँसमेत अभाव भएको अवस्था छ। अस्पतालमा एकातिर आफन्तहरू लासै भए पनि खोजिरहेका छन् भने अर्कातिर तिनै लासहरूले आफन्त पाइरहेका छैन। यति कुराले नै पनि यो विनास कस्तो रहेछ भन्ने बुझ्न सजिलो होला।

विनासको यो क्षेत्र तीर्थस्थल र जलविद्युत् उत्पानकालागि बढी चर्चित हो। निर्माणाधीन जलविद्युत् आयोजनाको सुरुङमा हजारदेखि दुई हजारसम्मका कामदारहरू रहेका अनुमान छ। जस्तो माथिल्लो त्रिशूली १, ३ ए, ३ बी, लाङटाङ र चिलिमेलगायत आयोजनाका सुरुङमा परेका मानिसको अनुमानित संख्या हो यो। बुधबार आठ बजे यो घटना भयो। सरदरमा आधाघण्टाका बीच यी सबै विनास भइसकेका हुन्। व्यक्ति पहिचान नभए पनि यहाँभित्र मानिस छन् भन्ने त त्यसैदिन अनुमान भएको हो। तर तिनको उद्धारभने शनिबार रातीमात्रै सुरुभयो। यो बीचमा अर्थात् बुधबार र शनिबारका बीचमा गृहमन्त्री आफैँ सुरुङको मुख खोल्न बेल्चा लिएर काम गरिरहेका देखिए। त्यसो गरेको फोटो भाइरल भयो। तर काम भने एकरति अघि बढेन। बढ्ने कुरा पनि थिएन। किनभने गृहमन्त्री यसका विज्ञ होइनन्। छिमेकी देशले भने बाढीलगत्तै उद्धारका लागि आफू तयार रहेको भनेर सन्देश दिएको थियो र पछि दोहोऱ्यायो पनि तर सरकारले त्यस्तो सहयोग आवश्यक नभएको भनेर पन्छाइरह्यो। अन्तिममा पीडित परिवार अक्रोसित भएपछि मात्रै यी दुवैदेशबाट त्यस्तो सहयोग लिन मानियो र शनिबार अपराह्नबाट विज्ञको टोलीले काम थाल्यो। यसको तीन दिनअघि नै गृहमन्त्री सुदन गुरुङले माथिल्लो त्रिशूली ३ 'ए' आयोजनाको सुरुङमा फसेकाको उद्धारमा आफैँ खटेको समाचार सञ्चारमाध्यममा प्रवाह गरे, गराएका थिए। त्यसले पनि विपद्को केन्द्रीय कमाण्ड गर्नुपर्ने गृहमन्त्री प्राविधिकहरूले गर्ने काममा किन अघि सरे र उनको सरकारले विज्ञहरूलाई बोलाउन किन निषेध गऱ्यो भन्ने प्रश्नले उत्तर पाउन बाँकी छ।

गृहमन्त्रीको सुरुङ खन्ने काम आफू विपद्को उद्धारमा निकै तदारुकतासाथ लागको भनेर देखाउने उद्देश्यको थियो भन्ने बुझ्न सकिन्छ। जसले यति ठूलो संख्याका मानिसको जीवनमा यति ठूलो खेलवाड हुने थिएन होला। चार दिनअघि गर्नुपर्ने काम चार दिनपछि सुरु गरिँदा जसजसको ज्यान गयो, त्यसको जिम्मा सरकारले लिनुपर्छ। यसमाथि सरकार आफैँले गर्नुपर्ने काम विपक्षी दलले सुझाव दिंदा पनि गरेको पाइएन। अझ सत्तारुढका कतिपय सांसद बाढीले गरेको विनासलाई फोटो खिच्ने अवसरका रूपमा प्रस्तुत भएको देखियो। कतिपयले त्यसका लागि हेलिकप्टर प्रयोग गरेको फोटो आफैँले आफ्नो सञ्जालमा हाले। चार जनाको एउटा समूहमा तीनजनाले कालो चस्मा लगाएका देखियो। सत्तारुढ दलमा कालो चस्मा निकै चर्चामा आएको विषय बनिसकेको छ। यही क्रममा केही सांसदले त आफू पनि बाढीमा बगेको र कसैबाट उद्धार गर्न लगाएको फोटो खिचेकोसमेत देखियो। यो आफैँमा लोकप्रिय हुनेमध्येको एउटा काम ठानियो होला तर के यो ठाउँ र यो बेला त्यस्तो रमिता गर्ने उपयुक्त समय हो ? तिनले उत्तर दिऊन्।

आर्थिक अपराधको बढ्दो साम्राज्य



● तोमनाथ उप्रेती ●

डिजिटल अर्थतन्त्र आज विश्व आर्थिक प्रणालीको प्रमुख आधार बनेको छ। मोबाइल बैंकिङ, क्यूआर कोडमार्फत भुक्तानी, डिजिटल वालेट, ई-कमर्स तथा सामाजिक सञ्जालले आर्थिक गतिविधिलाई तीव्र, सहज र सीमाहीन बनाएका छन्। यी प्रविधिले सेवा प्रवाहलाई आधुनिक बनाएका छन्, वित्तीय समावेशीकरण विस्तार गरेका छन् र नागरिकको दैनिक जीवनलाई सरल बनाएका छन्। तर, प्रत्येक प्रविधिसँग जोखिम पनि जोडिएको हुन्छ। डिजिटल प्रविधिको यही तीव्र विस्तारले साइबर अपराधलाई नयाँ आयाम दिएको छ। अपराध अब भौगोलिक सीमाभित्र सीमित छैन; यसले अन्तरदेशीय स्वरूप ग्रहण गरिसकेको छ।

विगतमा अपराधीले पीडितसम्म पुग्न प्रत्यक्ष सम्पर्क, भौतिक उपस्थित वा स्थानीय सञ्जालको आवश्यकता पर्थ्यो। आज भने एउटा स्मार्टफोन, नक्कली वेबसाइट, फिसिङ लिंक, सामाजिक सञ्जालको नक्कली प्रोफाइल वा विदेशी सर्भरको प्रयोग गरेर हजारौँ किलोमिटर टाढाबाट समेत आर्थिक अपराध गर्न सम्भव भएको छ। कृत्रिम पहिचान, भर्चुअल निजी सञ्जाल , क्रिप्टोकरेन्सी र डिजिटल भुक्तानी प्रणालीको दुरूपयोगले अपराध अनुसन्धानलाई थप जटिल बनाएको छ। नेपालमा पछिल्ला वर्षहरूमा अनलाइन बेटिङ, अवैध सट्टेबाजी, नक्कली लगानी योजना, फिसिङ, ओटीपी चोरी, डिजिटल वालेट दुरूपयोग, सामाजिक सञ्जालमार्फत हुने ब्ल्याकमेलिङ तथा विदेशी नेटवर्कद्वारा सञ्चालित साइबर ठगीका घटनामा उल्लेखनीय वृद्धि भएको देखिन्छ। यी प्रवृत्तिले साइबर अपराध अब व्यक्तिगत आर्थिक क्षतिको विषय मात्र नरही राष्ट्रिय सुरक्षा, वित्तीय स्थायित्व, डिजिटल सार्वभौमिकता, सार्वजनिक विश्वास तथा सुशासनसमेत प्रभावित गर्ने गम्भीर नीतिगत चुनौतीका रूपमा स्थापित भएको स्पष्ट संकेत गर्छ।

मानिसले एक समय जुवा खेल्न क्यासिनो जानुपर्थ्यो। सट्टा लगाउन गल्ली खोज्नुपर्थ्यो। ठगी गर्न नक्कली कागजात बनाउनुपर्थ्यो। आज जेबमा मोबाइल छ। त्यही मोबाइलभित्र क्यासिनो पनि छ, दलाल पनि छ, ठग पनि छ, जसले पाँच मिनेटमै करोडपति बनाइदिने ग्यारेन्टी दिन्छन्। हामी डिजिटल युगमा बाँचिरहेका छौँ। तर कहिलेकाहीँ यस्तो लाग्छ प्रविधि अघि बढेको होइन, लोभले प्रविधिलाई अपहरण गरेको हो। आज संसारको सबैभन्दा ठूलो अपराधी बन्दुक बोकेर हिँड्दैन। उसले सुट लगाउँछ, टाइ लगाउँछ, आकर्षक कार्यालय सजाउँछ, चम्किलो वेबसाइट बनाउँछ र आफ्नो परिचयमा ठूलो अक्षरले लेख्छ– 'वित्तीय स्वतन्त्रता विशेषज्ञ।' उसको बोलीमा मिठास हुन्छ, अनुहारमा आत्मविश्वास हुन्छ र शब्दमा यति सम्मोहन हुन्छ कि मानिसले सत्यभन्दा सपना सजिलै पत्याउँछ। उसले लगानी होइन, लोभ बेचिरहेको हुन्छ। उसले अवसर होइन, भ्रमको व्यापार गरिरहेको हुन्छ। केही क्लिकमै धनी बनाउने आश्वासन दिएर उसले हजारौँ मानिसको परिश्रमको कमाइ लुटिरहेको हुन्छ।

कहिलेकाहीँ लाग्छ, अहिलेको समाजमा सबैभन्दा ठूलो विश्वविद्यालय फेसबुक हो। सबैभन्दा ठूलो बैंक टेलिग्राम हो। र सबैभन्दा ठूलो क्यासिनो एउटा मोबाइल एप। जसले जीवनभर गणितमा ३० नम्बर ल्यायो, उही आज क्रिकेटको प्रत्येक बलमा करोडको भविष्यवाणी गरिरहेको छ। 'यो बल चौका हुन्छ।' 'यो ओभरमा तीन विकेट।' 'यो टिमले १७८ रन।' भगवान्ले पनि भविष्य यति स्पष्ट देख्दैनन् होला। तर हाम्रो डिजिटल भविष्यवक्ता भने प्रत्येक मिनेट धनी बनाउने सपना बेचिरहेको हुन्छ।

अनलाइन जुवाको सबैभन्दा ठूलो शक्ति पैसा होइन, आशा हो। त्यो आशाले मानिसलाई भन्छ– 'अर्को पटक जित्छौ।' जुवाको इतिहास यही एउटा वाक्यमा अडिएको छ। जितेकाले खेल्दैन, हारेकाले छोड्दैन। यही मनोविज्ञानलाई एल्गोरिदमले अध्ययन गरिरहेको छ। तपाईं कहिले खेल्नुहुन्छ, कति हार्नुभयो, कहिले निराश हुनुहुन्छ, कहिले तलब आउँछ सबै थाहा छ। अब जुवा भाग्यमाथि चल्दैन, तपाईंको व्यवहारमाथि चल्छ।

सबैभन्दा दुःखद् दृश्य के हो? एउटा किसान ऋण तिर्न नसकेर रोएको दृश्य? एउटा बेरोजगार युवक अवसर खोजिरहेको दृश्य? त्यो पनि पीडादायी हो। तर अझ पीडादायी दृश्य तब हुन्छ, जब एउटा विद्यार्थी परीक्षा तयारी छोडेर लाइभ बेटिङ हेर्दै बस्छ। किनकि त्यो केवल पैसा गुमाइरहेको हुँदैन, उसले भविष्य गुमाइरहेको हुन्छ।

अनलाइन ठगीको सबैभन्दा ठूलो हतियार कम्प्युटर होइन, मानिसको लोभ हो। यदि लोभ बन्द भयो भने, आधा साइबर अपराध आफैँ बन्द हुन्छ। किनकि ठगले कहिल्यै गरिबी बेच्दैन। उसले सपना बेच्दछ। र सपना बेच्ने बजार संसारकै सबैभन्दा महँगो बजार हो।

आज डिजिटल ठगीले केवल बैंक लुट्दैन, विश्वास लुट्छ। विश्वास गुमेपछि प्रविधि पनि शंकास्पद हुन्छ। कसैले वास्तविक सहयोग मागे पनि मानिस भन्छ– 'कतै स्क्याम त होइन?' यही हो डिजिटल अपराधको सबैभन्दा ठूलो क्षति। यसले पैसा मात्र होइन, समाजको नैतिक पुँजी पनि नष्ट गर्छ।

अचम्म लाग्छ। विद्यालयमा अझै पनि बच्चाहरूलाई त्रिभुजको क्षेत्रफल सिकाइन्छ। तर फिसिङ लिंक कसरी चिन्ने, त्यो सिकाइँदैन। नदीको लम्बाइ कण्ठ गराइन्छ। तर इत्ए कसैलाई नदिनु भन्ने जीवनोपयोगी शिक्षा हुँदैन। परीक्षामा आउने कुरा पढाइन्छ, जीवनमा आउने कुरा होइन।

कतिपय अभिभावक सोच्छन्– 'मेरो छोरा त मोबाइलमै व्यस्त छ। घरमै छ। सुरक्षित छ।' तर उनीहरूलाई थाहा हुँदैन, त्यो बच्चा घरभित्र बसेर संसारकै ठूलो अपराध बजारसँग जोडिइरहेको हुन सक्छ। अपराधले अब ढोका ढकढक्याउँदैन। त्यो वाइफाइमार्फत प्रवेश गर्छ।

हामी अपराधीलाई दोष दिन्छौँ। दिनैपर्छ। तर एउटा प्रश्न आफूलाई पनि सोध्नुपर्छ। किन प्रत्येक चमत्कारमा हामी यति सजिलै विश्वास गर्छौँ? किन 'सय प्रतिशत नाफा' सुन्नासाथ विवेक छुट्टीमा जान्छ? किन मेहनतभन्दा सर्टकट प्रिय लाग्छ? यदि समाजलाई सजिलो झूट मन पर्छ भने, ठगहरूको उद्योग कहिल्यै बन्द हुँदैन।

डिजिटल अर्थतन्त्र विश्वासमाथि टिकेको हुन्छ। यदि विश्वास मरे, डिजिटल विकास पनि मर्छ। यसैले साइबर सुरक्षा नैतिक विषय पनि हो। यो शैक्षिक विषय पनि हो। यो सांस्कृतिक विषय पनि हो।

राज्यले कानुन बनाउनुपर्छ। कडा बनाउनुपर्छ। अन्तर्राष्ट्रिय सहकार्य गर्नुपर्छ। डिजिटल सम्पत्तिको निगरानी गर्नुपर्छ। साइबर प्रहरीलाई आधुनिक बनाउनुपर्छ। बैंकहरूको सुरक्षा प्रणाली बलियो बनाउनुपर्छ। तर यति गरेर मात्र पुग्दैन। किनकि सबैभन्दा कमजोर पासवर्ड प्रायः कम्प्युटरमा होइन, मानिसको विवेकमा हुन्छ।

हास्यास्पद कुरा के छ भने, हामी मोबाइलमा फेस लक राख्छौँ। तर दिमागमा कुनै लक राख्दैनौँ। अज्ञात व्यक्तिले भन्यो– 'तपाईं भाग्यशाली विजेता हुनुहुन्छ।' हामी तुरुन्त विश्वास गर्छौँ। 'तपाईंलाई पुरस्कार परेको छ।' हामी नाच्न थाल्छौँ। 'पहिले सानो शुल्क तिर्नुस्।' हामी झन् उत्साहित हुन्छौँ। त्यसपछि बैंक खाता खाली हुन्छ। र अन्त्यमा फेसबुकमा लेख्छौँ– 'साथीहरु, म स्क्याममा परेँ।' दुःखको कुरा, त्यो स्टाटस लेख्ने बेलासम्म ठग अर्को शिकार खोज्न थालिसकेको हुन्छ।

सभ्यताको इतिहास हेर्दा हरेक युगमा डाकु थिए। पहिले जंगलमा बस्थे। पछि सडकमा आए। अहिले क्लाउडमा बस्छन्। पहिले घोडामा चढ्थे। अहिले हाइ-स्पिड इन्टरनेटमा दौडिन्छन्। पहिले मुख छोप्थे। अहिले प्रोफाइल फोटोमा सूट लगाउँछन्। अपराधको विकास पनि प्रविधिसँगै भइरहेको छ। त्यसैले नैतिकताको विकास त्यसभन्दा तीव्र हुनुपर्छ।

समृद्ध राष्ट्र त्यहाँ बन्दैन, जहाँ सबैले धेरै पैसा कमाउँछन्। समृद्ध राष्ट्र त्यहाँ बन्छ, जहाँ पैसा कमाउने प्रत्येक बाटो इमानदार हुन्छ। किनकि अवैध सम्पत्तिले महल बनाउन सक्छ, तर सभ्यता बनाउन सक्दैन। अन्ततः प्रश्न प्रविधिको होइन, प्रश्न मानिसको हो। मोबाइल दोषी होइन। मोबाइल चलाउने चेतना दोषी वा निर्दोष हुन्छ। इन्टरनेट अपराधी होइन। अपराधी त लोभ, छल, कपट र अनैतिक महत्वाकांक्षा हुन्।

हामीले डिजिटल नेपाल बनाउने सपना देखेका छौँ। तर यदि डिजिटल चेतना निर्माण गर्न सकेनौँ भने, त्यो सपना डिजिटल दलदलमा परिणत हुन धेरै समय लाग्ने छैन। याद राखौँ, जुवाले कहिल्यै समाज धनी बनाएको इतिहास छैन। ठगीले कहिल्यै राष्ट्र समृद्ध बनाएको इतिहास छैन। सट्टेबाजीले कहिल्यै चरित्र निर्माण गरेको इतिहास छैन। तर इमानदारी, मेहनत, विवेक र नैतिकताले भने सधैँ सभ्यता निर्माण गरेको इतिहास छ। डिजिटल युगमा सबैभन्दा ठूलो एन्टिभाइरस सफ्टवेयर होइन, जागरूक नागरिक हो। सबैभन्दा बलियो फायरवाल प्रविधि होइन, चरित्र हो। र सबैभन्दा सुरक्षित पासवर्ड अक्षर र अंकको संयोजन होइन, सत्य, विवेक र नैतिकताको संयोजन हो।

यससँगै नेपालमा डिजिटल फरेन्सिक प्रयोगशालाको क्षमता, साइबर अनुसन्धानका लागि आवश्यक आधुनिक उपकरण, कृत्रिम बुद्धिमत्तामा आधारित डेटा विश्लेषण प्रणाली तथा दक्ष प्राविधिक जनशक्तिको अभाव स्पष्ट रूपमा देखिन्छ। ठूलो परिमाणमा हुने डिजिटल कारोबारबाट शंकास्पद गतिविधि पहिचान गर्न सक्षम स्वचालित विश्लेषण प्रणाली पर्याप्त विकसित हुन सकेको छैन। त्यसैगरी सामाजिक सञ्जाल, डार्क वेब, अनलाइन बेटिङ प्लेटफर्म तथा फिसिङ वेबसाइटहरूको नियमित निगरानी गर्ने साइबर गस्ती प्रणाली पनि अपेक्षित स्तरमा संस्थागत हुन सकेको छैन। फलस्वरूप नेपालमा साइबर सुरक्षा रणनीति अझै पनि प्रतिक्रियामूलक स्वरूपमा केन्द्रित देखिन्छ, जहाँ अपराध भइसकेपछि अनुसन्धान र अभियोजनमा बढी स्रोत परिचालन गरिन्छ। बदलिँदो डिजिटल अपराधको प्रकृतिलाई प्रभावकारी रूपमा नियन्त्रण गर्न अब पूर्वसक्रिय साइबर सुरक्षा प्रणाली, वास्तविक समयमै सूचना आदानप्रदान गर्ने एकीकृत नेटवर्क, कृत्रिम बुद्धिमत्तामा आधारित जोखिम विश्लेषण, अन्तरसंस्थागत समन्वय तथा अन्तर्राष्ट्रिय सहकार्यमा आधारित आधुनिक अनुसन्धान प्रणालीको विकास अपरिहार्य भइसकेको छ।

आधुनिक साइबर सुरक्षामा कृत्रिम बुद्धिमत्ता प्रभावकारी सुरक्षा उपकरणका रूपमा स्थापित हुँदै गएको छ। डिजिटल कारोबारको परिमाण तीव्र गतिमा बढिरहेका बेला परम्परागत निगरानी प्रणाली मात्र पर्याप्त हुँदैन। कृत्रिम बुद्धिमत्तामा आधारित प्रणालीले लाखौँ वित्तीय कारोबार, अनलाइन गतिविधि र नेटवर्क ट्राफिकलाई वास्तविक समयमै विश्लेषण गरी असामान्य व्यवहार, नक्कली वेबसाइट, फिसिङ लिंक, बोट नेटवर्क, ठगीमा प्रयोग हुने सामाजिक सञ्जाल खाता तथा शंकास्पद वित्तीय कारोबार तुरुन्त पहिचान गर्न सक्छ। यसले जोखिमको प्रारम्भिक संकेत प्रदान गरी अपराध हुनुअघि नै रोकथाम गर्ने क्षमता विकास गर्छ। तथापि, कृत्रिम बुद्धिमत्ता अन्तिम निर्णयकर्ता होइन। यसले निर्णय प्रक्रियालाई तथ्य, विश्लेषण र जोखिम मूल्यांकनमार्फत सहयोग गर्ने निर्णय-सहायक प्रणालीका रूपमा कार्य गर्नुपर्छ। अन्तिम निर्णय भने कानुन, नैतिकता, प्रमाण र मानव विवेकका आधारमा प्रशिक्षित अधिकारीबाटै हुनुपर्छ। यही मानवकेन्द्रित दृष्टिकोण अमेरिका, बेलायत, सिङ्गापुर तथा युरोपेली संघलगायत विकसित मुलुकहरूले अपनाइरहेका छन्।

साइबर अपराध नियन्त्रण प्रहरी वा अनुसन्धान निकायको मात्र जिम्मेवारी होइन; यो साझा सामाजिक उत्तरदायित्वको विषय हो। नेपाल राष्ट्र बैंक, बैंक तथा वित्तीय संस्था, डिजिटल भुक्तानी सेवा प्रदायक, दूरसञ्चार कम्पनी, इन्टरनेट सेवा प्रदायक, सामाजिक सञ्जाल कम्पनी, शैक्षिक संस्था, सञ्चारमाध्यम तथा नागरिक समाजले समन्वित रूपमा जिम्मेवारी निर्वाह गर्नुपर्छ। विद्यालयदेखि विश्वविद्यालयसम्म डिजिटल साक्षरता र साइबर सुरक्षासम्बन्धी शिक्षा विस्तार गर्नु, नागरिकलाई डिजिटल जोखिमबारे निरन्तर सचेत गराउनु तथा सुरक्षित डिजिटल व्यवहारको संस्कार विकास गर्नु दीर्घकालीन समाधानका आधार हुन्। वास्तवमा डिजिटल साक्षरता नै साइबर अपराधविरूद्धको पहिलो र सबैभन्दा प्रभावकारी सुरक्षा कवच हो।

अनलाइन जुवा, सट्टेबाजी र डिजिटल ठगी सामान्य आर्थिक अपराधका सीमाभित्र सीमित छैनन्। यिनले राष्ट्रिय अर्थतन्त्र, वित्तीय प्रणाली, साइबर सुरक्षा, सार्वजनिक विश्वास, सुशासन तथा डिजिटल सार्वभौमिकतामाथि प्रत्यक्ष प्रभाव पार्ने बहुआयामिक चुनौती सिर्जना गरेका छन्। नेपालमा आवश्यक कानुनी आधार विद्यमान भए पनि प्रभावकारी कार्यान्वयन, अन्तरसंस्थागत समन्वय, आधुनिक डिजिटल फरेन्सिक पूर्वाधार, कृत्रिम बुद्धिमत्तामा आधारित निगरानी प्रणाली, दक्ष जनशक्ति तथा अन्तर्राष्ट्रिय सहकार्यलाई अझ सुदृढ बनाउन आवश्यक छ।

साइबर अपराध नियन्त्रणका लागि कानुन मात्र पर्याप्त हुँदैन; प्रविधि, सुशासन, संस्थागत उत्तरदायित्व, वित्तीय निगरानी, डिजिटल साक्षरता र अन्तर्राष्ट्रिय सहयोगलाई एकीकृत रणनीतिका रूपमा अघि बढाउनुपर्छ। नेपालले पनि रोकथाम, पहिचान, अनुसन्धान र दण्डलाई एउटै समन्वित साइबर सुरक्षा संरचनाभित्र रूपान्तरण गर्न सके मात्र सुरक्षित, विश्वसनीय र दिगो डिजिटल अर्थतन्त्र निर्माण गर्न सम्भव हुनेछ।

डिजिटल युगमा विश्वास नै सबैभन्दा मूल्यवान् सार्वजनिक सम्पत्ति हो, र त्यसको संरक्षण राज्य, निजी क्षेत्र तथा प्रत्येक नागरिकको साझा दायित्व हो। प्रविधि आफैँ न त मित्र हो, न त शत्रु; त्यसको चरित्र प्रयोगकर्ताको नैतिकताले निर्धारण गर्छ। यदि प्रविधिलाई विवेक, उत्तरदायित्व र सुशासनसँग जोड्न सक्यौँ भने डिजिटल युग समृद्धिको आधार बन्न सक्छ; तर यदि लोभ, छल र दण्डहीनतालाई प्रविधिको साथ मिल्यो भने यही डिजिटल संसार आर्थिक अपराधको विशाल साम्राज्यमा रूपान्तरण हुनेछ। त्यसैले सुरक्षित डिजिटल भविष्य निर्माण गर्ने पहिलो शर्त अत्याधुनिक प्रविधि होइन, उच्च नैतिक चेतना, सचेत नागरिक, उत्तरदायी संस्था र कानुनको निष्पक्ष शासन हो। जब प्रविधि, नीति, नैतिकता र नागरिक चेतना एउटै दिशामा अघि बढ्छन्, तब मात्र डिजिटल विकासले समृद्धि, सुरक्षा र सार्वजनिक विश्वासलाई दिगो रूपमा सुनिश्चित गर्न सक्छ।

(लेखक नेपाल सरकारका उपसचिव हुन्।)

गैर–आर्थिक क्षेत्र र बाध्यकारी श्रममहासन्धि



● यादव घिमिरे ●

आर्थिक समृद्धि र राष्ट्रिय विकासका ठूला बहसहरूमा हामी प्रायः कुल गार्हस्थ्य उत्पादन, वैदेशिक रोजगार, राजस्व संकलन र व्यापार घाटाका सुख्खा तथ्यांकहरूमा अल्झिने गर्छौँ। अंक गणितको यो चम्किलो संसारभन्दा निकै टाढा, देशलाई भित्रभित्रै चलायमान बनाउने र औपचारिक अर्थतन्त्रलाई गतिशीलता प्रदान गरिरहने अर्को एउटा यस्तो विशाल क्षेत्र छ, जो राष्ट्रिय लेखा प्रणालीको खातामा कहीकतै देखिँदैन। त्यो नै हाम्रो समाजको गैर-आर्थिक क्षेत्र हो।

प्रत्यक्ष रूपमा बजारमा खरिद-बिक्री नहुने र जसको श्रमको बदलामा कुनै पारिश्रमिक तोकिँदैन, त्यस्ता सम्पूर्ण सामाजिक, सांस्कृतिक, घरेलु र स्वयंसेवी क्रियाकलापहरु यसको प्राण हुन्। घरीघरी मनमा लाग्छ, यदि नेपालका गाउँघर र सहरहरूमा आमा, भाउजु र दिदीबहिनीहरूले बिहान सबेरैदेखि राति अबेरसम्म गर्ने भान्छा, सरसफाइ र बालबच्चा एवं वृद्धवृद्धाको हेरचाह एक दिनका लागि मात्रै ठप्प पारिदिने हो भने हाम्रो बजारको आर्थिक चक्र को हालत के होला ? निश्चय नै, त्यो दिन देशको सम्पूर्ण आर्थिक संरचना नै तासको महलजस्तै ढल्नेछ। त्यसैले, गैर-आर्थिक क्षेत्र अर्थतन्त्रको अनुत्पादक वा व्यर्थको हिस्सा होइन, बरू यो त दृश्य अर्थतन्त्रलाई आफ्नै काँधमा टिकाइराख्ने एउटा अदृश्य तर बलियो मेरूदण्ड हो।

यो क्षेत्र व्यावसायिक नाफा वा मौद्रिक लाभको लोभबाट कहिल्यै निर्देशित हुँदैन, बरू यसको उत्पत्ति कर्तव्य, मानवीय स्नेह, सामाजिक उत्तरदायित्व र आत्मसन्तुष्टिको पवित्र जगमा भएको हुन्छ। आज श्रम बजारमा कमान्ड सम्हाल्ने एकजना दक्ष इन्जिनियर, कुशल डाक्टर वा उत्पादनशील श्रमिक तब मात्र आफ्नो कार्यक्षेत्रमा पूर्ण ऊर्जाका साथ खटिन सक्छ, जब उसलाई घरमा पारिवारिक सुरक्षा, न्यानो स्नेह र मानसिक पुनर्ताजगी प्राप्त हुन्छ। यो बलियो मानवीय आधार तयार गरिदिने काम यही ओझेलमा परेको क्षेत्रले गरिरहेको छ।

यसका साथै हाम्रो समाजमा परापूर्वकालदेखि चल्दै आएको गुठी प्रथा, अर्मपर्म, श्रमदान, र सामाजिक विपद्का बेला युवाहरूले प्रदर्शन गर्ने स्वयंसेवी भावना सामाजिक पुँजीका उत्कृष्ट उदाहरण हुन्। विनाशकारी भूकम्प वा महामारीका संकटपूर्ण घडीमा राज्यको औपचारिक उपस्थितिभन्दा पहिले स्थानीयस्तरमा युवाहरूले बगाएको पसिनाले मुलुकलाई ठूलो मानवीय र आर्थिक क्षति हुनबाट जोगाएको यथार्थ कसैसामु छिपेको छैन। त्यस्तै, सामुदायिक वन उपभोक्ता समितिमार्फत गाउँलेहरूले सित्तैमा गर्ने वन जंगल र पर्यावरणको संरक्षणले देशको दिगो विकासमा पुऱ्याएको योगदानको मूल्य कुनै पनि तराजुमा जोख्न सकिँदैन।

नेपाली श्रम बजारको बनोटलाई नजिकबाट नियाल्ने हो भने गैर-आर्थिक र आर्थिक क्षेत्रबीचको सिमाना निकै धमिलो देखिन्छ। देशको ठूलो जनशक्तिको अमूल्य समय र श्रम घरेलु कार्यमा खर्च भइरहेको छ, जसमा महिलाहरूको हिस्सा अत्यधिक र न्यायहीन ढंगले बढी छ। युवा र पुरूषहरु वैदेशिक रोजगारी वा बाह्य श्रम बजारमा होमिंदा घरको सम्पूर्ण जिम्मेवारी, परम्परागत खेतीपाती, र वृद्धवृद्धाको हेरचाह ग्रामीण महिलाको काँधमा आइपुगेको छ। महिलाहरूले भित्रै बसेर गर्ने यो बहुमूल्य श्रमले पुरूषलाई ढुक्क भएर कमाउने र देशमा रेमिट्यान्सको खोलो भित्र्याउने वातावरण त बनाइदिएको छ, तर विडम्बनाको कुरा, राज्यको परम्परागत आँखाले यी महिलाहरूलाई अझै पनि बेरोजगार वा आर्थिक रूपमा निष्क्रिय जनशक्तिको रूपमा मात्र देख्छ। यो विभेदपूर्ण दृष्टिकोण श्रम बजारमा व्याप्त लैंगिक असमानताको सबैभन्दा कुरूप ऐना हो, जसले महिलाको समयको गरिबीलाई झन् गहिरो बनाउँदै लगेको छ।

ग्रामीण क्षेत्रका महिला र बालबालिकाहरु अझै पनि खानेपानी लिन घण्टौँ हिँड्नुपर्ने, इन्धनका लागि दाउरा संकलन गर्नुपर्ने र धुवाँमय चुलोचौकोमै आफ्नो उर्जावान् जीवन सिध्याउन बाध्य छन्। यदि आधुनिक प्रविधिको प्रयोगमार्फत यो समयलाई बचत गर्न सकिएको भए, उनीहरूले गुणस्तरीय शिक्षा पाउने थिए र औपचारिक श्रम बजारमा सानका साथ प्रवेश गरेर देशको आय बढाउन सक्ने थिए।

अहिले देशले भोगिरहेको अर्को ठूलो संकट हेरचाहको शून्यता र सामाजिक विघटन हो। युवा जनशक्ति रोजगारी र अध्ययनका नाममा तीव्र रूपमा विदेशिइरहेका बेला गाउँघरमा ज्येष्ठ नागरिकहरु नितान्त एक्ला र असहाय बनेका छन्। बिरामी पर्दा अस्पताल लैजाने वा ओछ्यानमा पानी दिने कोही नहुँदा उनीहरूले भोग्नुपरेको मानसिक र शारीरिक सास्ती देशको सामाजिक पुँजीमा भइरहेको ठूलो नोक्सानी हो।

अर्कोतर्फ, विकासका नाममा प्राकृतिक स्रोतको तीव्र दोहन हुँदा स्वच्छ हावा, सफा पानी र हरियाली जस्ता रैथाने उपहारहरु गुम्दै गइरहेका छन्, जसको सिधा नकारात्मक असर नागरिकको स्वास्थ्य र उपचार खर्चमा परिरहेको छ। यी तमाम चुनौतीहरूलाई चिर्दै मुलुकको चौतर्फी विकासतर्फ पाइला चाल्ने हो भने हामीले भौतिक पूर्वाधार र सडक खन्ने पुरानो परिभाषालाई बदल्नै पर्छ। वास्तविक विकास तब मात्र सम्भव हुन्छ, जब आर्थिक वृद्धिसँगै सामाजिक न्याय, मानवीय मर्यादा र वातावरणीय सन्तुलनको त्रिवेणी बग्दछ।

खुसीको कुरा, ढिलै भए पनि संसद् र नीतिगत तहमा गैर-आर्थिक क्षेत्र र हेरचाह अर्थतन्त्रलाई लिएर महत्त्वपूर्ण बहस र सकारात्मक पहलहरु सुरूहुन थालेका छन्। हालै संसद्मा अन्तर्राष्ट्रिय श्रम सङ्गठनको बाध्यकारी श्रम महासन्धि अनुमोदन भएको छ, जसले श्रम बजारका अनौपचारिक र अदृश्य पाटाहरूलाई औपचारिक रूपमा सम्बोधन गर्ने कानुनी बाटो खोलेको छ। यसबाहेक विभिन्न संसदीय समिति र राष्ट्रिय संवादहरूमा मुख्य गरी अवैतनिक घरेलु श्रमको कानुनी मान्यता र समुदायमा आधारित हेरचाह सहकारी स्थापना गर्ने मुद्दामा घनीभूत छलफल चल्नुले यो अदृश्य क्षेत्रले राज्यको ध्यान खिच्न थालेको संकेत गर्छ। यद्यपि संसद्मा हुने छलफलहरु प्रायः सैद्धान्तिक र सांकेतिक मात्र हुने खतरा रहन्छ, त्यसैले केवल भाषण र कागजमा कदर गरेर मात्र पुग्दैन। वास्तवमै श्रम बजारको यो नोक्सानी कम गर्ने हो भने राज्यले यसलाई एउटा अपरिहार्य आर्थिक पूर्वाधारको रूपमा स्विकार्दै ठोस बजेटरी योजना ल्याउनु आवश्यक छ।

यसका लागि सर्वप्रथम सरकारले आफ्नो राष्ट्रिय लेखा प्रणालीमा व्यापक सुधार गरी घरेलु र हेरचाह कार्यको आर्थिक मूल्य कति हुन्छ भनेर मापन गर्ने अदृश्य र सित्तैमा भइरहेको घरेलु श्रमलाई राष्ट्रिय अर्थतन्त्रको तथ्यांकमा दृश्य र मूल्यवान् बनाउने कानुनी तथा आर्थिक औजारको रूपमा उपग्रह खाता प्रणालीको औपचारिक सुरूवात गर्नुपर्छ, किनकि श्रमको पहिचान नै सम्मानको पहिलो पाइला हो। ग्रामीण क्षेत्रमा खानेपानीको घर-घरमै पहुँच पुऱ्याएर तथा नवीकरणीय ऊर्जाको सर्वसुलभता बढाएर महिलाहरूको घरायसी कार्यबोझलाई हल्का बनाउनु आजको प्राथमिक आवश्यकता हो।

राज्यले स्थानीय तहहरूसँग समन्वय गरी टोल-टोलमा गुणस्तरीय शिशु स्याहार केन्द्र र सुविधासम्पन्न ज्येष्ठ नागरिक मिलन केन्द्रहरूको स्थापना गर्नुपर्छ, ताकि पारिवारिक हेरचाहको भारी राज्य र समाजले पनि आपसमा बाँड्न सकोस्। साथै, औपचारिक क्षेत्रमा महिला र युवाहरूको सहभागितालाई प्रोत्साहन गर्न आंशिक समयको काम, घरबाटै काम गर्ने वातावरण वा लचिलो कार्यसमयको कानुनी ग्यारेन्टी गर्नु बुद्धिमानी हुनेछ।

हामीले परिकल्पना गरेको समृद्ध र सुखी नेपालको सपना तब मात्र साकार हुनेछ, जब अर्थतन्त्रको यो अदृश्य जगलाई नीतिगत रूपमा सम्मान र संरक्षण गरिन्छ। गैर-आर्थिक क्षेत्रमा भइरहेको क्षयलाई रोक्नु र यसको कदर गर्नु भनेको परोक्ष रूपमा देशकै कुल उत्पादकत्व र नागरिकको खुसीलाई बढाउनु हो। अबका बजेट, योजना र नीतिहरु केवल कर संकलनको अंक गणितमा मात्र केन्द्रित नभएर नेपाली समाजको आत्मिक, सामाजिक र घरेलु श्रमको निष्कपट मूल्यलाई बुझ्ने खालका हुनुपर्छ। अदृश्य रूपमा शान्त नदीजस्तै बगिरहेको यो श्रमको अवमूल्यन गरिरहेसम्म हाम्रो आर्थिक विकासको उडान सधैँ एकाङ्गी, न्यायहीन र अधुरो नै रहनेछ।

(लेखक काठमाडौँ महानगर पालिकाका पूर्व निर्देशक हुन्।)

'जलवायु परिवर्तनका परिणामबारे विश्वका नेताहरू संवेदनशील बनून्'

■ एजेन्सी
संयुक्त राष्ट्रसंघ, भदौ १५

प्रशान्त महासागरमा बढ्दो समुद्री सतहबारे विश्वका नेताहरु संवेदनशील बन्नुपर्ने राष्ट्रसंघीय अधिकारीहरूले बताएका छन् । विश्वको प्रमुख अर्थतन्त्र मानिने मुलुकका नेताहरूले प्रशान्त महासागरको एउटा टापुमा उभिएर समुद्री सतहको उच्च वृद्धि वास्तविकता आफ्नै आँखाले देख्नुपर्छ भन्ने कुरा संयुक्त राष्ट्रसंघका एक उच्च अधिकारीले पलाउमा सोमबार बताएका हुन् ।

गत साता नेपालमा भएको घातक बाढीलाई उल्लेख गर्दै संयुक्त राष्ट्रसंघकी उपमहासचिव अमिना मोहम्मदले प्रशान्त महासागरमा बढ्दो समुद्री सतह त्यसको 'अर्को पाटो' भएको बताइन् । 'हामीलाई पहिले नै थाहा थियो कि तातो जलवायुले विश्वका बरफलाई असाधारण गतिमा परिवर्तन गरिरहेको छ, जसले हिमनदीमुनि बस्ने समुदायलाई मात्र खतरामा पार्दैन, बरू हाम्रा महासागरहरूमा थप पानी थपारिरहेको छ', उनले पत्रकारहरूसँग भनिन् ।

मोहम्मदले पलाउमा बोल्दै भनिन्, 'प्रशान्त क्षेत्रका नेताहरु जलवायु परिवर्तन, अपराध र क्षेत्रीय सुरक्षालगायतका चुनौतीहरुबारे छलफल गर्न वार्षिक शिखर सम्मेलनका लागि भेला भएका छन् । उनीहरूले मानव सिर्जित जलवायु परिवर्तनका कारकलाई नियन्त्रण गर्न पहलहरूलाई थप सशक्तताका समथ अघि बढाउनुपर्छ ।' मोहम्मदका अनुसार राष्ट्रसंघले जी-२० समूह राष्ट्रका नेताहरूलाई अक्टोबरमा विश्वको सानो राष्ट्रमध्ये एक मुलुक टुभालुमा आयोजना हुने बैठकमा सहभागी भई प्रतिबद्धता जनाउन आग्रह गरिरहेको छ । यो बैठक टर्कीमा हुने आगामी संयुक्त राष्ट्र जलवायु शिखर सम्मेलनअघि हुनेछ ।

'हामीलाई लाग्छ कि उनीहरु आएर विश्वलाई उनीहरूले के गर्नुपर्छ भन्ने कुरामा सोँच्चै संलग्न हुनुपर्छ', उनले भनिन् । यद्यपि सम्मेलनमा प्रशान्त क्षेत्रबाहिरका थोरै नेता मात्र यात्रा गर्ने चिन्ता छ । जलवायु संकटमा सबैभन्दा संवेदनशील देशहरूमध्ये एक टुभालुले वैज्ञानिकहरूले अधिकांश भूमि डुब्न सक्ने भविष्यवाणी गरेपछि आफ्नो जनसंख्यालाई स्थानान्तरण गर्न तयारी गरिरहेको छ ।

पलाउका वातावरण मन्त्री स्टिमन मिक्टरले भने, 'प्रशान्त क्षेत्र 'कुनै पनि अनुदान मान्दै छैन' तर बढ्दो समुद्री सतहबाट सबैभन्दा बढी प्रभावित समुदायहरूलाई सामना गर्न उनीहरूसँग स्रोत कम छन्। यो समृद्ध राष्ट्रले बुझ्नुपर्छ । समस्यालाई उनीहरु आएर प्रत्यक्ष देख्नुपर्छ र समाधानका लागि तत्पर बन्नुपर्छ ।' सोमबार प्रकाशित संयुक्त राष्ट्रको प्रतिवेदनले महासागर तातो बन्दै जाँदा र हिमनदी पग्लने कारणले समुद्री सतह वृद्धि रेकर्ड गतिमा भइरहेको देखाएको छ ।

सन् २०५० सम्मा १.२ अर्बसम्म मानिस विस्थापित हुन सक्छन् भने प्रशान्त टापु राष्ट्रहरूमा समुद्री सतह वृद्धि विश्वको औसतभन्दा दोब्बर छ', प्रतिवेदनमा भनिएको छ । यसले वित्तपोषणको खाडल पनि उजागर गरेको छ। विकासशील देशहरूलाई अनुकूलनका लागि ३५०-३६५ अर्ब डलर चाहिन्छ, तर सन् २०२३ मा अनुकूलन वित्त मात्र २६ अर्ब डलर उपलब्ध थियो ।

सोमबार पलाउमा वैज्ञानिकहरूले जारी गरेको अर्को प्रतिवेदनमा भनिएको छ, 'कोरल चट्टानहरु 'पतनको संघार' मा छन् । जलवायु परिवर्तनका कारण ४० वर्षमा कडा कोरलको विश्वव्यापी अवस्था ९.५ प्रतिशत घटेको छ ।' 'ग्लोबल कोरल रिफ मोनिटरिङ नेटवर्क'ले ९२० देशका ३७ हजार चट्टानका तथ्यांक विश्लेषण गर्दा प्रमुख 'ब्लीचिङ' का घटनाहरुबीचको समय अन्तर साँघुरिएको पाइएको छ ।

ब्लीचिङपछि पर्याप्त समय भएमा चट्टानहरु पुनःप्राप्त हुन सक्छन्, तर समुद्री ताप लहरको आवृत्तिले आंशिक प्रगति मात्र हुन्छ । अध्ययनले सन् २०१० देखि हरेक पाँच देखि छ वर्षमा प्रमुख ब्लीचिङ घटना भएको पत्ता लगाएको छ । 'हामी उनीहरूलाई पुनःप्राप्त गर्न आवश्यक अवस्था बिस्तारै नष्ट गर्दैछौं', अध्ययनका प्रमुख लेखक स्यानुएल गोन्जालेज रिभेरोले भने ।

उनले भने, 'जलवायु परिवर्तनले अझ बारम्बार र गम्भीर समुद्री ताप लहर निम्त्याइरहेको छ, र कमसल पानीको गुणस्तर, अत्यधिक माछा मार्ने क्रम र तटीय विकासजस्ता स्थानीय दबाबले चट्टानहरूलाई यसको सामना गर्न अझ कमजोर बनाइरहेको छ ।' सबैभन्दा बढी प्रभावितमध्ये अस्ट्रेलिया, प्रशान्त र क्यारिबियनका चट्टानहरु रहेका छन् ।

लगभग ९० करोड मानिस कोरल चट्टानबाट पाँच किलोमिटर भित्र बस्छन्, जुन दुई दशकमा ४६ प्रतिशतको वृद्धि हो । 'प्रशान्त राष्ट्रहरुका लागि समुद्र राजमार्ग थियो, जसले मानिसहरूलाई जोड्थ्यो, तर अहिले संकटमा छ', पलाउका राष्ट्रपति सुरान्जेल ह्विप्प्सले भने ।

जापानले ५५.६ अर्ब डलरको रक्षा बजेट प्रस्ताव, एआई विकासमा जोड दिने

■ एजेन्सी
टोक्यो, भदौ १५



जापानको रक्षा मन्त्रालयले सोमबार ८९ ट्रिलियन येन (५५.६ अर्ब डलरबराबर)को विशाल आकारको बजेट माग गरेको छ । तनावपूर्ण सुरक्षा वातावरणमा निर्णय प्रक्रिया छिटो बनाउन टोकियो कृत्रिम बुद्धिमत्ता (एआई)तर्फ लागिरहेको छ । बजेटको अन्तिम रूप ९० ट्रिलियन येनसम्म पुग्न सक्ने रिपोर्ट जापानी अधिकारीहरूले गरेका छन् । जापानले चीन, उत्तर कोरिया र रूससँग बढ्दो तनाव सामना गर्न रक्षा क्षेत्रको व्यापक स्तरोन्नति गर्दैछ ।

नवीनतम मागले एआई, ड्रोन र स्ट्यान्डअफ क्षेप्यास्त्रको प्रयोगजस्ता युद्धका नयाँ तरिकाको सामना गर्न आवश्यकता देखिएको भन्ने विषयलाई जोड दिएको छ । मागअनुसार मन्त्रालयले एआई-सञ्चालित निर्णय सहयोग प्रणाली लागू गर्न चाहन्छ । यसले कम लागतका ड्रोन किन्न पनि चाहन्छ, जसले लामो दूरीका क्षेप्यास्त्रसँग मिलेर शत्रुका सम्पत्ति निष्क्रिय पार्न सक्छ । मन्त्रालयले पानीमुनिबाट प्रक्षेपण हुने हाइपरसोनिक क्षेप्यास्त्र विकास गर्ने र संज्ञानात्मक युद्धविरुद्ध रक्षा बलियो बनाउन नयाँ इकाई स्थापना गर्ने योजना बनाएको छ । संज्ञानात्मक युद्ध गलत सूचना अभियानमार्फत सार्वजनिक मतलाई प्रभाव पार्ने बढ्दो खतरा हो ।

सन् २०२७ अप्रिलदेखि सुरु हुने आर्थिक वर्षको बजेट मागले जापानले अस्थिर भूराजनीतिक यथार्थ सामना गर्न सैन्य क्षमता बढाउने र आत्मरक्षाका लागि मात्र बल प्रयोगजस्ता परम्परागत शान्तिवादी अडान बिस्तारै छोड्ने नवीनतम कदम देखाउँछ । चीनको तीव्र सैन्य विस्तार र उत्तर कोरियाको क्षेप्यास्त्र तथा आणविक हतियारको निरन्तर विकासले जापानलाई सुरक्षा बलियो बनाउन बाध्य पारेको छ । युक्रेनमा रूसको युद्धले जापानी नीति निर्माताहरूमा पूर्वी एसियामा पनि यस्तै द्वन्द्व हुन सक्ने चिन्ता बढाएको छ ।

चीनको ताइवानमाथि बढ्दो दबाब र जापानसँगको क्षेत्रीय विवादलाई ध्यानमा राख्दा यस्तो चिन्ता आएको हो ।

निक्केई नामक जापानी पत्रिकाले नाम उल्लेख नगरिकन सत्ताधारी दलका एक सांसदलाई सूचनाको स्रोतव्यक्ति बताउँदै लेखेको छ, 'रक्षा मन्त्रालयको माग १० ट्रिलियन येनभन्दा बढी हुन सक्नेछ ।' हालको मागमा क्षेप्यास्त्र, ड्रोन र डिजिटल प्रणालीलगायत धेरै उत्पादन तथा सेवाको अनुमानित लागत उल्लेख छैन । यी अंकहरु सरकारले वर्षको अन्त्यसम्मा मूल राष्ट्रिय सुरक्षा दस्तावेजहरुको संशोधन पूरा गरेपछि अन्तिम रूप दिइने रक्षा अधिकारीहरूले बताएका छन् ।

ती तीन दस्तावेजले देशको सुरक्षा वातावरणको मूल्यांकन गर्दै भविष्यको रक्षा क्षमताको रूपरेखा तय गर्छन् । जापानले सैन्य खर्च र एसियामा सुरक्षा सहकार्य बढाइरहेको छ । बाहिरी टापुहरुमा क्षेप्यास्त्र प्रक्षेपण यन्त्र तैनाथ गर्ने, 'प्रतिकार क्षमता' हासिल गर्ने र हतियार निर्यात नियम खुकुलो पार्ने कदम चालेको छ । चीनविरोधी मानिने प्रधानमन्त्री सानाइ ताकाइचीले राष्ट्रिय रक्षा आफ्नो परम्परागत एजेन्डाको शीर्षमा राखेका छन् ।

ताकाइचीले नोभेम्बरमा ताइवानसम्बन्धी कुनै पनि द्वन्द्वमा जापान सैन्य रूपमा हस्तक्षेप गर्न सक्ने संकेत दिएपछि चीनसँगको सम्बन्ध तीव्र रूपमा बिग्रिएको थियो । बेइजिङले ताइवानलाई आफ्नो क्षेत्र मान्छ । चीनले जापानको 'नयाँ सैन्यवाद' फर्केको भनी चिन्ता व्यक्त गरेको छ । 'ताकाइचीको नेतृत्वमा सरकारले समग्र बजेट माग करिब १४३ ट्रिलियन येन बनाउने अपेक्षा छ, जुन चालू आर्थिक वर्षको १२२४ ट्रिलियन येनको मागभन्दा दूलो वृद्धि हो', निक्केइले समाचारमा उल्लेख गरेको एएफपीले जनाएको छ ।

यूएईले भन्यो– इरानी ड्रोन आक्रमणमा 'खतरनाक वृद्धि' भयो

दुबई, भदौ १५ । संयुक्त अरब एमिरेट्सले सोमबार आफ्नो क्षेत्रीय जलक्षेत्रमाथि रोकका गरिएको इरानी ड्रोन आक्रमणको निन्दा गर्दै यसलाई 'खतरनाक वृद्धि' भनेको छ । यूएईमा सापेक्षिक शान्तिको केही हप्तापछि यो घटना भएको हो ।

यो मे महिनापछि यूएईको क्षेत्रलाई लक्षित गर्ने पहिलो इरानी आक्रमण हो, यद्यपि खाडी मुलुकले यस महिना आफ्ना जहाजहरुमाथि आक्रमण भएको रिपोर्ट गरेको छ । यूएईको परराष्ट्र मन्त्रालयले एक्समा जारी वक्तव्यमा भनिएको छ, 'यूएईको क्षेत्रीय जलक्षेत्रमाथि हवाई रक्षा प्रणालीले रोकेको ड्रोन संलग्न शत्रुतापूर्ण इरानी आक्रमणको कडा निन्दा गर्दछ ।'

मन्त्रालयले यूएईले 'जवाफ दिने पूर्ण र वैध अधिकार' सुरक्षित राखेको पनि बताएको छ । रक्षा मन्त्रालयले इरानबाट आएको ड्रोनलाई आफ्नो जलक्षेत्रमाथि नियन्त्रण गरेको बताउँदै अमेरिकी कर्मचारी बस्ने अखडामा क्षेप्यास्त्र आक्रमण भएको अफवाह अस्वीकार गऱ्यो । सोमबारको सुरुमा इरानले अल मिन्हाद हवाई अड्डालाई 'दर्जनौं ड्रोन आक्रमण' बाट लक्षित गरेको दाबी गरेको एएफपीले जनाएको छ ।

धितो लिलामी स्थगन भएको तथा धितो लिलामी हुने मितिको सार्वजनिक सूचना

यस संस्थाका तपसिलबमोजिमका सदस्य ऋणीले अचल सम्पत्ति धितो राखी लिएको कर्जाबापत संस्थालाई समय-समयमा तिर्नु बुझाउन पर्ने साँवा ब्याजलगायतका रकमहरू तिर्नु बुझाउन पटक-पटक मौखिक, लिखित तथा सार्वजनिक सूचना प्रकाशन गरी अनुरोध गर्दा पनि लामो समयदेखि सम्पर्कविहीन भई संस्थामा उपस्थित नभई ऋण तिर्ने/बुझाउनेतर्फ बेवस्ता गरी ऋणसम्बन्धी सर्त बन्देजहरू उल्लंघन गर्नुभएको हुँदा यस तिसा बचत तथा ऋण सहकारी संस्था लि.ले आफ्नो लेना रकम असुलीको लागि बाध्य भई आर्थिक कारोबार दैनिक पत्रिकामा धितो लिलामीको लागि मिती मिति २०७३।६।१२ मा ३५ दिने सूचना प्रकाशन गरी उक्त सूचना प्रकाशन भएको ३६औं दिनमा यस संस्थाको कार्यालय समयभित्र आइपुग्ने गरी सम्पत्ति खरिद गर्न सिलबन्दी बोलपत्र पेस गर्नुहुन आह्वान गरी यस सहकारी संस्थाको कार्यालयमा लिलामीको सिलबन्दी बोलपत्र खोलिने भनी सूचना प्रकाशन गरिएकोमा यस कार्यालय स्थानान्तरण भई हाल काठमाडौं जिल्ला का.म.पा. वडा नं. १७, खुशीबु, टाउनप्लानिङमा रहन गएको हुँदा मिति २०८३।५।१६ मा हुने भनिएको सिलबन्दी बोलपत्र खोली लिलाम गर्ने कार्य स्थगन गरी, उक्त कार्य यो सूचना प्रकाशन भएको १५ औं दिनमा (बिदा परेमा बिदा सकिएको लगतै भोलिपल्ट) दिनको १४:०० बजे बोलपत्रदाताहरूसले पेस गरेको सिलबन्दी बोलपत्र खोलिने हुँदा बोलपत्रदाता वा आधिकारीक प्रतिनिधि उपस्थित हुन समेत सूचित गरिन्छ, तर बोलपत्रवालाको अनुपस्थितिको कारण बोलपत्र खोल्न बाधा पुग्ने छैन ।

तपसिल

क्रस	ऋणीको नाम, थर र ठेगाना	धितोको विवरण	जमानी
१	कर्जा नं.: ११-०३० 'L' नाम: **बिदुर बहादुर पराजुली** (नागरिकता प्रमाण पत्र नं. १०६०/८३८४६, जारी मिति र जिल्ला: २०८८/०४/२३, काठमाडौं) बाजे: चेत नाथ पराजुली बाबु: होम बहादुर पराजुली ठेगाना: काठमाडौं जिल्ला का.म.न.पा सांखिकमा वडा न ३५ को परिवर्तित वडा नं. ३२	श्री विदुर बहादुर पराजुलीको नाममा दर्ता रोस्का कायम रहेको काठमाडौं जिल्ला का.म.न.पा वडा नं. १०, सि.नं. १०२११४७२३, कित्ता नं. १७०, क्षे.फ. ०- ६-३-३ जग्गा (यो जग्गामध्ये आधा हिस्सा मात्र लिलाम हुने)।	१) श्री होम बहादुर पराजुली को नाति श्री विदुर बहादुर पराजुलीको छोरा श्री **सुजन पराजुली** २) श्री काली प्रसाद श्रेष्ठको नाति श्री भगत प्रसाद श्रेष्ठको छोरा **श्री गोपाल प्रसाद श्रेष्ठ**

ऋणी सदस्यलाई व्यक्तिगत जमानी दिने सदस्यलाई ऋण असुली कार्यमा सहयोग गर्नुहुन पनि अनुरोध गरिन्छ ।

नोट: १. सर्तहरू बोलपत्रको फारममा उल्लेख भएबमोजिम हुनेछ । २. बोलपत्र संस्थाको कार्यालयमा रु १००- मा उपलब्ध हुनेछ । ३. यो सूचनाबमोजिम लिलाम बिक्रि हुन नसकेको धितो अचल सम्पत्ति संस्थाको अनुकूलतामा संस्था आफैले सकार गरिलिन सक्ने व्यवस्था गरी ऋण असुलउपर गरिलिने व्यहोरा समेत सम्बन्धित ऋणी र जमानी सदस्यलाई सूचित गरिन्छ । धितोबाट कर्जा असुल हुन नपुग भएकोमा अन्य सम्पतिबाट असुल गरिनेछ ।

लिलबन्दी बोलपत्र खोलिने स्थान: काठमाडौंजिल्ला का.म.पा. वडा नं. १७, खुशीबु, टाउनप्लानिङ अवस्थित यस संस्थाको कार्यालय ।

तिसा बचत तथा ऋण सहकारी संस्था लिमिटेड, झोर्छे-२३, न्यूरोड, काठमाडौं, फोन: ५-३३२३७३

INVITATION FOR BIDS

First Date of Publication: 8th August 2026 (23rd Shrawan 2083 BS)
Second Date of Publication: 1st September 2026 (16th Bhadra 2083 BS)

Garima Bikas Bank Limited (The Employer) invites sealed bids from qualified registered contractors/suppliers for interior/construction/shifting work of **Branch Office, Chappargaudi, Kohalpur Municipality, Ward No. 12, Banke.**

Terms and Conditions:

1. Tender Application can be collected from General Service Department at Head Office, Baluwatar, Kathmandu upon deposit of non -refundable document fee of NPR 2,000.00 (Say Two Thousand Only), deposited at Account Number 95890201003
2. The works to be executed comprises mainly construction/renovation/shifting of Civil Works, Furniture Works, Finishing Works, Metal Works, Electrification / Communication Works, Sanitary/Plumbing and Air Conditioner Work.
3. Bidders shall have minimum three years experience and turnover of NRs. 50 million, construction and renovation work at two bank and financial institution.
4. Bidders should have Bidder's Company/firm registration, VAT/PAN registration and tax clearance certificate of fiscal year 2081/082.
5. Bidders should submit 5% of bid amount either through cash deposit (A/c Name: SUNDRY CREDITORS; Acc No: Head Office-92670601001) or Bid Bond which is valid up to 90 days beyond last date of bid submission
6. Bids must be submitted to the below office on or before **7th September 2026 (22nd Bhadra 2083 BS)** at Garima Bikas Bank, Head Office, General Service Department, Baluwatar, Kathmandu. If the last date of submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid bond shall remain unchanged. **Bidders must submit Technical Document and Financial Document in separate sealed envelop.** Only the Financial Proposal of bidders who qualify in technical evaluation will be opened. Documents received after this deadline will not be accepted.
7. The Employer reserves the right to accept or reject wholly or partly any or all the bids without assigning any reason, whatsoever
8. Eligible Bidders may obtain further information and inspect the bidding documents at the General Service Department, Head office, Baluwatar, Kathmandu.

गरिमा विकास बैंक लिमिटेड
Garima Bikas Bank Limited
नेपाल राष्ट्र बैंकबाट 'ख' वर्गको इजाजतप्राप्त संस्था
Head Office: Kathmandu 3, Baluwatar,
Phone No.: 01-4545424/ 25/ 26/ 27, **Call Center:** 01-5970179
Email: : info@garimabank.com.np; gsd@garimabank.com.np

धितोमा रहेको सम्पति लिलाम बिक्री सम्बन्धी १५ दिने सार्वजनिक सूचना

(प्रकाशित मिति २०८३ साल भदौ महिना १६ गते मंगलवार)

यस विकास बैंकको शाखा कार्यालय बेंगिघटवाट तपशिलमा उल्लेखित ऋणीहरुले विभिन्न कर्जा शीर्षक अन्तर्गत लिएको कर्जाको साँवा, ब्याज र अन्य दै-दस्तुर समेत तिर्ने बुझाउने सम्बन्धमा बैंकसंग गरेको शर्त कबुलियत उल्लंघन गर्नु भएको र बैंकवाट पटक पटक मौखिक तथा लिखित रुपमा तरतावेका गर्दा समेत सो कर्जाको तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज तथा हर्जाना समेत चुक्ता भुक्तान गर्न आउने तर्फ कुनै चासो नदेखाउनु भएको र नआउनु भएकोले सम्पूर्ण कर्जा चुक्ता गर्न आउनु हुन भनी बैंकवाट विभिन्न मितिमा सार्वजनिक सूचना प्रकाशित गरिएता पनि कर्जा चुक्ता भुक्तान गर्न तर्फ कुनै पहल नगरी आलटाल गरेकोले बैंकको कर्जा असुलीको लागि तपशिलमा उल्लेखित धितो (सम्पत्ति) जहाँ जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्था र परिमाणमा गोप्य शिलबन्दी बोलपत्र प्रक्रियाद्वारा लिलाम बिक्री गरी बैंकको लेना रकम असुल उपर गर्नुपर्ने भएकोले धितो लिलाम बिक्री सम्बन्धी यो १५ (पन्ध्र) दिने सूचना प्रकाशित गरिएको छ । उक्त मिति भित्र नतिर्ने नबुझाएमा प्रचलित कानुन अनुसार सूचना प्रकाशित भएको मितिले १६ औं दिन यस बैंकलाई लेखिँदिएको धितो सुरक्षणमा रहेको तपशिलमा उल्लेखित सम्पत्ति जहाँ जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्थामा गोप्य शिलबन्दी बोलपत्र मार्फत लिलाम बिक्री गरिने हुंदा इच्छुक महानुभावहरुले देहाय बमोजिमको शर्त तथा बन्देजहरुको अधिनमा रहने गरी यो सूचना प्रकाशित भएको मितिले १५ औं दिनको कार्यालय समय भित्र यस बैंकको शाखा कार्यालयहरुमा गोप्य शिलबन्दी बोलपत्र पेश गर्नुहुन सूचित गरिन्छ ।

तपशिल

क) कर्जा शीर्षक : व्यवसायिक आवधिक कर्जा तथा डिमाण्ड लोन

ऋणीको विवरण

नाम : **मार्गी एकासी एण्ड रेडुरेण्ट प्रा.लि.** अंशियार प्राप्त व्यक्ति : दिनेश वस्नेत दर्ता नं. : २११४७१/०७५/०७६
दर्ता गर्ने कार्यालय : कम्पनी रजिष्ट्रारको कार्यालय दर्ता मिति : २०७५/१२/११
ठेगाना : काठमाडौं जिल्ला काठमाडौं म.न.पा. वडा नं. १६ स्थायी लेखा नं. : ६०६८०७०६९

व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण

१) बल बहादुर वस्नेतको नाति रामहरी वस्नेतको छोरा धादिङ जिल्ला बेंगिघाट रोराङ्ग गा.पा. वडा नं. ७ बस्ने **दिनेश वस्नेत** (ना.प्र.नं. : २६१/१५५४९ जारी मिति र जिल्ला : २०६४/०५/३१, धादिङ्ग)

२) माया नाथ सिल्वालको नाति नन्द राम सिल्वालको छोरा धादिङ्ग जिल्ला धुपा वडा नं. ७ हाल, काठमाडौं जिल्ला काठमाडौं म.न.पा. वडा नं. १६ बस्ने **दुर्गा प्रसाद सिल्वाल** (ना.प्र.नं. : १५३६२ जारी मिति र जिल्ला : २०५३/०४/२८, धादिङ्ग)

३) रविन्द्र कुमार लंसाल श्रेष्ठीको छोरी राम हरी वस्नेतको बुहारी दिनेश वस्नेतको पत्नी स्याङ्जा जिल्ला मनकामना वडा नं. ९ हाल, धादिङ्ग जिल्ला बेंगिघाट रोराङ्ग गा.पा. वडा नं. ७ बस्ने **रुपा लम्साल श्रेष्ठी** (ना.प्र.नं. : ४२३०१४/२२३ जारी मिति र जिल्ला : २०७०/०२/२३, स्याङ्जा)

४) बल बहादुर वस्नेतको नाति राम हरी वस्नेतको छोरा धादिङ्ग जिल्ला धुपा वडा नं. २ हाल, बेंगिघाट रोराङ्ग गा.पा. वडा नं. ७ बस्ने **उमेश वस्नेत** (ना.प्र.नं. : २६२६१/२१३७९ जारी मिति र जिल्ला : २०६५/०६/३०, धादिङ्ग)

५) पुर्ण बहादुर वस्नेतको नाति बल बहादुर वस्नेतको छोरा धादिङ्ग जिल्ला धुपा वडा नं. २ हाल, बेंगिघाट रोराङ्ग गा.पा. वडा नं. ७ बस्ने **राम हरि वस्नेत** (ना.प्र.नं. : २/२५६९ जारी मिति र जिल्ला : २०४४/१२/०२, धादिङ्ग)

ख) कर्जा शिर्षक : व्यवसायिक आवधिक कर्जा

ऋणीको विवरण

नाम : **फिल्केडाँडा थकाली नेपाली चुल्हो** प्रोप्राइटरको नाम : दिनेश वस्नेत प्रा.फ.र.नं. : २७३/९२९७/०७८/०७९,
दर्ता गर्ने कार्यालय : घरेलु तथा साना उद्योग कार्यालय, वाग्मती प्रदेश धादिङ्गबेसी, धादिङ्ग
दर्ता मिति : २०७८/०६/१४ फर्मको ठेगाना : धादिङ्ग जिल्ला बेंगिघाट रोराङ्ग गा.पा. वडा नं. ५
स्थायी लेखा नं. : ६१६९३३५२५

व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण

१) बल बहादुर वस्नेतको नाति रामहरी वस्नेतको छोरा धादिङ्ग जिल्ला बेंगिघाट रोराङ्ग गा.पा. वडा नं. ७ बस्ने **दिनेश वस्नेत** (ना.प्र.नं. : २६१/१५५४९ जारी मिति र जिल्ला : २०६४/०५/३१, धादिङ्ग)

२) बल बहादुर वस्नेतको नाति राम हरी वस्नेतको छोरा धादिङ्ग जिल्ला धुपा वडा नं. २ हाल, बेंगिघाट रोराङ्ग गा.पा. वडा नं. ७ बस्ने **उमेश वस्नेत** (ना.प्र.नं. : २६२६१/२१३७९ जारी मिति र जिल्ला : २०६५/०६/३०, धादिङ्ग)

३) रविन्द्र कुमार लंसाल श्रेष्ठीको छोरी राम हरी वस्नेतको बुहारी दिनेश वस्नेतको पत्नी स्याङ्जा जिल्ला मनकामना वडा नं. ९ हाल, धादिङ्ग जिल्ला बेंगिघाट रोराङ्ग गा.पा. वडा नं. ७ बस्ने **रुपा लम्साल श्रेष्ठी** (ना.प्र.नं. : ४२३०१४/२२३ जारी मिति र जिल्ला : २०७०/०२/२३, स्याङ्जा)

ग) कर्जा शिर्षक : घर कर्जा

ऋणीको विवरण

बल बहादुर वस्नेतको नाति रामहरी वस्नेतको छोरा धादिङ्ग जिल्ला बेंगिघाट रोराङ्ग गा.पा. वडा नं. ७ बस्ने **दिनेश वस्नेत** (ना.प्र.नं. : २६१/१५५४९ जारी मिति र जिल्ला : २०६४/०५/३१, धादिङ्ग)

व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण

१) बल बहादुर वस्नेतको नाति राम हरी वस्नेतको छोरा धादिङ्ग जिल्ला धुपा वडा नं. २ हाल, बेंगिघाट रोराङ्ग गा.पा. वडा नं. ७ बस्ने **उमेश वस्नेत** (ना.प्र.नं. : २६२६१/२१३७९ जारी मिति र जिल्ला : २०६५/०६/३०, धादिङ्ग)

२) पुर्ण बहादुर वस्नेतको नाति बल बहादुर वस्नेतको छोरा धादिङ्ग जिल्ला धुपा वडा नं. २ हाल, बेंगिघाट रोराङ्ग गा.पा. वडा नं. ७ बस्ने **राम हरि वस्नेत** (ना.प्र.नं. : २/२५६९ जारी मिति र जिल्ला : २०४४/१२/०२, धादिङ्ग)

यसअघि प्रकाशित गरिएको सार्वजनिक सूचनाको विवरण :
१) मिति २०८२/०३/१२ गतेको अन्तपुर्ण राष्ट्रिय दैनिक पत्रिकामा कर्जा चुक्ता भुक्तानी गर्ने सम्बन्धी ३५ दिने २) मिति २०८२/०६/१० गतेको अन्तपुर्ण राष्ट्रिय राष्ट्रिय दैनिक पत्रिकामा लिलाम बिक्री सम्बन्धी २१ दिन

धितो सुरक्षण सम्बन्धी विवरण : निम्न उल्लेखित घरजग्गा/जग्गा र सो ले चर्चेको सम्पुर्ण लिगलगायात समेत ।

धितोधनीको नाम	धितोको ठेगाना	सिट नं.	क्षित्ता नं.	क्षेत्रफल (रोपनी)
दिनेश वस्नेत	धादिङ्ग जिल्ला बेंगिघाट वडा नं. २	२ब	१५१३	०-५-०-०
दुर्गा प्रसाद सिलवाल तथा दिनेश वस्नेत	धादिङ्ग जिल्ला बेंगिघाट वडा नं. २	२ब	४९४	०-७-१-०
दुर्गा प्रसाद सिलवाल तथा दिनेश वस्नेत	धादिङ्ग जिल्ला बेंगिघाट वडा नं. २	२ब	४९७	३-१०-२-०
दिनेश वस्नेत	धादिङ्ग जिल्ला बेंगिघाट वडा नं. २	२ब	१४६९	०-१४-१-२
दिनेश वस्नेत	धादिङ्ग जिल्ला बेंगिघाट वडा नं. २	२ब	१४७३	०-४-३-२

शर्त बन्देजहरु :

१) शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको मितिले १५ दिन अर्थात मिति २०८३ साल भदौ महिना ३० गते मंगलवार भित्र यस बैंकको शाखा कार्यालय बेंगिघाट आईपुग्ने गरि पेश गर्नुपर्ने छ ।
२) बोलपत्र फारममा आफुले बोलकबोल गरेको रकम अंक र अक्षरमा स्पष्ट उल्लेख गर्नुपर्ने छ ।
३) माथि उल्लेखित सम्पुर्ण धितो सुरक्षणहरु जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्था र परिमाणका लागि बेस्वा बेस्वै वा एकमुष्ठ बोलपत्र पेश गर्न सकिनेछ ।
४) बोलपत्र साथ आफुले बोलकबोल गरेको रकमको कम्तिमा १० प्रतिशत हुन आउने रकम धरौटी स्वरुप संस्थाको मुख्य कार्यालयमा रहेको खाता नं. ०१३-९२७७४९०१००५ मा बोलपत्र पेश गर्ने अन्तिम मितिसम्म जम्मा गरी सो को सक्कल भौचर वा सो बराबरको यस बैंकको नाममा खिचिएको पेश गर्ने अन्तिम मिति भित्रको Good For Payment Cheque संलग्न गर्नु पर्नेछ ।
५) प्राप्त बोलपत्रहरु मिति २०८३ साल भदौ महिना ३१ गते बुधवार दिउसो ३:०० बजे यस बैंकको शाखा कार्यालय बेंगिघाटमा उपस्थित प्रतिनिधि, बोलपत्रकर्ता वा निजको प्रतिनिधिको रोहवरमा खोलिनेछ । बोलपत्र खोल्ने समयमा बोलाईएका सबै प्रतिनिधि, बोलपत्रकर्ता वा निजको प्रतिनिधि उपस्थित नरहे पनि सो कारणले बोलपत्र खोल्न कुनै बाधा पर्ने छैन ।
६) बोलपत्र खोलिने दिनमा सार्वजनिक बिदा परेमा त्यसको लगतै कार्यालय खुलेको दिनमा सोही स्थान र समयमा लिलाम कार्य हुनेछ ।
७) बोलपत्र स्वीकृत भएमा धितो सुरक्षण सम्पत्ति बोलपत्रदाताको नाममा नामसारी दाखेल खारेज गर्दा लाग्ने रजिष्ट्रेशन दस्तुर, लाभ कर, कर तथा अन्य शुल्क ईत्यादि बोलपत्रदाताले नै व्यहोर्नु पर्नेछ ।
८) बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्बन्धी सम्पुर्ण अधिकार बैंकमा सुरक्षित रहने छ ।
९) धरौटी रकम तथा अन्य शर्तहरु बोलपत्र फारममा उल्लेख गरिए बमोजिम हुने व्यहोरा समेत सूचित गरिन्छ ।

"नेपाल राष्ट्र बैंकबाट 'ख' वर्गको इजाजतपत्र प्राप्त राष्ट्रिय स्तरको वित्तिय बैंक"
मुक्तिनाथ विकास बैंक लि.
MUKTINATH BIKAS BANK LTD.
Central Office: Lazimpat, Kathmandu
Tel.: 01-5970887
Toll Free No.: 16600149999 (NTC), 18102149999 (Ncell)
E-mail: info@muktinathbank.com.np
Web: www.muktinathbank.com.np
जनता बैंकमा होइन, बैंक जनतामा जानु पर्दछ

बाढी प्रभावित क्षेत्रमा वैकल्पिक स्थानबाट बैंकिङ सेवा दिन निर्देशन

आर्थिक संवाददाता
काठमाडौं, भदौ १४

नेपाल राष्ट्र बैंकले रसुवा बाढीबाट प्रभावित क्षेत्रहरुमा वैकल्पिक स्थानबाट सेवा दिन बैंकहरुलाई निर्देशन दिएको छ । रसुवालगायतका जिल्लामा हालै आएको प्राकृतिक विपद्बाट बैंकिङ क्षेत्रसमेत प्रभावित भएपछि राष्ट्र बैंकले विज्ञप्ति जारी गर्दै बाढी प्रभावित क्षेत्रमा बैंकिङ तथा भुक्तानी सेवाको निरन्तरता सुनिश्चित गर्न यस्तो निर्देशन दिएको हो ।

राष्ट्र बैंकले प्राकृतिक विपद्का कारण भएको ठूलो जनधनको क्षतिप्रति दुःख व्यक्त गर्दै सम्पर्कमा नरहेका सर्वसाधारण, बैंक तथा वित्तीय संस्थाका कर्मचारी र उनीहरुका परिवारजनले व्यहोर्नुपरेको पीडाप्रति गहिरो सहानुभूति प्रकट गर्दै सेवा सुचारू गर्न आग्रह गरेको छ । बाढी, पहिरोलगायतका प्राकृतिक विपद्का कारण प्रभावित क्षेत्रमा बैंकिङ सेवा अवरुद्ध हुन नदिन राष्ट्र बैंकले तत्काल सेवा सञ्चालनका लागि आवश्यक सहजीकरण गरिरहेको जनाएको छ । प्रभावित क्षेत्रमा बैंकिङ तथा भुक्तानी सेवाको निरन्तरता कायम राख्न विद्युतीय माध्यम तथा वैकल्पिक स्थानबाट सेवा सञ्चालन गर्न बैंक तथा वित्तीय संस्थालाई सहजीकरण गरिएको राष्ट्र बैंकले जनाएको हो ।

प्राकृतिक विपद्का कारण कतिपय बैंक तथा वित्तीय संस्थाका शाखा कार्यालय, भौतिक संरचना तथा अन्य पूर्वाधारमा क्षति पुगेको अवस्थामा नियमित स्थानबाट सेवा सञ्चालन गर्न कठिनाइ उत्पन्न भएको छ । यस्तो अवस्थामा वैकल्पिक स्थान तथा विद्युतीय माध्यममार्फत सेवा सञ्चालन गरी सेवाग्राहीलाई बैंकिङ सुविधाबाट वञ्चित हुन नदिन राष्ट्र बैंकले जोड दिएको छ ।

राष्ट्र बैंकले विपद्बाट प्रभावित नागरिकको उद्धार, राहत तथा पुनःस्थापनाका लागि आवश्यक वित्तीय स्रोत परिचालन गर्न बैंक तथा वित्तीय संस्थालाई प्रोत्साहन समेत गरेको छ । विपद्को समयमा प्रभावित नागरिकलाई आवश्यक आर्थिक सहयोग तथा वित्तीय पहुँच सहज बनाउन बैंकिङ क्षेत्रले भूमिका निर्वाह गर्नुपर्ने राष्ट्र बैंकको भनाइ छ ।



नेपाल राष्ट्र बैंक

विपद्बाट प्रभावित क्षेत्रमा बैंकिङ सेवाको निरन्तरता सम्बन्धमा जारी गरिएको प्रेस विज्ञप्ति

हालै रसुवा लगायतका स्थानमा आएको प्राकृतिक विपद्का कारण भएको ठूलो जनधनको क्षतिप्रति नेपाल राष्ट्र बैंक गहिरो दुःख व्यक्त गर्दछ । साथै, सम्पर्कमा नरहेका सर्वसाधारण, बैंक तथा वित्तीय संस्थाका कर्मचारी र तिनका परिवारजनले व्यहोर्नुपरेको पीडाप्रति गहिरो सहानुभूति प्रकट गर्दछ ।

प्राकृतिक विपद्का कारण प्रभावित क्षेत्रमा बैंकिङ सेवा अविलम्ब सुचारु गर्न यस बैंक प्रयत्नशील रहेको छ । उक्त क्षेत्रमा बैंकिङ तथा भुक्तानी सेवाको निरन्तरता सुनिश्चित गर्न, विद्युतीय माध्यम लगायत वैकल्पिक स्थानबाट सेवा स्वतःस्फूर्त रूपमा सञ्चालन गर्न बैंक तथा वित्तीय संस्थालाई आवश्यक सहजीकरण गरिएको छ । साथै, प्राकृतिक विपद्का कारण प्रभावितहरूको उद्धार, राहत तथा पुनर्स्थापनाका लागि आवश्यक वित्तीय स्रोतको परिचालन गर्न यस बैंकले प्रोत्साहन गरेको छ ।

यस विषम परिस्थितिमा बैंक तथा वित्तीय संस्थाका ग्राहक, कर्मचारी तथा समुदायको सुरक्षा र हितलाई प्राथमिकता दिई प्रभावित क्षेत्रका सेवाग्राहीप्रति संवेदनशील रही आवश्यक सहयोगका लागि निरन्तर प्रयासरत रहन सम्बन्धित सबैलाई नेपाल राष्ट्र बैंक अनुरोध गर्दछ ।

लगानी र पुँजी बजारबारे युवा उद्यमीलाई प्रशिक्षण

नेपाल युवा उद्यमी मञ्च झापा र सन सेक्युरिटिजको सहकार्यमा कार्यक्रम



आर्थिक संवाददाता
काठमाडौं, भदौ १५


नेपाल युवा उद्यमी मञ्च झापा च्याप्टरको आयोजना तथा सन सेक्युरिटिज प्रालिको सहकार्यमा लगानी, पुँजी परिचालन तथा पुँजी बजारसम्बन्धी विशेष कार्यक्रम सम्पन्न भएको छ । यही भदौ १० गते बिर्तामोडमा आयोजित कार्यक्रममा ४० जनाभन्दा बढी युवा उद्यमी, व्यवसायी तथा सदस्यहरुको सहभागिता रहेको थियो ।

मञ्चको झापा च्याप्टरका अध्यक्ष मिजास पोखरेलको नेतृत्वमा आयोजित कार्यक्रममा सन सेक्युरिटिज प्रा.लि. (ब्रोकर नं. ६४) का अध्यक्ष कृष्ण गिरी तथा सुविज ग्रुपका सीईओ अस्तित्व शर्माले लगानी, पुँजी परिचालन, पुँजी बजार तथा जोखिम व्यवस्थापनका विषयमा प्रस्तुति दिएका थिए । कार्यक्रममा सन सेक्युरिटिजका अध्यक्ष कृष्ण गिरीले प्राइभेट इक्विटी, भेञ्चर क्यापिटल तथा इन्भेष्टमेन्ट कम्पनीमार्फत लगानी गर्दा ध्यान दिनुपर्ने विषयबारे सहभागीलाई जानकारी गराएका थिए । उनले कुनै कम्पनीमा लगानी गर्नुअघि त्यसको व्यावसायिक सम्भावना, वित्तीय अवस्था, व्यवस्थापन, वृद्धि क्षमता तथा सम्भावित जोखिमको मूल्यांकन गर्नुपर्नेमा जोड दिए । गिरीले साना तथा मझौला कम्पनीले ऋण तथा स्वपुँजीमार्फत पुँजी जुटाउने उपाय, आईपीओ जारी गर्नुअघि पूरा गर्नुपर्ने प्रक्रिया तथा संस्थापक सेयरको प्लेसमेन्टको महत्वबारे समेत जानकारी दिएका थिए । उनका अनुसार लगानीकर्ताले केवल प्रतिफलको सम्भावना हेरेर मात्रै लगानी नगरी कम्पनीको समग्र वित्तीय तथा व्यावसायिक अवस्थाको अध्ययन गर्न आवश्यक हुन्छ ।

त्यस्तै, सुविज ग्रुपका सीईओ अस्तित्व शर्माले दोस्रो बजार तथा सेयर कारोबारमा केन्द्रित प्रस्तुति दिएका थिए। उनले सेयर बजारमा लगानी गर्दा कम्पनीको वित्तीय विवरण, आम्दानी, नाफा, व्यावसायिक अवस्था, व्यवस्थापन तथा फ्युचर ग्रोथको सम्भावनालाई आधार बनाउनुपर्ने बताए । शर्माले प्राविधिक विश्लेषण, बजारको प्रवृत्ति तथा मूल्य गतिविधिको अध्ययनलाई लगानी निर्णयसँग कसरी जोड्ने भन्ने विषयमा समेत सहभागीलाई जानकारी दिए। सम्भावित जोखिमलाई प्रभावकारी ढंगमा व्यवस्थापन गर्ने उपायबारे पनि उनले चर्चा गरेका थिए । कार्यक्रमका सहभागीहरुले वक्ताहरुसँग आईपीओ दोस्रो बजार, कम्पनी मूल्यांकन, लगानी तथा जोखिम व्यवस्थापनसम्बन्धी विभिन्न प्रश्न राखेका थिए। अन्तरक्रिया तथा प्रश्नोत्तरले कार्यक्रमलाई थप व्यावहारिक र सहभागितामूलक बनाएको आयोजकले जनाएको छ । युवा उद्यमीमा वित्तीय ज्ञान, लगानीसम्बन्धी सचेतना तथा व्यावसायिक निर्णय क्षमता अभिवृद्धि गर्ने उद्देश्यले आयोजना गरिएको कार्यक्रमले सहभागीलाई लगानी र पुँजी व्यवस्थापनका विषयमा व्यावहारिक ज्ञान हासिल गर्ने अवसर प्रदान गरेको मञ्च झापा च्याप्टरले जनाएको छ ।

कार्यक्रम सफलतापूर्वक सम्पन्न भएको जनाउँदै मञ्च झापा च्याप्टरले आगामी दिनमा पनि युवा उद्यमी तथा व्यवसायीहरुको ज्ञान, सीप र क्षमता अभिवृद्धि गर्ने उद्देश्यले यस्ता ज्ञानमूलक तथा व्यावसायिक कार्यक्रमलाई निरन्तरता दिने प्रतिबद्धता जनाएको छ ।

माछापुच्छ्रे बैंकद्वारा बाढीपीडितको लागि दुई करोड एक लाख रुपैयाँ सहयोग



काठमाडौं, भदौ १५ । माछापुच्छ्रे बकैले हालै रसुवा जिल्ला स्थित भोटेकोशी नदीमा आएको विनाशकारी बाढी पहिरोबाट प्रभावित नागरिक तथा समुदायलाई राहत र पुनःस्थापनाका लागि नेपाल सरकार प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा दुई करोड एक लाख रुपैयाँ आर्थिक सहयोग गरेको छ ।

उक्त सहयोग रकम बैंकका अध्यक्ष रोशन के.सी ले नेपाल सरकारका अर्थमन्त्री स्वर्णिम वाग्लेलाई हस्तान्तरण गरेका हुन । बाढी तथा पहिरोका कारण प्रभावित नागरिकको जनजीवन, घर तथा सम्पत्तिमा ठूलो क्षति पुगेको अवस्थामा बैंकले आफ्नो तर्फबाट उक्त सहयोग गरेको हो । उक्त विनाशकारी विपत्ति लगत्तै बैंकले प्रभावित नागरिकको लागि खाद्यान्न, ओढ्ने ओछ्यानेलगायतका दैनिक उपभोग्य राहत सामग्रीहरु यसअघि नै उपलब्ध गराइसकेको छ ।

प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा सहयोग गरेको उक्त रकमले प्रभावित नागरिक तथा समुदायलाई राहत उपलब्ध गराउन तथा पुनःस्थापना कार्यमा केही हदसम्म सहयोग पुग्ने विश्वास बैंकले लिएको छ । बैंकले यसअघि पनि विभिन्न प्राकृतिक विपद् तथा सामाजिक संकटका समयमा प्रभावित नागरिक तथा समुदायका लागि राहत तथा सहयोग प्रदान गर्दै आएको छ । साथै आगामी दिनमा पनि बैंकले समुदायको हित तथा विपद् प्रभावित नागरिकको सहयोगका लागि आवश्यक पहललाई निरन्तरता दिने प्रतिबद्धता व्यक्त गरेको छ ।

हिमालयन बैंकद्वारा रसुवा बाढीपीडितहरूको लागि आर्थिक सहयोग

आर्थिक संवाददाता
काठमाडौं, भदौ १५

हिमालयन बैंक लिमिटेडद्वारा यही भदौ १० गते बिहान रसुवा जिल्ला भई बग्ने भोटेकोशी नदीमा अचानक आएको गेग्रानसहितको बाढीबाट भोटेकोशी र त्रिशूली नदी किनारका तथा अन्य प्रभावितहरुको सहयोगको लागि

हिमालयन बैंक लिमिटेड
Himalayan Bank Limited
(A Joint Venture with Habib Bank Limited - Pakistan)

आर्थिक सहायता प्रदान गरेको छ । बैंकले आफ्नो संस्थागत सामाजिक उत्तरदायित्वअन्तर्गत प्रधानमन्त्री दैवीप्रकोप सहायता कोषमा प्रभावितहरुको उद्धार, सहायता तथा पुनःस्थापनाका लागि तीन करोड एक लाख रूपैयाँ आर्थिक सहायता प्रदान गर्ने निर्णय गरेको हो ।

उक्त अप्रत्यासित घटनामा भएको जनधनको क्षतिले बैंक तथा बैंक परिवारहरुलाई अत्यन्तै मर्माहित बनाएको छ र यस दुःखद् घडीमा प्रभावित सबैमा धैर्य धारण गरी आवश्यक सहयोग र उद्धार कार्यमा जुट्न बैंक सम्बन्धित सबैमा आग्रहसमेत गरेको छ । बैंक यस विपद्को समयमा प्रभावित समुदायको साथमा रहँदै सक्दो सहयोग गर्न सदैव तत्पर रहेको प्रतिबद्धता व्यक्त गरेको छ ।

भाखा नाघेको कर्जा बुझाउने बारे कृषि विकास बैंक लि. को २१ दिने सूचना

यस बैंकको तपसील कार्यालयहरुबाट तपसील बमोजिमका व्यक्ति/फर्म/कम्पनीहरुले निम्न उद्देश्यका लागि विभिन्न मितिमा कर्जा लिई हालसम्म कर्जा नबुझाई भाखा नाघी निम्न लेखिए बमोजिम अनुसारको रकम बुझाउने सम्बन्धमा सम्बन्धित कार्यालयले बारम्बार ताकेता गर्दा पनि आलटाल गरी बुझाउनु पर्ने कर्जाको साँवा, ब्याज तथा बैंकले पाउनु पर्ने अन्य रकम समेत नबुझाएको हुँदा यो सूचना प्रकाशित भएको मितिले २१ दिन भित्र सम्बन्धित कार्यालयमा बुझाउनका लागि यो सूचना प्रकाशन गरिएको छ । उल्लेखित मिति भित्र पनि रकम दाखिला हुन नआएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३, कृषि विकास बैंक लि. को कर्जा असुली कार्यविधि तथा प्रचलित ऐन नियम बमोजिम कर्जा लिदा लेखिदिएको धितो लिलाम बिक्री वा अन्य व्यवस्था गरी बैंकको सम्पूर्ण लेना रकम असुल उपर गरिने व्यहोरा समेत जानकारी गराउदछौं । साथै तपसील बमोजिमका व्यक्ति/फर्म/कम्पनीहरुलाई बैंकबाट कर्जा लिन मञ्जुरीनामा दिने व्यक्तिहरुलाई समेत यसै सूचनाद्वारा कर्जा बुझाउन जानकारी गराईएको छ ।

सम्बन्धित कार्यालयको नाम : कृषि विकास बैंक लि. शाखा कार्यालय भद्रपुर

क्र. सं.	कर्जा ग्राहकको नाम	ठेगाना	ग्राहकको पिता/पतिको नाम	बाजेको नाम	उद्देश्य	साँवा रकम रु.	मिति २०८३-०५-१५ सम्मको बनकी ब्याज	जम्मा तिर्नुपर्ने रकम	धितो मञ्जुरीनामा दिने/जमानत बस्नेको नाम
१.	प्रकाश शेर्पा	भद्रपुर १ झापा	हेम लाल शेर्पा	धन बहादुर शेर्पा	सरल कृषि कर्जा	७,५०,०००	१७,७०२	७,६७,७०२	१. चन्द्रकला गौतम २. उदय शेर्पा ३. सपना मगर
२.	आर्या कृषि फर्म प्रो.सुशिला पौडेल	भद्रपुर ९ झापा	चुडामणी पौडेल/युवराज ढकाल	-	व्यवसायिक कृषि तथा पशुपछी पालन कर्जा (चालु पुँजि)	३०,००,०००	५८६०	३०,०५,८६०	१. सुशिला पौडेल २. युवराज ढकाल
					व्यवसायिक कृषि तथा पशुपछी पालन कर्जा (स्थिर पुँजि)	७,५२,९७४	५६,२३३	८,०९,२०७	
३.	नौतन प्रसाद पोखरेल	भद्रपुर ९ झापा	वम प्रसाद पोखरेल	मायानाथ पोखरेल	सरल कृषि कर्जा	१७,३७,८६१	२४,३१०	१७,६२,१७१	१. मिलन पोखरेल २. चेतन प्रसाद पोखरेल ३. केतन प्रसाद पोखरेल

कृषि विकास बैंक लि.
कर्जा असुली तथा संकलन विभाग
मुख्य कार्यालय काठमाडौं

डिभाइन हेल्थकेयरले आईपीओ निष्कासन गर्ने, बिक्री प्रबन्धकमा मुक्तिनाथ क्यापिटल

काठमाडौं, भदौ १५ । डिभाइन हेल्थकेयर लिमिटेडले सर्वसाधारणका लागि साधारण सेयर (आईपीओ) निष्कासन गर्ने भएको छ । कम्पनीले आईपीओ निष्कासनका लागि बिक्री प्रबन्धकमा मुक्तिनाथ क्यापिटललाई नियुक्त गरेको छ ।

यससम्बन्धी सम्झौतामा डिभाइन हेल्थकेयरका अध्यक्ष युवराज श्रेष्ठ र मुक्तिनाथ क्यापिटलका प्रमुख कार्यकारी अधिकृत कविन्द्र विक्रम ध्वज जोशीले हस्ताक्षर गरेका छन् । सम्झौता मुक्तिनाथ क्यापिटलको कार्यालयमा आयोजित कार्यक्रममा भएको हो । कम्पनीले आफ्नो जारी पुँजीको २० प्रतिशत साधारण सेयर सर्वसाधारणका लागि निष्कासन गर्ने तयारी गरेको छ । कार्यक्रममा कम्पनीका प्रबन्ध सञ्चालक सुसान्त मुरारका तथा सञ्चालकहरु मनोज केसी र विनय तोदीको समेत उपस्थिति थियो ।

विसं २०७४ सालमा स्थापना भएको डिभाइन हेल्थकेयर भरतपुर महानगरपालिका-१६, विजय नगर, चितवनमा अवस्थित औषधि उत्पादक कम्पनी हो । कम्पनीले औषधि व्यवस्था विभाग तथा स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट उत्पादन र बजारीकरणसम्बन्धी आवश्यक दर्ता तथा स्वीकृति प्राप्त गरेको जनाएको छ । कम्पनीले हाल ६७ प्रकारका औषधि उत्पादन गरी नेपाली बजारमा बिक्री-वितरण गर्दै आएको छ । कम्पनीका विभिन्न औषधि बजारमा उल्लेख्य मात्रामा बिक्री-वितरण हुँदै आएका छन् । कम्पनीले आगामी माघदेखि मिर्गौला रोगीका लागि आवश्यक पर्ने केही औषधिको उत्पादनसमेत सुरु गर्ने तयारी गरेको जनाएको छ ।

करिब एक बिघा क्षेत्रफलमा फैलिएको कम्पनी विगत तीन आर्थिक वर्षदेखि नाफामा सञ्चालन हुँदै आएको दावी गरेको छ । कम्पनीका अनुसार हालसम्म बैंक तथा वित्तीय संस्थाबाट ऋण नलिई मुख्य रुपमा स्वपुँजीबाट व्यवसाय सञ्चालन हुँदै आएको छ । कम्पनीको देशभर एक सय २५ भन्दा बढी वितरक रहेको जनाएको छ ।

अवैध लागुऔषधसहित विभिन्न स्थानबाट १६ जना पक्राउ

■ आर्थिक संवाददाता
काठमाडौं, भदौ १५

काठमाडौं महानगरपालिका-७ चावहिलस्थित समाज गेस्ट हाउसबाट नियन्त्रित लागूऔषध डाइजेपाम १ सय १४ एम्पुल, फेनारगन १ सय १३ एम्पुल, नोर्फिन १ सय १३ एम्पुल र नगद २५ हजार रूपैयाँसहित ३ जनालाई आइतबार दिउँसो प्रहरीले पक्राउ गरेको छ । पक्राउ पर्नेहरूमा चन्द्रागिरी नगरपालिका-१ घर भएका ३१ वर्षीय राजिव श्रेष्ठ, भक्तपुर सूर्यविनायक बस्ने काभ्रे धुलिखेल नगरपालिका-८ घर भएका २१ वर्षीया निरुता हुमागाईं र काठमाडौं महानगरपालिका-७ कुमारीगाल बस्ने सिन्धुपाल्चोक चौतारा साँगाचोकगढी गाउँपालिका-१० घर भएका २३ वर्षीय स्वविन आचार्य रहेका छन् । प्रहरी वृत्त गौशालाबाट खटिएको प्रहरीले गेष्ट हाउसको २०२ नम्बरको कोठा तलासी उक्त लागूऔषध फेला पारी उनीहरूलाई पक्राउ गरेको हो ।

कञ्चनपुरको भीमदत्त नगरपालिका-११ बाट नियन्त्रित लागूऔषध स्पास्मो ४० ट्याब्लेटसहित घनगढी उपमहानगरपालिका-१२ बस्ने २२ वर्षीय दिपक बहादुर चन्दलाई आइतबार दिउँसो प्रहरीले पक्राउ गरेको छ । लागूऔषध नियन्त्रण ब्युरो शाखा कार्यालय महेन्द्रनगरबाट खटिएको प्रहरीले उनलाई उक्त लागूऔषधसहित पक्राउ गरेको हो ।

यसैगरी कञ्चनपुरको भीमदत्त नगरपालिका-११ बाट अवैध लागूऔषध खैरो हेरोइन जस्तो देखिने पदार्थ ६ ग्राम ५ सय ७० मिलिग्रामसहित २ जनालाई आइतबार दिउँसो प्रहरीले पक्राउ गरेको छ । पक्राउ पर्नेहरूमा कैलाली गोदावरी नगरपालिका-४ बस्ने २६ वर्षीय प्रभाष मल्ल र डोटी जोरायल गाउँपालिका-१ बस्ने २६ वर्षीय बिक्रम पातली रहेका छन् । इलाका प्रहरी कार्यालय गड्डाचौकी र लागूऔषध नियन्त्रण ब्युरो शाखा कार्यालय महेन्द्रनगरबाट खटिएको प्रहरीले भारतबाट नेपालतर्फ आउँदै गरेको से ६ प १५४९ नम्बरको मोटरसाइकलमा सवार उनीहरूलाई उक्त पदार्थसहित पक्राउ गरेको हो ।

बाँकेको नेपालगंज उपमहानगरपालिका-१० ट्राफिक चोकबाट अवैध लागूऔषध ब्राउनसगुर जस्तो देखिने पदार्थ ३ ग्राम १७ मिलिग्रामसहित भारत उत्तर प्रदेश घर भएका २४ वर्षीय अकिल शाहलाई आइतबार बेलुकी प्रहरीले पक्राउ गरेको छ । लागूऔषध नियन्त्रण ब्युरो शाखा कार्यालय नेपालगंजबाट खटिएको प्रहरीले उनलाई उक्त पदार्थ सहित पक्राउ गरेको हो ।

पाल्पाको तिनाउ गाउँपालिका-३ पैठेडाडाबाट नियन्त्रित लागूऔषध नाइट्राजेपाम ७५ ट्याब्लेट र स्पास्मो १७ ट्याब्लेटसहित ३ जनालाई आइतबार दिउँसो प्रहरीले पक्राउ गरेको छ । पक्राउ पर्नेहरूमा गुल्मी रेसुङ्गा नगरपालिका-४ अर्खले बस्ने २५ वर्षीय अंकित खड्का, २५ वर्षीय मेहर सिंह राना र २६ वर्षीय एकराज पन्थी रहेका छन् । प्रहरी चौकी दोभानबाट खटिएको प्रहरीले बुटवलबाट गुल्मीतर्फ जाँदै गरेको लु.प्र.०१-००१ ज ०५७१ नम्बरको ईभी गाडीमा सवार उनीहरूलाई उक्त लागूऔषधसहित फेला पारी पक्राउ गरेको हो ।

कैलालीको टीकापुर नगरपालिका-३ शकरपुरबाट अवैध लागूऔषध खैरो हेरोइन जस्तो देखिने पदार्थ ८ सय १० मिलिग्रामसहित सोही ठाउँ बस्ने १८ वर्षीय किशोर समेत २ जनालाई आइतबार दिउँसो प्रहरीले पक्राउ गरेको छ । इलाका प्रहरी कार्यालय टीकापुरबाट खटिएक प्रहरीले उनीहरूलाई उक्त पदार्थसहित पक्राउ गरेको हो ।

यसैगरी कैलालीको टीकापुर नगरपालिका-१ समितिपुरबाट अवैध लागूऔषध खैरो हेरोइन जस्तो देखिने पदार्थ ९ सय १० मिलिग्रामसहित सोही ठाउँ बस्ने १६ वर्षीय किशोरलाई आइतबार साँझ प्रहरीले पक्राउ गरेको छ । इलाका प्रहरी कार्यालय टीकापुरबाट खटिएको प्रहरीले उनलाई उक्त पदार्थसहित पक्राउ गरेको हो ।

मोरङको पथरीशनिश्चरे नगरपालिका-१० शिबिरडाँडाबाट अवैध लागूऔषध ब्राउनसुगर जस्तो देखिने पदार्थ ९ सय मिलिग्रामसहित मिक्लाजुङ गाउँपालिका-७ मधुमल्ला बस्ने १८ वर्षीय किशोरलाई आइतबार दिउँसो प्रहरीले पक्राउ गरेको छ । इलाका प्रहरी कार्यालय पथरीबाट खटिएको प्रहरीले उनलाई उक्त पदार्थसहित पक्राउ गरेको हो ।

दाङको लमही नगरपालिका-६ देउपुरबाट अवैध लागूऔषध खैरो हेरोइन जस्तो देखिने पदार्थ ७ सय २० मिलिग्रामसहित सोही नगरपालिका-७ कमानपुर बस्ने २५ वर्षीय परीवर्तन बुढा मगरलाई आइतबार बेलुकी प्रहरीले पक्राउ गरेको छ । वडा प्रहरी कार्यालय लमहीबाट खटिएको प्रहरीले उनलाई उक्त पदार्थसहित पक्राउ गरेको हो ।

बर्दियाको गुलरिया नगरपालिका-११ गणेशपुरबाट अवैध लागूऔषध ब्राउनसुगर जस्तो देखिने पदार्थ ७ सय २० मिलिग्रामसहित गेरुवा गाउँपालिका-२ बस्ने २५ वर्षीय विनोद सुनारलाई आइतबार बेलुकी प्रहरीले पक्राउ गरेको छ । प्रहरी चौकी महम्मदपुरबाट खटिएको प्रहरीले उनलाई उक्त पदार्थसहित पक्राउ गरेको हो । यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ ।

हुक्कामा प्रयोग हुने फ्लेवरसहित गाडी नियन्त्रणमा

काठमाडौं, भदौ १५ । झापा जिल्लाको बुद्धशान्ति गाउँपालिका-५ स्थित बहुवन सामुदायिक वनको भित्री सडकखण्डबाट भाद्र १४ गते सशस्त्र प्रहरीले ठुलो परिमाणको हुक्कामा प्रयोग हुने फ्लेवरसहित भारतीय नम्बर प्लेटको गाडी नियन्त्रणमा लिएको छ ।

उक्त फ्लेवर तथा गाडी सशस्त्र प्रहरी बल नेपाल भुटानी शरणार्थी शिविर सुरक्षा बेस टिमाइबाट सशस्त्र प्रहरी नायव निरीक्षक सुरेन्द्र ठाकुरको कमान्डमा खटिएको टोलीले नियन्त्रणमा लिएको हो । भारतबाट अवैध रूपले भन्सार छली डब्लु बी ७४ एस ३३६५ नम्बरको भेनमा राखी नेपालतर्फ ल्याउँदै गरेको ५ लाख रूपैयाँ बराबरको ८ कार्टुन हुक्कामा प्रयोग हुने फ्लेवर बरामद गरिएको हो ।

जुवातास खेलिरहेको अवस्थामा १५ जना पक्राउ



■ आर्थिक संवाददाता
काठमाडौं, भदौ १५

काठमाडौंको बुढानीलकण्ठ नगरपालिका-१२ कपन फुलबारी टोल डेरा गेरी बस्ने सर्लाही इश्वरपुर नगरपालिका-१२ घर भएकी ३६ वर्षीया सावित्रा कुमारी थिङको कोठामा जुवातास खेलिरहेको अवस्थामा सावित्रासमेत ५ जनालाई आइतबार दिउँसो प्रहरीले पक्राउ गरेको छ । प्रहरी प्रभाग कपनबाट खटिएको प्रहरीले उनीहरूलाई नगद ६८ हजार ३ सय रूपैयाँ र ३ बुक तासमहित पक्राउ गरेको हो ।

भक्तपुरको सूर्यविनायक नगरपालिका-८ सिपाडोलस्थित घरमा जुवातास खेलिरहेको अवस्थामा चाँगुनारायण नगरपालिका-६ नगरकोट बस्ने ५९ वर्षीय ज्ञानबहादुर तामाङसमेत १० जनालाई आइतबार दिउँसो प्रहरीले पक्राउ गरेको छ । प्रहरी वृत्त जगातीबाट खटिएको प्रहरीले उनीहरूलाई नगद २३ हजार ३ सय रूपैयाँ र ३ बुक तासमहित पक्राउ गरेको हो । यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ ।

हकदाबीको सूचना

सेती अञ्चल, अछाम जिल्ला, शिद्धेश्वर गा.वि.स. वडा नं. ९ हाल सु.प. प्रदेश, अछाम जिल्ला, साँफेबगर न.पा. वडा नं. ३ बस्ने लाल सिंह धामीकी नातिनी, मान सिंह धामीकी छोरी, बिर्मा देवी बुढाको मिति २०८३/०४/२० गतेका दिन मृत्यु भएकोले निजको नाममा यस बैंकमा रहेको बचत खाता नं. ११६०५२५०००६२४८ मा भएको सम्पूर्ण रकम उपलब्ध गराई पाउँ भनी निजको श्रीमान सर्पे बुढाले आवश्यक कागजात सहित यस बैंकमा निवेदन दिनु भएको हुँदा उक्त निक्षेप उपर निवेदक बाहेक अन्य कसैको हकदाबी भए यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतिस) दिन भित्र सवुद प्रमाण सहित दावी गर्न आउनु हुन बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा १११ को प्रयोजनार्थ यो सूचना प्रकाशित गरिएको छ । अन्यथा निवेदकको माग दावी बमोजिम भई जाने व्यहोरा यसै सूचनाद्वारा सूचित गरिन्छ ।

NIMB नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि. NEPAL INVESTMENT MEGA BANK LTD.
नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लिमिटेड
शाखा कार्यालय, साँफेबगर, अछाम
फोन नं. ०९७-६२५१५१

निक्षेप उपर हकदाबी गर्ने सम्बन्धी ३५ दिने सूचना

आइते नगरकोटीको नातिनी, राम शरण नगरकोटीको छोरी, काठमाडौं जिल्ला, दक्षिणकाली न.पा. वडा नं. १ बस्ने यस बैंकको टौदह शाखा कार्यालयको खातावाला अम्बिका नगरकोटीको मिति २०८३/०४/०५ मा मृत्यु भएकाले मृतकको खाताको रकम भुक्तानी पाउँ भनी मृतकको छोरा दिनेश कुमार नगरकोटीले यस बैंकमा आवश्यक कागजात सहित निवेदन दिनु भएको हुँदा उक्त रकममा कसैको हक लाग्ने भएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा १११ बमोजिम निज निवेदक बाहेक अग्र-प्राथमिकतामा अन्य कुनै हकदार भएमा त्यस्ता हकदारले यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र स-प्रमाण यस बैंकमा हकदाबी गर्न यो सूचना प्रकाशित गरिएको छ । सो म्यादभित्र हकदाबी गर्न नआएमा निवेदकको निवेदन बमोजिम भईजाने व्यहोरा यसै सूचना मार्फत जानकारी गराईन्छ ।

लक्ष्मी सन्राइज बैंक लिमिटेड
Laxmi Sunrise Bank Limited
लक्ष्मी कम्प्लेक्स, हात्तीसार, काठमाडौं
फोन नं.: ५९७०६८४/४२१७०७०
Email: info@laxmisunrise.com
URL: www.laxmisunrise.com

निक्षेप उपर हकदाबी गर्ने सम्बन्धी ३५ दिने सूचना

भुवानी शर्मा पण्डितको नाति, माधव प्रसाद पण्डितको छोरा, लमजुङ जिल्ला, सुन्दरबजार न.पा. वडा नं. ६ बस्ने यस बैंकको सुन्दर बजार शाखा कार्यालयको खातावाला बिष्णु प्रसाद शर्मा पण्डितको मिति २०८२/१०/१२ मा मृत्यु भएकाले मृतकको खाताको रकम भुक्तानी पाउँ भनी मृतकको छोरा दिपक पण्डितले यस बैंकमा आवश्यक कागजात सहित निवेदन दिनु भएको हुँदा उक्त रकममा कसैको हक लाग्ने भएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा १११ बमोजिम निज निवेदक बाहेक अग्र-प्राथमिकतामा अन्य कुनै हकदार भएमा त्यस्ता हकदारले यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र स-प्रमाण यस बैंकमा हकदाबी गर्न यो सूचना प्रकाशित गरिएको छ । सो म्यादभित्र हकदाबी गर्न नआएमा निवेदकको निवेदन बमोजिम भईजाने व्यहोरा यसै सूचना मार्फत जानकारी गराईन्छ ।

लक्ष्मी सन्राइज बैंक लिमिटेड
Laxmi Sunrise Bank Limited
लक्ष्मी कम्प्लेक्स, हात्तीसार, काठमाडौं
फोन नं.: ५९७०६८४/४२१७०७०
Email: info@laxmisunrise.com
URL: www.laxmisunrise.com

निक्षेपउपर हकदावी गर्ने सम्बन्धी ३५ दिने सूचना

ङिमा तेन्जी शेर्पाको छोरा, युटी शेर्पाको पति, सोलुखुम्बु जिल्ला, सोताङ गाँउपालिका वडा नं. ०४ (साविक सोताङ गा. वि. स. वडा नं. ०६) बस्ने, यस बैंकको बौद्ध शाखाका खातावाला सार्की शेर्पाको मिति २०८३/०४/०७ मा मृत्यु भएकाले यस बैंकमा रहेको निजको बचत खाता नं. ०५७०२२०४३१४०००१९ र मुद्धती खाता नं. २८२०२२०४३१४०००७९ मा भएको रकम पाउँ भनी, निज खातावालाको पत्नी, सोलुखुम्बु जिल्ला, सोताङ गाँउपालिका वडा नं. ०४ बस्ने, युटी शेर्पाले आवश्यक कागजात सहित यस बैंकमा निवेदन दिनु भएको हुँदा उक्त खातावालाको नाममा रहेको निक्षेपमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा १११(२) बमोजिमको अग्रप्राथमिकतामा अन्य कुनै हकदार भएका भए त्यस्ता हकदारले यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतिस) दिनभित्र स-प्रमाण यस बैंकमा हकदावी गर्न यो सूचना प्रकाशित गरिएको छ । म्यादभित्र हकदावी गर्न नआएमा निवेदकको निवेदन बमोजिम भई जाने व्यहोरा समेत जानकारी गराईन्छ ।

PRABHU BANK
प्रभु बैंक लिमिटेड
शाखा कार्यालय : बौद्ध
फोन नं. ०१-४५६५८९३

धितोमा रहेको चल/अचल सम्पत्तिको गोप्य शिलबन्दी बोलपत्र मार्फत लिलाम बिक्रीको ७ दिने सूचना

प्रकाशित मिति : २०८३/०५/१६ गते

यस माछापुच्छ्रे बैंक लि. तपसिलमा उल्लेखित शाखा कार्यालयहरुबाट तपसिलमा उल्लेखित ऋणीहरुले आफ्नो उद्योग/व्यापार, व्यवसाय सञ्चालन गर्न लिनु भएको ऋण कर्जाको यस बैंकसँग गरेको सम्झौता बमोजिम समय समयमा तिर्न बुझाउनुपर्ने साँवा, ब्याज, पेनाल ब्याज तथा अन्य दस्तुर आदि चुक्ता भुक्तान गर्न पटक पटक मौखिक, लिखित तरताकेता गरिएको एवं विभिन्न राष्ट्रिय दैनिकमा ३५ दिने सूचना प्रकाशित गर्दा समेत नतिरी नबुझाई बैंकसंग गरेको ऋण कर्जा सम्बन्धी शर्त बन्देजहरु उल्लंघन गर्नु भएकोले तपसिल बमोजिमको सवारी साधन, जहाँ जे जस्तो अवस्थामा छ, सोही अवस्थामा प्रचलित कानूनले दिएको अधिकार प्रयोग गरी बैंक नियमानुसार लिलामद्वारा बिक्री गरिने भएको हुंदा उक्त सम्पत्ति खरिद गरी लिन इच्छुक व्यक्ति तथा संस्थाहरुले बोलपत्र फाराममा उल्लेखित शर्तहरुको अधिनमा रही आंफूले कबुल गरेको रकमको १० (दश) प्रतिशतका दरले हुने रकम धरौटी वापत जम्मा गरेको भौचर संलग्न गरी यो सूचना प्रकाशित भएको मितिले ७ (सातौं) दिन भित्र गोप्य शिलबन्दी बोलपत्र फारम रितपूर्वक भरी कार्यालय समयभित्र यस बैंकमा पेश गर्नुहुन आव्हान गरिन्छ । प्राप्त हुन आएका बोलपत्रहरु ८ (आठौं) दिन सोही स्थानमा खोलिने हुँदा तपसिलमा उल्लेखित मिति, समय र स्थानमा उपस्थित हुन समेत इच्छुक खरिदकर्ता/बोलपत्रवाला वा निजको आधिकारीक प्रतिनिधि, ऋणी तथा धितो/जमानी दिने तथा सम्बद्ध सबैलाई यसै सूचनाद्वारा सूचित गरिएकोछ । तर उक्त दिन निजहरु अनुपस्थित रहेमा पनि बोलपत्र खोल्न/धितो लिलामको प्रकृया गर्न कुनै बाधा पुग्नेछैन । सो तोकिएको दिन विदा परेमा त्यस पछिको लगतै बैंक खुलेको दिन १२:०० बजे सम्म कारोबार गरी सोही स्थानमा बोलपत्र खोलिनेछ । कुनैपनि अवस्थामा लिलाम प्रकृया रद्द गर्ने वा कारण खुलाई वा नखुलाई प्राप्त बोलपत्रहरु स्वीकृत गर्ने/नगर्ने वा रद्द गर्ने वा नेगोसियशन गर्ने वा बैंक आफैंले सकार गरिलिने समेत सम्पूर्ण अधिकार यस बैंकमा सुरक्षित रहनेछ । बोलपत्र फारम एक प्रतिको रु. १००० (फिर्ता नहुने गरी) तिरी खरिद गर्न सकिने गरी यस बैंकमा उपलब्ध छ । अन्य शर्तहरु बोलपत्र फारममा उल्लेख गरिए बमोजिम लागु हुनेछ । साथै कर्जा असुलीको कारवाही अन्तर्गत ऋणी, प्रोप्राईटर/सञ्चालक, तथा धितो/जमानी दिनुहुने सम्बद्ध सबैलाई कालोसूचीमा समावेश गरिने तथा सुरक्षणमा रहेको सम्पूर्ण धितो लिलाम बिक्री गर्दा पनि बैंकको सम्पूर्ण बक्यौता रकम असुल उपर नभएमा प्रचलित कानून बमोजिम कारबाही गरी असुल उपर गरी लिइने व्यहोरा ऋणी तथा सरोकारवालाहरु सबैलाई यसै सूचनाद्वारा जानकारी गराईन्छ । धितोसुरक्षणमा रहेको सम्पत्ति लिलाम बिक्री गरिने उपरोक्त व्यहोरा अनुरोध गर्दै सूचनाको म्यादभित्र धनी बैंकमा सम्पर्क राखी यथाशिघ्र कर्जा भुक्तानी गरी गराई आफ्नो सम्पत्तिको उचित संरक्षण गर्न गराउन हुन समेत विशेष अनुरोध गरिएको छ ।

तपसिल

शाखा कार्यालय : बर्दिबास

ऋणीको नाम, ठेगाना

नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, वाणिज्य विभाग, घरेलु तथा साना उद्योग कार्यालय, महोत्तरीमा प्राईभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ बमोजिम दर्ता कायम भएको **फिफा शु संसार ।**
दर्ता नं. ६११/११४/०६५/०६६, दर्ता मिति : २०६५/०९/२६, पान नं. ३०३२४३५१३, दर्ता मिति : २०७१/०७/२४
ठेगाना : महोत्तरी जिल्ला, बर्दिवास न.पा./गा.पा. वडा नं. १, **प्रोप्राईटर : रामबाबु महतो**

व्यक्तिगत जमानतकर्ताहरू

१. रामबाबु महतो	२. सोभित कुमारी कुशवाहा
ना.प्र.नं. १८३०७४/२२६, जि.प्र.का. महोत्तरी	ना.प्र.नं. १८३०७३/६१४, जि.प्र.का. महोत्तरी
जारी मिति : २०६३/११/१६	जारी मिति : २०६३/१०/०६
बाबु : शिव शंकर महतो	बाबु : उतिमलाल महतो, पति : रामबाबु महतो, ससुरा : शिव शंकर महतो
बाजे : काली चरण महतो	ठेगाना : महोत्तरी जिल्ला, किसाननगर वडा नं. ४
ठेगाना : महोत्तरी जिल्ला, बर्दिवास वडा नं. १४	हाल : महोत्तरी जिल्ला, बर्दिवास वडा नं. १४

धितोमा रहेको सम्पत्तिको विवरण

१. शिव शंकर महतोको बुहारी, राम बाबु महतोको पत्नी, महोत्तरी जिल्ला, किसाननगर वडा नं. ४ स्थायी ठेगाना भई हाल महोत्तरी जिल्ला, बर्दिवास वडा नं. १४ बस्ने सोभित कुमारी कुशवाहाको नाममा भूमि प्रशासन कार्यालय बर्दिवास, महोत्तरीमा दर्ता कायम रहेको महोत्तरी जिल्ला, २५ नं. बहादुरगञ्ज गा.वि.स./न.पा. वडा नं. ५ स्थित कि.नं. १३४३ को क्षेत्रफल ०-०-१५-० (बि.क.धु.क.), किसाननगर गा.वि.स./न.पा. वडा नं. ५ स्थित कि.नं. ३६ को क्षेत्रफल ०-४-१-० (बि.क.धु.क.), २५ नं. बहादुरगञ्ज गा.वि.स./न.पा. वडा नं. ३ स्थित कि.नं. ७०९९ को क्षेत्रफल ०-१-०-० (बि.क.धु.क.), भंगाहा गा.वि.स./न.पा. वडा नं. ४ स्थित कि.नं. ७४४ को क्षेत्रफल ०-३-५-० (बि.क.धु.क.) र किसाननगर गा.वि.स./न.पा. वडा नं. ३ स्थित कि.नं. १८४ को क्षेत्रफल ०-३-७.५-० (बि.क.धु.क.) बमोजिमको जग्गा तथा उक्त जग्गामा निर्मित सम्पूर्ण लिगलगापात समेत ।
२. ऋणी फिफा शु संसारले बैंकलाई लेखिदिएको मौज्दात तथा चल सम्पत्तिको धितो सम्बन्धी सम्झौता (Hypothecation Agreement) बमोजिमको सम्पत्ति र हक हस्तान्तरण सम्बन्धी सम्झौता पत्र (Assignment Agreement) बमोजिम भुक्तानी प्राप्त गर्ने रकमहरु ।

शाखा कार्यालय : कन्चनरुप

ऋणीको नाम, ठेगाना

१. प्रदेश सरकार, प्रदेश नं. २ नेपाल, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, घरेलु तथा साना उद्योग कार्यालयमा प्राईभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ बमोजिम दर्ता कायम भएको **बैजु ट्रेडर्स एण्ड सप्लायर्स ।**
दर्ता नं. ७४८८/०७६/०७७, दर्ता मिति : २०७६/०८/०३, पान नं. ६१०५६२९७८, दर्ता मिति : २०७६/०१/१०
ठेगाना : सप्तरी जिल्ला, हनुमाननगर कंकालिनी न.पा. वडा नं. १, **प्रोप्राईटर : बैजु कुमार मण्डल**

व्यक्तिगत जमानतकर्ताहरू

१. बैजु कुमार मण्डल	२. शान्ती देवी मण्डल
ना.प्र.नं. १६२०२३/२७८, जि.प्र.का. सप्तरी	ना.प्र.नं. ६०६७, जि.प्र.का. सप्तरी
जारी मिति : २०६८/०७/१७	जारी मिति : २०५६/०२/१९
बाबु : जगत कुमार मंडल	बाबु : युगल किशोर मण्डल
बाजे : रामदेव मंडल	पति : जगत कुमार मंडल, ससुरा : रामदेव मंडल
ठेगाना : सप्तरी जिल्ला, मधवापुर गा.वि.स. वडा नं. ४	ठेगाना : सप्तरी जिल्ला, मधवापुर गा.वि.स. वडा नं. ४
३. रामदेव मंडल	**४. जगत कुमार मंडल**
ना.प्र.नं. ५६३४, जि.प्र.का. सप्तरी	ना.प्र.नं. ५६२४५४६८, जि.प्र.का. सप्तरी
जारी मिति : २०३५/१२/२६	जारी मिति : २०५२/०७/२८
बाबु : माधो मंडल	बाबु : रामदेव मंडल
बाजे : गोखुल मंडल	बाजे : माधो मंडल
ठेगाना : सप्तरी जिल्ला, मधवापुर गा.वि.स. वडा नं. ३	ठेगाना : सप्तरी जिल्ला, मधवापुर गा.वि.स. वडा नं. ४

धितोमा रहेको सम्पत्तिको विवरण

१. रामदेव मंडलको नाति, जगत कुमार मंडलको छोरा, सप्तरी जिल्ला, मधवापुर गा.वि.स. वडा नं. ४ बस्ने बैजु कुमार मण्डलको नाममा भूमि प्रशासन कार्यालय राजविराज, सप्तरीमा दर्ता कायम भएको सप्तरी जिल्ला, माहादेवा गा.वि.स. वडा नं. ६ ख स्थित कि.नं. ६४१ को क्षेत्रफल ०-५-०-० (बि.क.धु.क.) बमोजिमको जग्गा तथा उक्त जग्गामा निर्मित सम्पूर्ण लिगलगापात समेत ।
२. गोखुल मंडलको नाति, माधो मंडलको छोरा, सप्तरी जिल्ला, मधवापुर गा.वि.स. वडा नं. ३ बस्ने रामदेव मंडलको नाममा भूमि प्रशासन कार्यालय कंचनपुर, सप्तरीमा दर्ता कायम भएको सप्तरी जिल्ला, मधुवापुर गा.वि.स. वडा नं. ४ स्थित कि.नं. ८६६ को क्षेत्रफल ०-३-०-० (बि.क.धु.क.) बमोजिमको जग्गा तथा उक्त जग्गामा निर्मित सम्पूर्ण लिगलगापात समेत ।
३. ऋणी बैजु ट्रेडर्स एण्ड सप्लायर्सले बैंकलाई लेखिदिएको मौज्दात तथा चल सम्पत्तिको धितो सम्बन्धी सम्झौता (Hypothecation Agreement) बमोजिमको सम्पत्तिहरु र हक हस्तान्तरण सम्बन्धी सम्झौतापत्र (Assignment Agreement) बमोजिम भुक्तानी प्राप्त गर्ने रकमहरु ।

ऋणीको नाम, ठेगाना

२. नेपाल सरकार, वाणिज्य तथा आपूर्ति मन्त्रालय, वाणिज्य विभाग, घरेलु तथा साना उद्योग कार्यालयमा प्राइभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ बमोजिम दर्ता कायम भएको **कंचन पुस्तक भण्डार ।**
दर्ता नं. १७९८/०६६/६७, दर्ता मिति : २०६६/१२/०६, पान नं. ३००५२९०६५, दर्ता मिति : २०५२/०८/०३
ठेगाना : सप्तरी जिल्ला, कंचनपुर गा.वि.स. वडा नं. ६, हाल : सप्तरी जिल्ला, कंचनरुप न.पा. वडा नं. ८
प्रोप्राईटर : पुनम कुमारी गुप्ता

व्यक्तिगत जमानतकर्ताहरू

१. नाम : पुनम कुमारी गुप्ता	२. बैजु प्रसाद गुप्ता
ना.प्र.नं. ३९६९२६२६, जि.प्र.का. धनुषा	ना.प्र.नं. ९५५३३९००, जि.प्र.का. सप्तरी
जारी मिति : २०५०/१०/२६	जारी मिति : २०४६/०९/२२
बाबु : योगेन्द्र साह रौनियार	बाबु : छेदन साहु रौनियार
पति : बैजु प्रसाद गुप्ता, ससुरा : छेदन साहु रौनियार	बाजे : धन्पती साहु रौनियार
ठेगाना : धनुषा जिल्ला, जनकपुर वडा नं. ३	ठेगाना : सप्तरी जिल्ला, बरमझिया गा.वि.स. वडा नं. ६

३. अभिषेक गुप्ता
ना.प्र.नं. १६-०२-७७-००६८०, जि.प्र.का. सप्तरी, जारी मिति : २०७७/०६/१४
बाबु : बैजु प्रसाद गुप्ता, बाजे : छेदन साहु रौनियार
ठेगाना : सप्तरी जिल्ला, कन्चनरुप न.पा. वडा नं. ८

धितोमा रहेको सम्पत्तिको विवरण

१. छेदन साहु रौनियारको बुहारी, बैजु प्रसाद गुप्ताको पत्नी, धनुषा जिल्ला, जनकपुर वडा नं. ३ बस्ने पुनम कुमारी गुप्ताको नाममा भूमि प्रशासन कार्यालय कंचनपुर, सप्तरीमा दर्ता कायम भएको सप्तरी जिल्ला, कंचनपुर गा.वि.स. वडा नं. ७ स्थित कि.नं. ३५२ को क्षेत्रफल ०-१-० (बि.क.धु) बमोजिमको जग्गा तथा उक्त जग्गामा निर्मित सम्पूर्ण लिगलगापात समेत ।
२. ऋणी कंचन पुस्तक भण्डारले बैंकलाई लेखिदिएको मौज्दात तथा चल सम्पत्तिको धितो सम्बन्धी सम्झौता (Hypothecation Agreement) बमोजिमको सम्पत्ति र हक हस्तान्तरण सम्बन्धी सम्झौता पत्र (Assignment Agreement) बमोजिम भुक्तानी प्राप्त गर्ने रकमहरु ।

लिलाम बिक्रीको शर्त तथा बन्देजहरू

१. बोलपत्र फारम यस बैंकबाट कार्यालय समयभित्र रु. १०००/- (फिर्ता नहुने) तिरी प्राप्त गर्न सकिनेछ ।
२. शिलबन्दी बोलपत्र यो सूचनामा तोकिए बमोजिमको मिति, स्थान र समयमा प्राप्त भइसक्नु पर्नेछ । म्याद नाघि वा रित नपुगी आएको तथा शर्त सहितको बोलपत्र उपर कुनै कारवाही गरिने छैन ।
३. बोलपत्र बुझाउने अन्तिम दिन/खोल्ने दिन बैंक विदा परेमा विदाको लगतै बैंक खुलेको दिनमा बोलपत्र बुझाउन/खोल्न सकिनेछ । सो तोकिए अनुसारको दिन विदा परेमा त्यसपछिको लगतै बैंक खुलेको दिन दिउँसो ठीक १२:०० बजे सम्ममा कारोबार गरी बोलपत्र खोल्न सकिनेछ ।
४. बोलपत्रमा आफुले सकार गरिलिन चाहेको सम्पत्तिको विवरण खुलाई के कति रकममा सकार गरी लिन चाहेको हो अंक तथा अक्षरमा स्पष्ट रुपमा लेखिएको हुनुपर्नेछ ।
५. बोलपत्रमा आफुले कबोल गरेको रकमको १० प्रतिशतले हुन आउने बराबर धरौटी रकम यस बैंकको नाममा खिचिएको ड्राफ्ट/नगद जम्मा बैंक भौचर/गुडफर पेमेन्ट चेक/“क” वर्गको बैंकबाट जारी गरिएको बैंक जमानत समेत शिलबन्दी बोलपत्र साथ समावेश गरी पेश गर्नुपर्नेछ ।
६. बढी रकम कबोल गर्नेको बोलपत्र स्वीकृत भएमा सो सूचनाको जानकारी दिएको ७ (सात) दिन भित्र बाँकी सम्पूर्ण रकम बुझाई उक्त सम्पत्ति आफ्नो नाममा नामसारी गर्ने प्रकृया अगाडि बढाउनुपर्नेछ । उक्त बाँकी रकम तोकिएको समयमा नबुझाएमा धरौटी वापत रहेको १० प्रतिशत रकम स्वत: जफत हुनेछ ।
७. कुनैपनि अवस्थामा लिलाम प्रकृया रद्द गर्ने वा बोलपत्र स्वीकृत गर्ने/नगर्ने वा नेगोशियसन गर्ने सम्पूर्ण अधिकार बैंकमा सुरक्षित रहनेछ ।
८. इच्छुक खरिदकर्ताले खरिद गर्न चाहेको सम्पत्ति जहाँ जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्था र परिमाणमा खरिद गर्नुपर्नेछ । लिलाम बिक्री हुने सम्पत्ति र अन्य कुरा बुझ्न हेर्न वा स्थलगत निरीक्षण गर्न चाहनु हुने महानुभावहरुले यस बैंकमा कार्यालय समय भित्र सम्पर्क राख्न सक्नुहुनेछ ।
९. बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ५७ को उपदफा (७/८) अनुसार लिलाम बिक्री गर्दा कसैले नसकारेमा वा बोलकबोल गरेको रकम बैंकलाई चित्त बुझ्दो नभएमा प्रचलित ऐन कानून तथा आफ्नो नियम अनुसार बैंकले उक्त सम्पत्ति सकार गरी स्वामित्व आफुमा लिन/अधिनमा राख्न सक्नेछ ।
१०. उक्त लिलाममा राखेको सम्पत्तिको स्वामित्व हस्तान्तरण गर्दा लाग्ने नेपाल सरकारको दस्तुर, रजिष्ट्रेशन दस्तुर, सम्पत्ति कर, स्थानिय कर र धारा/विजुली शुल्क (बाँकी बक्यौता समेत) सम्पूर्ण दायित्व आदि सकार गर्ने व्यक्ति वा पार्टी आफैले तिर्नुपर्नेछ ।
११. उल्लेखित सम्पत्ति लिइसकेपछि सोको सम्पूर्ण जवाफदेही स्वयं खरिदकर्ताको हुनेछ । धनी बैंकसँग पछि कुनै कैफियत देखाउन वा दावी गर्न पाईने छैन ।
१२. लिलाम बोलकबोल गरेको रकम वा धरौटी वापत बुझाएको रकममा कुनै ब्याज प्रदान गरिने छैन । साथै लिलाम सदर/बदरको निर्णय नभएसम्म धरौटी रकम फिर्ता माग गर्न पाइने छैन ।
१३. शिलबन्दी बोलपत्र यस बैंकले उपलब्ध गराए बमोजिमको तोकिदिएको ढाँचामा पेश गर्नुपर्नेछ । साथै बोलपत्र सम्बन्धी अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख गरिए बमोजिम हुनेछ ।

पुनश्च : उल्लेखित धितो लेखिदिएको सम्पत्ति लिलाम बिक्री गर्दा वा बैंक आफैले सकार गर्दा साविकमा बैंकबाट भएको मूल्याङ्कन भन्दा कम मूल्यमा लिलाम बिक्री भयो वा उक्त सम्पत्तिको उचित मूल्य प्राप्त नभै कम मूल्यमा लिलाम बिक्री भयो वा बैंक आफैले सकार गरी लियो भनी कहि कतै उजुरवाजुर गर्न पाउनुहुने छैन ।

बोलपत्र पेश गर्ने अन्तिम मिति, समय र स्थान :	बोलपत्र खोलिने मिति, समय र स्थान :
२०८३/०५/२२ सोमबार कार्यालय समय सम्म	२०८३/०५/२३ मंगलबार दिनको ३:३० बजे
सम्बन्धित शाखा कार्यालय	सम्बन्धित शाखा कार्यालय

माछापुच्छ्रे बैंक
सबल, उत्कृष्ट एवं बिस्तारित

रसुवाको विपद्मा राज्यको सारथि बन्दै सुनसरी मोरङ औद्योगिक करिडोर

एकैदिन प्रधानमन्त्री राहत कोषका लागि अर्थमन्त्रीमार्फत दाताले दिए ६० करोड

■ आर्थिक संवाददाता
विराटनगर भदौ १५

सुनसरी मोरङ औद्योगिक करिडोरका निजी क्षेत्रले रसुवा बाढी प्रभावितहरुको उद्धार, राहत तथा पुनःस्थापनाका लागि सहयोग जुटाउन थालेको छ ।

रसुवाको भोटेकोशी नदीमा केही दिन अगाडी आएको विनाशकारी बाढीपछि उद्योगी-व्यवसायीले खाद्यान्न, आर्थिक सहयोगलगायतका सामग्री सरकारलाई उपलब्ध गराउन थालेका छन् । गत भदौ १० गते भोटेकोशी नदीमा आएको बाढीले रसुवामा ठूलो जनधनको क्षति पुऱ्याएको थियो । सयौँको ज्यान गएको छ भने कैयौँ बेपत्ता भएका छन् । हजारौँ परिवार विस्थापित भएको छ । सडक, पुल, व्यापारिक केन्द्र तथा अन्य भौतिक संरचना क्षतिग्रस्त भएपछि उद्धार तथा राहत व्यवस्थापनमा सरकारमाथि दबाब परेको छ । यही अवस्थामा सुनसरी मोरङ औद्योगिक करिडोरका निजी क्षेत्रले आफ्नो स्रोत र साधन परिचालन गरी राज्यको राहत संयन्त्रलाई सहयोग गर्दै प्रधानमन्त्री दैवी प्रकोप उद्धार तथा राहत कोषमा रकम जम्मा गर्न थालेका हुन् । साथै केही उद्योगीहरुले खाद्यान्नलगायतका सामग्री उपलब्ध गराएका छन् ।



कोशी प्रदेशबाट व्यवसायी तथा उद्योगीहरुको प्रतिनिधित्व गर्ने नेपाल उद्योग वाणिज्य महासङ्घ कोशीका अध्यक्ष राजेन्द्र राउतले व्यक्तिगत रुपमा ११ लाख रूपैयाँ प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा सहयोग गरेका छन् । यस्तै एमएम ग्रुपका निर्देशक सुयश प्याकुरेलले १० लाख रूपैयाँ, उद्योग संगठन मोरङले १५ लाख रूपैयाँ सहयोग गरेका छन् भने नेपाल उद्योग परिसङ्घ कोशीका तर्फबाट ६० लाख मुल्य बराबरको खाद्यान्न सहयोग गर्ने घोषणा गरिएको छ । रसुवा बाढीबाट प्रभावित परिवारलाई तत्काल राहत उपलब्ध गराउन सुनसरी मोरङ औद्योगिक करिडोरका उद्योगी-व्यवसायीले खाद्यान्न, लत्ताकपडा, अस्थायी आवास तथा अन्य अत्यावश्यक सामग्रीको व्यवस्थापनमा समेत सहयोग गर्न कोशी प्रदेशभरीका उद्योगी तथा व्यवसायीलाई आह्वान नै गरेका छन् ।

बाढी पीडितलाई राहत स्वरुप करिडोरकै एसियन लेदर उद्योगका सञ्चालक हसन अन्सारीले २ लाख ५१ हजार रूपैयाँ राहत कोषमा गरेका छन् । उद्योगी श्याम राठीले पनि राठी केबलमार्फत ११ लाख ५० हजार रूपैयाँ सहयोग गर्ने घोषणा गरेका छन् । निजी क्षेत्रले विपद्का बेला सहयोग गर्दै आए पनि राज्य र निजी क्षेत्रबीचको सम्बन्धलाई लिएर उद्योगीहरुमा केही असन्तुष्टि पनि देखिएको छ । उद्योगीहरुका अनुसार राज्यलाई आवश्यक पर्दा निजी क्षेत्रले सहयोग गर्दै आए पनि निजी क्षेत्र आफैं संकटमा पर्दा सरकारले अपेक्षित साथ नदिएको गुनासो उद्योगी तथा व्यवसायीले गर्ने गरेका छन् ।

सुनसरी-मोरङ औद्योगिक क्षेत्रमा हरेक वर्ष हुने डुबानका कारण उद्योगका कच्चा पदार्थ, तयारी वस्तु, मेसिन तथा पूर्वाधारमा क्षति पुग्दै आएको उद्योगी-व्यवसायीहरु बताउँछन् । यस्तो क्षतिमा राज्यबाट पर्याप्त राहत तथा नीतिगत सहयोग नपाउने गरेको उनीहरु गुनासो छ । उद्योगी-व्यवसायीका अनुसार निजी क्षेत्रमाथि राज्यको ध्यान केवल कर असुली, अनुगमन र नियमनमा सीमित हुँदा संकटका बेला उद्योग-व्यवसाय थप जोखिममा पर्ने गरेको छ । सुनसरी-मोरङ औद्योगिक क्षेत्रका उद्योगीले विपद्का बेला राज्यबाट पर्याप्त सहयोग र नीतिगत सहजीकरण आवश्यक रहेको बताएका छन् ।

गत साउनको दोस्रो साता विराटनगरका उद्योगी प्रकाश मुन्दडाको घरमा प्रहरीले अपुष्ट सूचनाका आधारमा ठूलो संख्यामा सुरक्षाकर्मी परिचालन गरी करिब पाँच घण्टा छापा मारेको घटनाले पनि करिडोरका उद्योगीहरुमा असन्तुष्टि बढाएको जानकारहरुले बताएका छन् । आखिर उद्योगी मुन्दडाको घरमा भएको प्रहरीको छापा प्रकरणले केवल प्रहरीलाई आत्मासन्तुष्टि मात्रै भएको उद्योगी एवं व्यवसायीहरुको मनाइ छ । उद्योगी-व्यवसायीले राज्यले निजी क्षेत्रलाई विपद्का बेला मात्र सहयोग माग्ने नभई उद्योग-व्यवसाय सञ्चालनका क्रममा आइपर्ने जोखिम र समस्यामा पनि आवश्यक सहयोग तथा सहजीकरण गर्नुपर्ने बताउन थालेका छन् । उनीहरुका अनुसार निजी क्षेत्रले रोजगारी र राजस्वमार्फत राज्यलाई ठूलो योगदान दिँदै आएको छ । विपद्का बेला निजी क्षेत्रले सरकारलाई सहयोग गर्दै आए पनि निजी क्षेत्र आफैं संकटमा पर्दा राज्यबाट पनि आवश्यक साथ र संरक्षण पाउनुपर्ने कुरा सुनसरी मोरङ औद्योगिक करिडोरका उद्योगी-व्यवसायीले बताउन थालेका छन् ।



■ आर्थिक संवाददाता
काठमाडौं, भदौ १५

रसुवाका बाढीपीडितका प्रभावितको सहयोगका लागि प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा सोमबार एकैदिन ६० करोड २ लाख रूपैयाँ संकलन भएको छ ।

अर्थमन्त्री डा. स्वर्णिम वाग्लेलाई चेक हस्तान्तरण गर्दै विभिन्न ८३ वटा उद्योगी तथा व्यापारिक समूह र परोपकारी व्यक्तिहरुले उक्त रकम सरकारलाई उपलब्ध गराएका हुन् । कोषका लागि अर्थ मन्त्रालयमार्फत भौतिक रुपमा सहयोग रकम संकलन गर्न सरकारले भदौ ११ गतेदेखि सुरू गरेको थियो । त्यसयताकै सबैभन्दा धेरै रकम सोमबार अर्थ मन्त्रालयमार्फत प्राप्त भएको हो । अर्थमन्त्री डा. स्वर्णिम वाग्ले र निमित्त अर्थसचिव उत्तर खत्रीमार्फत दाताहरुले हस्तान्तरण गरेको चेकको कुल रकम ६० करोड २ लाख २० हजार १०६ रूपैयाँ ६२ पैसा रहेको छ । भदौ ११ गते २७ करोड ३३ लाख रूपैयाँ, भदौ १२ गते ३८ करोड ६० लाख ६४ हजार ३२४ रूपैयाँ, भदौ १४ गते ४ करोड ७९ लाख रूपैयाँ र २ लाख अमेरिकी डलर दाताहरुले अर्थमन्त्री डा. स्वर्णिम वाग्लेमार्फत चेक हस्तान्तरण गरेर उपलब्ध गराएका थिए ।

मन्त्रालयको तथ्यांकअनुसार चार दिनमा अर्थमन्त्रीमार्फत कुल १ अर्ब ३० करोड ७५ लाख ८ हजार ६६१ रूपैयाँ प्रधानमन्त्री राहत कोषमा जम्मा भएको छ । त्यसमध्ये ८० हजार रूपैयाँ नगद थियो भने बाँकी सबै एकाउन्ट पेयी चेक रहेका छन् । यस्तै, दुई लाख अमेरिकी डलरको चेक पनि मन्त्रालयमा प्राप्त भएको छ ।

मूल्यवृद्धि नगर्न व्यवसायीलाई अपिल

काठमाडौं, भदौ १५ । नेपाल चेम्बर अफ कमर्सले संयमित र जिम्मेवार भई व्यापार गर्न उद्योगी व्यवसायीलाई अपिल गरेको छ ।

चेम्बरले सोमबार विज्ञप्ति जारी गरी मर्यादित ढंगले व्यवसाय संचालन गर्न आग्रह गरेको हो । आगामी तीज, दशैं, तिहार, छठ, नेपाल संवत्, र मजानलगायतका प्रमुख चाडपर्व नजिकिँदै गर्दा बजारमा माग बढ्ने भएकाले आवश्यक वस्तुको नियमित आपूर्ति कायम राख्न, कृत्रिम अभाव तथा मूल्यवृद्धि नगर्न र उपभोक्ताको हितलाई प्राथमिकता दिन आग्रह गरेको छ । हालैको बाढीबाट ठूलो जनधनको क्षति हुनुका साथै यातायात, आपूर्ति प्रणाली, व्यापार-व्यवसाय र बजार व्यवस्थापनमा गम्भीर असर परेको चेम्बरले जनाएको छ । विशेषगरी उत्तरी रसुवागढी नाका प्रभावित हुँदा आयात-निर्यात तथा वस्तु आपूर्तिमा समेत अवरोध सिर्जना भएको अवस्थामा आगामी चाडपर्वलाई ध्यानमा र ख्याल बजारलाई सहज, व्यवस्थित र मर्यादित रुपमा सञ्चालन गर्नुपर्नेमा चेम्बरले जोड दिएको छ । उद्योगी, व्यवसायी, आयातकर्ता, वितरक, थोक तथा खुद्रा व्यवसायीलाई आफ्नो व्यावसायिक गतिविधि जिम्मेवारीपूर्वक सञ्चालन गर्न आग्रह गर्दै चेम्बरले अवरुद्ध राजमार्गका विकल्पमा वैकल्पिक आपूर्ति मार्गको प्रयोग, पर्याप्त भण्डारण तथा प्रभावकारी वितरण प्रणालीको व्यवस्थापन गर्नुपर्नेमा समेत जोड दिएको छ । आवश्यक वस्तुको आपूर्ति अवरुद्ध हुन नदिन निजी क्षेत्रले संयुक्त रुपमा पूर्वतयारी गर्नुपर्नेमा चेम्बरले जोड दिएको छ । विपद्को कठिन परिस्थितिमा व्यवसायीले नाफाभन्दा माथि उठेर सामाजिक जिम्मेवारी निर्वाह गर्नुपर्ने, सरकारले नियन्त्रणभन्दा माथि उठेर सहजीकरण गर्नुपर्ने र उपभोक्ताले अनावश्यक सञ्चय तथा त्रासबाट मुक्त भएर संयमता अपनाउनुपर्ने चेम्बरले उल्लेख गरेको छ ।

विपद्ले सिर्जना गरेको असहज अवस्थालाई कसैले पनि अनुचित व्यापारिक लाभ लिने माध्यम बनाउन नहुने चेम्बरको भनाइ छ ।

सुदूरपश्चिमका चार अस्पताललाई शिक्षण अस्पतालका रूपमा प्रयोग गरिने

■ आर्थिक संवाददाता
सुदूरपश्चिम, भदौ १५

सुदूरपश्चिमका चार अस्पताललाई शिक्षण अस्पतालका रुपमा प्रयोग गरिने भएको छ ।

सुदूरपश्चिम प्रदेश सरकार र सहिद दशरथ चन्द स्वास्थ्य विज्ञान विश्वविद्यालयबीच चार प्रादेशिक अस्पताललाई २० वर्षसम्म शिक्षण अस्पतालका रुपमा प्रयोग गर्ने सहमति भएको हो । धनगढीमा सोमबार आयोजित एक कार्यक्रममा प्रदेशका सामाजिक विकासमन्त्री सन्तोष शर्मा थापा र विश्वविद्यालयका उपकुलपति प्राडा सुनिलकुमार जोशीको उपस्थितिमा सम्झौतापत्रमा हस्ताक्षर गरिएको हो । सम्झौतामा सेती प्रादेशिक अस्पतालका प्रमुख डा. हेमराज पाण्डे, महाकाली प्रादेशिक अस्पतालका प्रमुख डा. जगदीश जोशी, टीकापुर अस्पतालका प्रमुख डा. रेमकुमार राई र लम्कीचुहा प्रादेशिक अस्पतालका निमित्त प्रमुख डा. कमलेशप्रसाद यादवको रोहबरमा मन्त्रालयका तर्फबाट निमित्त प्रदेश सचिव डा. नीरज अर्याल र विश्वविद्यालयका तर्फबाट रजिस्ट्रार डा. भीमबहादुर चन्दले हस्ताक्षर गरेका छन् ।

सम्झौताअनुसार सेती प्रादेशिक अस्पताल, महाकाली प्रादेशिक अस्पताल, टीकापुर अस्पताल र लम्कीचुहा प्रादेशिक अस्पताललाई विश्वविद्यालयको शिक्षण अस्पतालका रुपमा प्रयोग गरिनेछ । चिकित्सा शिक्षा आयोगबाट सञ्चालन स्वीकृति प्राप्त एमबीबीएसलगायत स्नातक, स्नातकोत्तर तथा डीएम/एमसीएच र पीएचडी तहका स्वास्थ्य विज्ञानसम्बन्धी शैक्षिक कार्यक्रम सञ्चालनमा सहकार्य गर्ने उद्देश्यले सम्झदारी भएको विश्वविद्यालयका उपकुलपति प्राडा जोशीले बताए । सम्झौताअनुसार चारवटै अस्पताललाई शिक्षण अस्पतालका रुपमा मान्यता दिने र अस्पतालमा कार्यरत योग्य विशेषज्ञ चिकित्सक तथा स्वास्थ्यकर्मीमध्ये आवश्यकताअनुसार विश्व विद्यालयको फ्याकल्टी पद प्रमाणित गरी शिक्षकको पदनाम प्रदान गर्न सक्नेछ । शैक्षिक तथा प्रयोगात्मक कार्यक्रमसमेत संलग्न शिक्षकलाई विश्वविद्यालयको नियमअनुसार पारिश्रमिक तथा भत्ता उपलब्ध गराउने र अस्पतालमा कार्यरत शिक्षक तथा स्वास्थ्यकर्मीको क्षमता अभिवृद्धि तथा 'फ्याकल्टी डेभलपमेन्ट' कार्यक्रम सञ्चालन गर्ने जिम्मेवारी पनि विश्वविद्यालयको हुनेछ । विश्वविद्यालयले शैक्षिक गतिविधि सञ्चालन तथा गुणस्तरीय स्वास्थ्य सेवा प्रवाहका लागि अस्पताललाई उपलब्ध स्रोत-साधनको सीमामित्र आवश्यक आर्थिक तथा प्राविधिक सहयोग गर्नेछ ।

प्रदेशको सामाजिक विकास मन्त्रालयले विद्यार्थीको विलिनिकल पोस्टिङ, तालिम तथा अन्य शैक्षिक गतिविधिका लागि आवश्यक प्रशासनिक तथा व्यवस्थापकीय सहजीकरण गर्नेछ । अस्पतालमा कार्यरत दक्ष विशेषज्ञ चिकित्सक तथा सम्बन्धित स्वास्थ्यकर्मीलाई विश्वविद्यालयको नियम तथा नियामक निकायको मापदण्डअनुसार शिक्षकका रुपमा शैक्षिक कार्यक्रममा संलग्न गराउन आवश्यक समन्वयसमेत मन्त्रालयले गर्नेछ । यस्तै, शिक्षण अस्पतालका रुपमा अस्पतालको क्षमता अभिवृद्धि गर्न आवश्यक पूर्वाधार, जनशक्ति, उपकरण तथा अन्य स्रोतसाधन उपलब्ध गराउन पहल र समन्वय गर्ने जिम्मेवारीसमेत मन्त्रालयको हुनेछ । विश्वविद्यालय र अस्पतालबीच उत्पन्न हुन सक्ने शैक्षिक, प्रशासनिक, विलिनिकल तथा अनुसन्धानसम्बन्धी समस्या समाधानमा पनि मन्त्रालयले समन्वयकारी भूमिका निर्वाह गर्ने सम्झौतापत्रमा उल्लेख छ ।

शिक्षण अस्पतालका रुपमा प्रयोग हुने चारवटै अस्पतालले भने बहिरङ्ग सेवा (ओपीडी), आईपीडी, ओटी, सघन उपचारकक्ष (आईसीयू, एनआईसीयू, पीआईसीयू) र इमर्जेन्सीलगायत सबै विभागमा विश्वविद्यालयका विद्यार्थीलाई विलिनिकल अभ्यासका लागि स्थान र अवसर उपलब्ध गराउनुपर्नेछ । अस्पतालले विश्वविद्यालयको पाठ्यक्रम, निर्देशिका तथा मापदण्डअनुसार शैक्षिक कार्यक्रम र स्वास्थ्य सेवा प्रवाहको आन्तरिक व्यवस्थापन गर्नुपर्ने सम्झौतामा उल्लेख छ । विद्यार्थीलाई बिरामी परीक्षण, उपचार वा कुनै पनि चिकित्सकीय प्रक्रिया सम्बन्धित विषयका शिक्षक, विशेषज्ञ चिकित्सक वा तोकिएको स्वास्थ्यकर्मीको प्रत्यक्ष सुपरिवेक्षणमा मात्र गर्न दिइनेछ । विद्यार्थीको विलिनिकल पोस्टिङ तथा अन्य शैक्षिक गतिविधिका कारण अस्पतालको नियमित स्वास्थ्य सेवा प्रभावित नहुने गरी आवश्यक समन्वय र व्यवस्थापन गर्नुपर्ने व्यवस्था पनि सम्झौतामा छ । सम्झौताअनुसार विश्वविद्यालयले आवश्यकता हेरी आफ्ना विभागीय शिक्षकलाई अस्पतालभित्र वा अस्पतालबाहिरसमेत विद्यार्थीको पठनपाठनका लागि परिचालन गर्न सक्नेछ । अस्पतालबाहिर भन्नाले सुदूरपश्चिम प्रदेशभित्रका अन्य स्वास्थ्य संस्था वा समुदायमा विद्यार्थीलाई विलिनिकल पोस्टिङका लागि पठाउने अवस्थालाई भनिएको छ । प्रादेशिक अस्पताललाई शिक्षण अस्पतालका रुपमा प्रयोग गर्दा उपलब्ध नभएका प्रशासनिक तथा प्राविधिक स्रोतको व्यवस्थापन विश्वविद्यालय आफैंले गर्नुपर्नेछ । अस्पतालमा रहेका उपकरण तथा भौतिक पूर्वाधार विश्वविद्यालयले शैक्षिक प्रयोजनका लागि प्रयोग गर्न पाउनेछ ।



अस्पतालमा उपचाररत बिरामीको उपचार तथा सेवा प्रवाहसम्बन्धी अन्तिम विलिनिकल निर्णयको जिम्मेवारी भने अस्पतालले तोकेका सम्बन्धित विशेषज्ञ चिकित्सक तथा विलिनिकल टोलीमै रहनेछ । विश्वविद्यालयका विभागीय शिक्षकले शैक्षिक तथा प्रशिक्षण भूमिकामा संलग्न भए पनि औपचारिक विलिनिकल जिम्मेवारी नतोकिएको अवस्थामा आईसीयू, एनआईसीयू, पीआईसीयू, प्रसूति, शल्यक्रियालगायत क्रिटिकल क्षेत्रमा उपचारसम्बन्धी निर्णयमा प्रत्यक्ष हस्तक्षेप गर्न नपाउने सम्झौतामा उल्लेख छ । हाल सम्झौताको अवधि २० वर्ष रहने र आवश्यकताअनुसार अवधि नवीकरण गर्न सकिने उल्लेख छ । प्रदेश सरकारले समान प्रकृतिको आफ्नै शैक्षिक संस्था वा प्रतिष्ठानको शिक्षण अस्पताल सञ्चालन गर्ने अवस्था आएमा वा अन्य परिस्थिति उत्पन्न भएमा दुवै पक्षको सहमतिमा कम्तीमा एक वर्षअघि सूचना दिएर सम्झौता अन्त्य गर्न सकिनेछ । त्यसरी सम्झौता अन्त्य गर्दा अस्पतालमा अध्ययनरत विद्यार्थीलाई प्रतिकूल असर नपर्ने गरी प्रक्रिया अघि बढाउनुपर्ने सम्झौतामा उल्लेख छ ।

कार्यक्रममा सामाजिक विकासमन्त्री थापाले समग्रदारीले सुदूरपश्चिममा चिकित्सा शिक्षा विस्तारसँगै प्रदेशमै दक्ष स्वास्थ्य जनशक्ति उत्पादन, स्वास्थ्य सेवाको गुणस्तर सुधार तथा अनुसन्धानमुखी स्वास्थ्य प्रणाली विकासमा महत्वपूर्ण योगदान पुग्ने बताए । उनले यसै शैक्षिकसत्रबाट अध्ययन अध्यापन कार्य सुरु गर्न सम्पूर्ण तयारी गर्न पनि आग्रह गरे ।

लिक्विडेटर कार्यालयको हकदावी सम्बन्धी ३५ दिने सूचना

कम्पनी ऐन २०६३ बमोजिम मिति २०६८/९/२७ प्रा. लि.द.नं. ८९५९७ मा दर्ता भएको **महालक्ष्मी आल्मोनियम एण्ड ग्लास फेब्रिकेशन प्रा.लि.**को मिति २०८३/४/१ मा सम्पन्न विशेष साधारण सभाको विशेष निर्णयले कम्पनी ऐन २०६३ को दफा ५३६ बमोजिम स्वेच्छिक खारेजी लिखिवेसनमा लैजाने निर्णय भएकाले यस कम्पनी सँग कोही कसैलाई कुनै किसिमको लेनदेन वाँकी बक्यौता रहेको भए यो सुचना प्रकाशित भएको मितिले ३५ दिन भित्रमा निम्न लिखित लिक्विडेटरको कार्यलयमा हकदावी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सुचना जारी गरिएको छ ।

लिक्विडेटर :कृष्ण कुमार सापकोटा (इजाजत नं.५२६)
का.म.न.पा. २९, अनामनगर, काठमाण्डौं ।
सम्पर्क नं. ९८५११७३०४७

नेपाल सरकार
उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको
हकदाबी गर्न आउने बारेको सूचना

यस कार्यालयमा मिति २०७२-०७-२२ मा दर्ता भएको **ग्लोवल आई.टी. ग्राइभेट लिमिटेड** (प्रा.लि.नं. १४५६१३) नामक कम्पनीले दर्ता खारेज गरि पाउँ भनि यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीले कुनै तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित हक दावीको लागि ३५ दिन भित्र यस कार्यालयमा दावी गर्न आउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । तोकिएको म्याद भित्र हक दावी गर्न नआएमा उक्त कम्पनीको दर्ता नियमानुसार खारेज गरिनेछ ।

नेपाल सरकार
उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको
हकदाबी गर्न आउने बारेको सूचना

यस कार्यालयमा मिति २०८८-०४-३० मा दर्ता भएको **वल्ड वाइड वेब सर्भिस प्राइभेट लिमिटेड** (प्रा.लि.नं. ८५५९२) नामक कम्पनीले दर्ता खारेज गरि पाउँ भनि यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीले कुनै तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित हक दावीको लागि ३५ दिन भित्र यस कार्यालयमा दावी गर्न आउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । तोकिएको म्याद भित्र हक दावी गर्न नआएमा उक्त कम्पनीको दर्ता नियमानुसार खारेज गरिनेछ ।

ललितपुर महानगरपालिका १४ नं. वडा कार्यालयको सधियारको नाममा जारी १५ दिने सूचना

यस ललितपुर महानगरपालिका वडा नं. १४ साबिक ५ ज्ञ कि.नं. ६४१ को क्षे.फ. ०-३-०-० को जग्गामा ज.ध.बलान विहुल गाउँपालिका वडा नं. ४ सप्तरी बस्ने श्रीमती रचना कर्ण दतले नयाँ घर निर्माणका लागि नक्शा पास गर्न निवेदन पेश हुन् आएकोमा सधियारको नाममा २०८३/०४/२२ गते जारी भएको १५ दिने सूचना बुझाउन जाँदा उक्त कि.ज.को उत्तरतर्फको सधियार राधिका तामाङलाई भेट हुन नसकेकोले यो सूचना प्रकाशित भएको मितिले १५(पन्ध्र) दिन भित्र सम्बन्धित आफै वा कानुन बमोजिम वारिसले उक्त सुचना बमोजिम पिर मर्का, सन्धि सर्पन पर्ने भए यस कार्यालयमा सम्पर्क राख्नु हुन् सुचित गरिन्छ । तोकिएको म्याद भित्र सम्पर्क राख्न नआएमा कानुन बमोजिम नक्शा पास प्रकिया अगाडी बढी जाने व्यहोरा समेत जानकारी गराइन्छ ।

आर्थिक दैनिक प्रा.लि.द्वारा प्रकाशित । *अध्यक्ष* : प्रह्लाद रिजाल । एक्सप्रेस कलर प्रेस कं.बाट मुद्रित । *कार्यालय* : कुपण्डोल, ललितपुर । *फोन* : ०१-५९०२१३६, e-mail : aarthik.dainik@gmail.com । *सम्पादक* : रामप्रसाद पुडासैनी